वैशाख - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क २ | **२०७६, वैशाख १६-३१** | पूर्णाङ्क ६४४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखरेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १७ | इजलास नं. १० | ४ |
| इजलास नं. १ | १७ | इजलास नं. ११ | ४ |
| इजलास नं. २ | २ | इजलास नं. १२ | ९ |
| इजलास नं. ३ | १ | इजलास नं. १३ | ३ |
| इजलास नं. ४ | १३ | इजलास नं. १४ | ३ |
| इजलास नं. ५ | १२ | एकल इजलास | २ |
| इजलास नं. ६ | ४ | | |
| इजलास नं. ७ | ९ | | |
| इजलास नं. ८ | ४ | | |
| इजलास नं. ९ | ३ | जम्मा | २५ |
| जम्मा | ८२ | | |

कूल जम्मा ८२ + २५ = १०७

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, वैशाख – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

**वार्षिक ग्राहकसम्बन्धी सूचना**

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ७ |
| १. | उत्प्रेषण / परमादेश | हरिनारायण चौधरी वि. कोशी अञ्चल अस्पतालसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | टिकाबहादुर अचार्य वि. वन तथा भूसंरक्षण मन्त्रालय, सिंहदरबारसमेत | २ |
| ३. | उत्प्रेषण / परमादेश | विगुल यादव वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत | ३ |
| ४. | उत्प्रेषण / परमादेश | नवलकिशोर यादवसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत | ५ |
| ५. | उत्प्रेषण | भानीमैया शाक्य (भिक्षु) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ६ |
| इजलास नं. १ | | | ७ - २० |
| ६. | डाँका चोरी | नेपाल सरकार वि. भोजबहादुर थापा मगरसमेत | ७ |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अम्मरबहादुर रानासमेत | ८ |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धेश्वर ठाकुर | १० |
| ९. | कर्तव्य ज्यान | नारायण ढकाल वि. नेपाल सरकार | १० |
| १०. | अंश भरपाई लिखत बदर | मिठु श्रेष्ठसमेत वि. सुनामी श्रेष्ठको संरक्षक अन्जु श्रेष्ठ | १२ |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. माधवा पौडेलसमेत | १३ |
| १२. | बैंकिङ कसुर | नेपाल सरकार वि. श्याम पाण्डे | १३ |
| १३. | ज्यान मार्ने उद्योग र डाँका चोरी | नेपाल सरकार वि. दिलिप घर्ती मगरसमेत | १४ |
| १४. | हातहतियार खरखजाना | नेपाल सरकार वि. रहमत अली | १५ |
| १५. | कर्तव्य ज्यान | अजय गुरूङ वि. नेपाल सरकार | १६ |
| १६. | उत्प्रेषण | किशोर राई वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत | १७ |
| १७. | निषेधाज्ञा | उदयकृष्ण उपाध्याय वि. मैया विष्ट | १८ |
| १८. | उत्प्रेषण / परमादेश | मानभक्त महर्जन वि. मालपोत कार्यालय कलंकीसमेत | १९ |
| १९. | बन्दी प्रत्यक्षीकरण | विजय उप्रेती वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत | १९ |
| इजलास नं. २ | | | २० - २१ |
| २०. | अंश नामसारी | दिलीपकुमार गुप्ता वि. राधेश्याम गुप्तासमेत | २० |

| | | | |
|---|---|---|---|
| २१. | उत्प्रेषण | अर्जुनबहादुर कार्की वि. माधवकुमार पाण्डे | २० |
| **इजलास नं. ३** | | | २१ |
| २२. | उत्प्रेषण / परमादेश | शालिकराम प्रजापतिसमेत वि. मालपोत कार्यालय, कलंकी काठमाडौंसमेत | २१ |
| **इजलास नं. ४** | | | २१ – २८ |
| २३. | लिखत दर्ता बदर दर्ता | सूर्य गिरी वि. भीमनारायण गिरी | २१ |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यामबहादुर लिम्बूसमेत | २२ |
| २५. | बहुविवाह | चुनाकुमारी मगर वि. नेपाल सरकार | २२ |
| २६. | लिखत दर्ता बदर दर्ता | विमलादेवी कलवारीनसमेत वि. रूपेस साह कलवारसमेत | २३ |
| २७. | अंश दर्ता | गायत्रीदेवी साहसमेत वि. लक्ष्मणप्रसाद साहसमेत | २४ |
| २८. | उत्प्रेषण | श्रीचन्द्र अडिगा वि. काठमाडौं जिल्ला अदालतसमेत | २५ |
| २९. | मोही हक लगत कट्टा | इन्द्रबहादुर वनमाला वि. भैलबहादुर वनमाला | २५ |
| ३०. | उत्प्रेषण | पलट महतो वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत | २६ |
| ३१. | अंश चलन | सुर्जाकुमारी राजवंशीसमेत वि. भारती राजवंशीसमेत | २७ |
| ३२. | चेक अनादर | श्यामबहादुर श्रेष्ठ वि. महेन्द्र निर्मल दाहालसमेत | २७ |
| **इजलास नं. ५** | | | २८ - ३५ |
| ३३. | अंश | पदमबहादुर दाहालसमेत वि. कुलबहादुर दाहाल | २८ |
| ३४. | बहुविवाह | नेपाल सरकार वि. शेखरराज महतसमेत | २९ |
| ३५. | अंश दपोट | उमा शर्मा पराजुली वि. रामकुमारी पराजुली | २९ |
| ३६. | अंश चलन | सुशीला थापासमेत वि. गंगा थापा | ३० |
| ३७. | अंश चलन | हासिम धुनियासमेत वि. मन्नान धुनिया | ३१ |
| ३८. | उत्प्रेषण / परमादेश | रामशरण डंगोल वि. कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत | ३१ |
| ३९. | उत्प्रेषण | विश्वनाथ चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत | ३२ |
| ४०. | मोटर बीमा | केबल कृष्ण श्रेष्ठ वि. रंगिता प्रधान | ३३ |
| ४१. | उत्प्रेषण / परमादेश | साबित्रा थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| ४२. | उत्प्रेषण / परमादेश | ताराबहादुर रायमाझीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३४ |
| **इजलास नं. ६** | | | **३५ - ३८** |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्र.ज. बज्ररत्न बज्राचार्यसमेत | ३५ |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लोकजङ्ग शाही | ३६ |
| ४५. | निर्णय दर्ता बदर | कृष्णकाजी जोशी वि. पदमकुमारी मास्के | ३७ |
| ४६. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामचन्द्र सापकोटा | ३७ |
| **इजलास नं. ७** | | | **३८ - ४१** |
| ४७. | बन्दी प्रत्यक्षीकरण | नारायणप्रसाद भट्टराई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ३८ |
| ४८. | नक्सा विपरीत निर्माण गरेको घर भत्काई पाऊँ | केशव स्थापित वि. नम्रता प्रसाई (पौडेल) | ४० |
| **इजलास नं. ८** | | | **४१ - ४५** |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पुरनबहादुर कुँवरसमेत | ४१ |
| ५०. | शिक्षा दिक्षा, उपचार, खान लाउन खर्च भराइ पाऊँ | छोर्तेन तामाङ वि. छिरिङ तामाङ | ४३ |
| ५१. | कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. वीरेन्द्रप्रसाद कोइरीसमेत | ४४ |
| ५२. | लिलाम बदर, लिखत बदर, दर्ता बदर, दर्ता कायम | प्रदिपकुमार यादव वि. सुदामाकुमार यादवसमेत | ४५ |
| **इजलास नं. ९** | | | **४५ - ४७** |
| ५३. | उत्प्रेषण | शोभाकुमारी साह वि. शशिकला खड्कासमेत | ४५ |
| ५४. | उत्प्रेषण | नारायणी राना वि. ललितपुर जिल्ला अदालत, ललितपुर | ४६ |
| ५५. | उत्प्रेषण / परमादेश | अनुपमा सिं ठकुरीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | ४७ |
| **इजलास नं. १०** | | | **४८ - ५१** |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रभुप्रसाद साह कलवारसमेत | ४८ |

| | | | |
|---|---|---|---|
| ५७. | चोरी | जितबहादुर ढकाल वि. नेपाल सरकार (सैनिक अनुसन्धान समिति) | ४८ |
| ५८. | भ्रष्टाचार (अनियमितता) | नेपाल सरकार वि. छोटेलालप्रसाद साह तेलसमेत | ४९ |
| ५९. | उत्प्रेषण / प्रतिषेध / परमादेश | रमेश कवा वि. स्वास्थ्य मन्त्रालयसमेत | ५० |
| **इजलास नं. ११** | | | **५१ - ५३** |
| ६०. | अंश चलन | सोमा सोरेन सतार वि. चुनु सोरेनसमेत | ५१ |
| ६१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रजियादेवी यादवसमेत | ५२ |
| ६२. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सन्जोक श्रेष्ठसमेत | ५२ |
| **इजलास नं. १२** | | | **५३ - ५६** |
| ६३. | उत्प्रेषण | ताला मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत | ५३ |
| ६४. | जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ | मनैया थारूसमेत वि. मानबहादुर कामी | ५४ |
| ६५. | निर्णय दर्ता बदर हक कायम | शेरबहादुर महर्जन वि. बद्रीप्रसाद घिमिरेसमेत | ५५ |
| **इजलास नं. १३** | | | **५६ - ५८** |
| ६६. | पर्खाल भत्काई खिचोला चलन | बदरे आलम मुसलमान वि. रामचरण चमार | ५६ |
| ६७. | लेनदेन | अर्जुनकुमार थापा वि. भविश्वर गुरूङ | ५८ |
| **इजलास नं. १४** | | | **५८ - ५९** |
| ६८. | अंश | श्यामबालिका कुर्मी वि. चन्द्रशेखर कुर्मीसमेत | ५८ |
| **एकल इजलास** | | | **५९ - ६०** |
| ६९. | उत्प्रेषण | अधिवक्ता सन्तोष भण्डारी वि. संवैधानिक परिषद्समेत | ५९ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-०११३, उत्प्रेषण/परमादेश, *हरिनारायण चौधरी वि. कोशी अञ्चल अस्पतालसमेत*

उत्प्रेषणको आदेशले कुनै निर्णय बदर गर्न माग गरी अदालत प्रवेश गर्नेले कुन निकाय वा अधिकारीको कुन निर्णयले आफ्नो हक अधिकारमा आघात पुगेको हो सो स्पष्ट खुलाउन सक्नु पर्ने हुन्छ । कुनै निर्णय भएको भए बदर गरिपाउँ भनी अनुमानको आधारमा दायर भएको निवेदनमा उत्प्रेषणको आदेश जारी हुन सक्ने अवस्था नरहने ।

नेपाल सरकारबाट सञ्चालन भएका जुनसुकै निकायले नेपाल सरकारको लक्ष्य तथा उद्देश्यअनुरूपका कार्यहरू सुचारू रूपमा सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसमा पनि स्वास्थ्य जस्तो संवेदनशील विषयमा यो वा त्यो बहानामा कुनै कमी कमजोरी गर्ने छुट कसैलाई पनि हुँदैन । मानिसको स्वास्थ्य भनेको सबैभन्दा गम्भीर सरोकारको विषय हो । त्यस्तो गम्भीर र संवेदनशील विषयमा आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनु पर्ने ।

अस्पतालको सेवा प्रवाहमा आवश्यक पर्ने प्रयोगशाला, भौतिक उपकरणहरू समुचित व्यवस्था गरी समयमा मर्मत सम्भार गरी दुरूस्त राखी उचित सेवा प्रवाह गर्ने, प्रसूति सेवा प्रदान गर्ने अस्पतालमा नवजात शिशुको सुरक्षाको लागि आवश्यक पर्ने साधन उपकरण, नेपाल सरकारको नीतिबमोजिम बिमारीले निःशुल्क रूपमा अस्पतालबाट प्राप्त गर्ने औषधी सरल तरिकाले प्राप्त गर्ने व्यवस्था मिलाउने, अस्पतालबाट निस्कने फोहोर आदिको व्यवस्थापन गर्नेलगायतका विषयमा आवश्यक पर्ने रकम तथा उपकरणहरू सम्बन्धित निकायसँग समन्वय गरी समयमा व्यवस्था गर्नु अस्पतालको तथा अस्पताल विकास समितिको कर्तव्य हुन्छ । सोतर्फ अस्पतालले विशेष चासो दिनु पर्ने हुन्छ । कुनै बहानामा त्यस्ता कर्तव्यबाट अस्पताल प्रमुख तथा अस्पताल विकास समिति त्यस्तो दायित्वबाट पन्छिन नमिल्ने ।

अस्पतालबाट प्रदान गरिने चौबीस घण्टे सेवाको व्यवस्था अस्पतालमा उपलब्ध जनशक्ति, भौतिक पूर्वाधारसमेतमा भर पर्ने कुरा भएपनि उक्त सुविधा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनु अस्पताल तथा अस्पताल विकास समितिको दायित्व हो । कानूनले तोकेको दायित्व पूरा नगरेमा परमादेश जारी हुने अवस्था रहने ।

कोशी अञ्चल अस्पतालमा कार्यरत कतिपय चिकित्सकहरूले स्वास्थ्य मन्त्रालयबाट पूर्वस्वीकृति लिएको भन्ने अस्पतालबाट प्राप्त विवरणबाट देखिन्छ । त्यसरी लिएको स्वीकृतिको अर्थ जुनसुकै बखत निजी क्लिनिकमा काम गर्न स्वीकृति पाएको भन्ने हुँदैन । नेपाल सरकारको सेवामा काम गर्ने जुनसुकै तहको कर्मचारीले नेपाल सरकारले तोकेको समय तालिका अर्थात् बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म अनिवार्य रूपमा सरकारी सेवामा काम गर्नुपर्ने ।

सिद्धान्ततः सरकारको सेवामा रहेका कर्मचारीको सबै समय सरकारको हुन्छ । आवश्यक पर्दा कार्यालय, समयबाहेक पनि उसले सेवा गर्नुपर्ने हुन सक्छ । अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीलाई बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म काम गर्न लगाउनु अस्पताल प्रमुख तथा अस्पताल विकास समितिको कर्तव्य हो । स्वीकृति प्राप्त गरेको भन्ने बहानामा अस्पतालजस्तो संवेदनशील निकायको काम छाडेर आर्थिकोपार्जनको लागि कार्यालय समयमै निजी क्लिनिक तथा अस्पतालहरूमा काम गर्न जान कानूनतः मिल्ने हुँदैन । आफ्नो पदीय कर्तव्य पालन नगर्ने चिकित्सक तथा कर्मचारीलाई कारबाहीको दायरामा ल्याउनु सम्बन्धित निकाय तथा अधिकारीको दायित्व हुने ।

अस्पतालजस्तो संवेदनशील निकायको सेवा सुविधा प्रभावकारी छ वा छैन भन्ने सम्बन्धमा हेर्ने अनुगमन गर्ने तथा अस्पतालको सेवा सुविधालगायत

अस्पतालमा रहेका उपकरणहरू दुरूस्त राख्न लगाउनु अस्पताल, अस्पताल विकास समिति तथा अन्य सम्बन्धित निकायसमेतको कर्तव्यभित्र पर्न आउने।

अस्पताल विकास समितिमा जिल्लाका प्रमुख जिल्ला अधिकारीसमेत सदस्यको रूपमा रहेको देखिन्छ । यसका साथै जिल्लामा रहेका कतिपय सरकारी निकायहरूको अनुगमन गर्ने र कमी कमजोरी देखिएमा आवश्यक निर्देशन दिने अधिकार प्रमुख जिल्ला अधिकारीको रहेको पाइन्छ। अनुगमन तथा निरीक्षण गर्ने निकायले कुनै वास्ता नगरी बस्नु भनेको सेवा प्रवाहमा निजको समेत लापरबाही रहेको मानिने।

संविधानले नै आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त हुने भनी मौलिक हकको रूपमा व्यवस्था गरेको अवस्थामा अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य कर्मचारीले निजी क्लिनिक सञ्चालन गर्ने अनुमति लिएको भन्नेलगायतका बहानामा नेपाल सरकारले स्थापना गरेको अस्पतालको सेवालाई संकुचन गर्न मिल्ने नदेखिने।

विपक्षी कोशी अञ्चल अस्पताल, सो अस्पतालमा कार्यरत चिकित्सक कर्मचारी एवम् अन्य सम्बद्ध पदाधिकारी तथा निकायबाट नागरिकहरूले राष्ट्रिय स्वास्थ नीतिअनुरूप पाउनु पर्ने उपचारसम्बन्धी स्तरयुक्त स्वास्थ्य सेवा समयमा नै सुलभ तरिकाले पाउनु पर्ने हुन्छ । अस्पतालमा उपलब्ध स्रोत साधन एवम् जनशक्तिको भरपुर सदुपयोग गरी स्तरीय स्वास्थ्य उपचार सेवा उपलब्ध गराउनु उक्त अस्पतालमा कार्यरत चिकित्सक कर्मचारी एवम् अस्पताल विकास समितिका पदाधिकारीहरूको कर्तव्य हो । अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरूले तोकिएको समयसम्म काम गर्नु उनीहरूको कर्तव्य हो भने सोअनुरूप काम गराउने र अटेरी गरेमा कारबाही गर्नु अस्पताल प्रमुखको दायित्व हुने।

नेपाल सरकारले बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्मलाई अनिवार्य कार्यालय समय भनी निर्धारण गरेको र अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीले समेत उक्त समय अनिवार्य रूपमा अस्पतालमा काम गर्नुपर्ने हुन्छ । अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीले कुनै पनि बहानामा कार्यालय समय र सर्वसाधारणको बहिरङ्ग सेवामा कार्यरत चिकित्सक तथा कर्मचारीहरूको हकमा बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म अस्पतालबाहिर गई काम गर्न पूर्ण रूपमा रोक लगाउनु तथा अस्पतालमा रहेका उपकरणहरू दुरूस्त राख्नु, उपकरणहरू बिग्रिएको बहाना बनाई अस्पतालबाहिर निजी क्लिनिकमा सेवाग्राहीलाई महङ्गो शुल्क तिर्न बाध्य बनाउनेजस्ता कार्यको अन्त्य गर्नु गराउनु भनी कोशी अञ्चल अस्पताल प्रमुख तथा अस्पताल विकास समितिका नाममा निर्देशनात्मक आदेश जारी हुने।

अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरू कार्यालयमा नियमित रूपमा हाजिर भए नभएको, तोकिएको समयसम्म अस्पतालमा बसी तोकिएको जिम्मेवारीअनुसारको काम गरे नगरेको कुराको निरीक्षण एवम् अनुगमन गर्ने र आवश्यक निर्देशन दिने दायित्व अस्पताल प्रमुख र अस्पताल विकास समितिको सदस्य एवम् जिल्लाको प्रशासकीय प्रमुखको हैसियतले प्रमुख जिल्ला अधिकारीको समेत भएकाले सोबमोजिम गर्नु गराउनु भनी अस्पताल प्रमुख र अन्य सम्बद्ध अधिकारीहरूका निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल कात्तिक १४ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०४३८, उत्प्रेषण / परमादेश, *टिकाबहादुर आचार्य वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत*

नेपाल सरकारले निश्चित उद्देश्य प्राप्तिका लागि कानूनबमोजिम मनोनयन गरेका पदाधिकारीको नेपाल सरकारको नीति नियम र निर्देशनको पालना गरी काम गर्ने कर्तव्य हुन्छ । तोकिएको काम कारबाही सन्तोषजनक रूपमा नगरेमा मनोनयन गर्ने व्यक्ति वा निकायले तोकिएको अवधि पूरा नहुँदै हटाउन सक्दैन

भन्न मिल्दैन। तर, कानूनमा नै उल्लेख भएको पदावधि २ वर्षका लागि मनोनयन भइसकेका व्यक्तिको हकमा तोकिएको अवधिसम्म कानूनी हक सिर्जना भएको हुन्छ । यस्ता व्यक्तिलाई अवधि पूरा नहुँदै हटाउन निजहरूको के कस्तो कार्यका कारण हटाउनु परेको हो, सो बारेमा सफाइ पेस गर्ने मौका प्रदान गरी आधार कारण खोली हटाउनु पर्ने।

नेपाल सरकारको मन्त्रालय सञ्चालन गर्ने मन्त्रीस्तरको पदाधिकारीको जिम्मेवारीमा रही काम गर्ने व्यक्तिको कानूनको पालना गर्ने दायित्व सामान्य नागरिकको भन्दा गुरूत्तर हुन्छ । कानूनी हक सिर्जना भइसकेका निवेदकहरूलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको हो जान्न पाउने अधिकार रहन्छ । आफ्नो कानूनी अधिकारप्रतिकूल हुन लागेको निर्णयको जानकारी पाउनु सम्बन्धित व्यक्तिको नैसर्गिक अधिकार पनि हो । यस्तो शाश्वत जहाँसुकै अंगीकार गरिँदै आएको प्राकृतिक न्यायको सिद्धान्त मनोनयन हुने पदाधिकारीको हकमा लागू हुन सक्दैन भनी कल्पना गर्न नसकिने।

प्राकृतिक न्यायको यही शाश्वत सिद्धान्त र कानूनको स्पष्ट दिशानिर्देश तथा उल्लिखित कानूनी सिद्धान्तसमेतलाई मध्यनजर गरी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयले कानूनले तोकेको पदावधि समाप्त नहुँदै रौतहट जिल्ला वन पैदावर आपूर्ति समितिको सदस्य पदबाट निवेदकहरूलाई मिति २०७३।७।२४ मा हटाउने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर हुने।

प्राकृतिक न्यायको शाश्वत सिद्धान्त र कानूनको स्पष्ट दिशानिर्देशलाई ध्यानमा राखी प्रारम्भिक सुनुवाइको क्रममा यस अदालतबाट विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयले कानूनले तोकेको पदावधि समाप्त नहुँदै रौतहट जिल्ला वन पैदावर आपूर्ति समितिको सदस्य पदबाट निवेदकहरूलाई मिति २०७३।७।२४ मा हटाउने गरी भएको निर्णय कार्यान्वयन नगर्नु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी भइरहेकोले निवेदकहरूको बाँकी पदावधिलाई निरन्तरता दिनु भनी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ईश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असोज २२ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०५६१, उत्प्रेषण / परमादेश, *विगुल यादव वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

कर्मचारी प्रशासनमा एक कार्यालयमा कार्यरत कर्मचारीलाई सेवा समूह र पद मिल्ने सोही प्रकृतिको अर्को कार्यालयमा सरूवा गर्नु भनेको सामान्य र नियमित प्रक्रिया हो। यस्तो सरूवा गर्ने र हुने कार्यबाट सम्बन्धित कर्मचारीले धारण गरेको पद र निजले पाउने सेवा सुविधामा तल माथि हुँदैन । कर्मचारी पनि सामाजिक व्यक्ति भएकोले निजसँग आस्रित पिता, माता, श्रीमती छोराछोरीसमेतको पालनलालन, शिक्षा दिक्षासमेतमा निजले पारिवारिक दायित्व बहन गर्नुपर्ने।

छिटो छिटो सरूवा गर्दा कर्मचारीको मनोबलमा असर पुगी तोकिएको पदको कार्यसम्पादन हुन नसक्ने, भएको कार्यमा गुणस्तर कायम हुन नसक्नेसमेतका कमी कमजोरी रोक्न र कार्यरत कर्मचारीले बहन गर्नुपर्ने पारिवारिक दायित्वमा असुविधा पर्न जाने वास्तविकतालाई मध्यनजर राखी कार्यालयमा खटिएको कर्मचारीलाई न्यूनतम अवधि पूरा गरेपछि मात्र अर्को कार्यालयमा सरूवा गर्नुपर्ने कानूनी व्यवस्था सेवा समूहसम्बन्धी कानूनले गरेको हो । पारिवारिक उत्तरदायित्व व्यक्तिगत हो । जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने कुरा राष्ट्रप्रतिको उत्तरदायित्व हो । राष्ट्रिय दायित्व निर्वाह गर्ने कर्मचारीहरू सेवामा रहँदासम्म नेपाल सरकारको स्वास्थ्यसम्बन्धी नीति नियमभित्र रहेर नेपाल सरकार र अख्तियारप्राप्त अधिकारीको मातहतमा रही सेवा गर्नुपर्छ भन्ने प्रशासनिक मान्यता र कर्मचारी आचरणका विषयमा पनि अन्यथा सोच्न नसकिने।

(१) सरूवा जस्तो नियमित प्रक्रिया गर्दा नेपाल सरकार र सम्बन्धित अख्तियारवालालाई

सेवा समूहसम्बन्धी कानूनको पालना निरपेक्ष (Absolute) रूपमा गर्नुपर्छ भनी आदेश दिनु मनासिब नहुने।

(२) अख्तियारवालाले गरेको सरूवाको विषयमा सम्बन्धित कार्य प्रकृतिको सापेक्षतामा (Relatively) विचार गरी हेरिनु पर्छ । कर्मचारीलाई सरूवा गरिएको सम्बन्धमा सापेक्ष रूपमा हेरिएन भने कर्मचारी प्रशासन प्राविधिक हुन पुगी अख्तियारवाला र सम्बन्धित अधिकारप्राप्त अधिकारीको मातहतका कर्मचारीलाई कानूनको अधीनमा रही सरूवा गर्न पाउने अधिकार निष्प्रयोजन हुन पुगी सोको फलस्वरूप सक्षम राष्ट्र सेवकबाट छिटो छरितो र गुणस्तरीय सेवा पाउने जनताको अधिकार र अपेक्षामा आघात पुग्न जाने।

पुल दरबन्दी भनेको तत्कालको विशेष परिस्थितिलाई सम्बोधन गर्न अस्थायी रूपमा सिर्जना भएको दरबन्दी हो। विशेष रूपमा पुल दरबन्दी सिर्जना भएको कार्यालय पद र उक्त पुल दरबन्दीमा कार्यरत कर्मचारीको संख्याअनुसारको पद त्यस्तो कर्मचारी सरूवा भएको कार्यालयमा नहुँदैमा कर्मचारीको पद घट्ने, खाई पाई आएको तलब भत्ता र अन्य सेवा सुविधामा कमी हुन जाने हुँदैन। यस्ता पुल दरबन्दीमा रहेकाको जहाँ सरूवा हुन्छ सो कार्यालयमा निज रहेसम्म निजले धारण गरेको पद स्वतः सिर्जना हुन्छ। सकेसम्म पुल दरबन्दी सिर्जना भई पदस्थापन भएका कर्मचारीहरूलाई सोही प्रकृतिको पद र दरबन्दी सिर्जना भएको कार्यालयमा सरूवा गर्नु उचित र कानूनसम्मत हुन जान्छ। तर, सरूवा गर्दा यस्ता दरबन्दी रहेका कार्यालय र कार्यरत कर्मचारीको संख्या अर्थात् माग र आपूर्तिबीच मेल खान नसकी त्यस्तो पद नभएको कार्यालयमा सरूवा हुन गए पनि कर्मचारीले प्राप्त गरेको तह र सेवा सुविधामा कुनै असर कानूनतः नपर्ने हुँदा सरूवा भएको कार्यालयमा पदस्थापन भएको पदको दरबन्दी नभएकै आधारलाई गैरकानूनी सरूवा भन्न उचित हुँदैन। विशेष बढुवा र पुल दरबन्दी सिर्जना एवम् पदस्थापन कर्मचारीको समग्र वृत्ति विकासका लागि भएको र कर्मचारीले कानूनबमोजिम प्राप्त गरेको तहको पद र हैसियतमा सरूवाले कुनै प्रतिकूल असर पार्न नसक्ने हुँदा म्यादी प्रकृतिको सरूवाको विषयले कर्मचारीको पेसा रोजगारसम्बन्धी मौलिक हकमा असर पार्छ भनी सम्झन नमिल्ने हुँदा पदस्थापन भएकै पद र दरबन्दीमा सरूवा नगरेको मिलेन भन्ने निवेदकको भनाइ न्यायोचित देखिन नआउने।

विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०७३।७।२९ को निर्णयले निवेदकलाई फरक भौगोलिक क्षेत्रमा सरूवा गरेको नभई जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाबाट सोही भौगोलिक क्षेत्रमा पर्ने सबैलाई स्वास्थ्य चौकी, धनुषामा सरूवा गरेको स्थिति हुँदा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ अनुसार निवेदक कार्यरत सरूवा भएको जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषामा न्यूनतम कार्य अवधि व्यतित नहुँदै स्वास्थ्य चौकी धनुषामा सरूवा गरेको भन्न मिल्ने स्थिति छैन। कुन कर्मचारीलाई कुन ठाउँमा राखी काम गर्न लगाउँदा छिटो छरितो र गुणस्तरीय सेवा प्रवाह हुन्छ भन्ने कुरा अख्तियारवालाले मूल्याङ्कन गर्ने विषय हो। म्यादी प्रकृतिका यस्ता सरूवासम्बन्धी सामान्य विषयलाई सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत सुनुवाइ गरी न्याय प्रदान गर्ने विषय बनाउनु उचित नहुने।

प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदकको जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाबाट सोही जिल्लाअन्तर्गतको सबैलाई स्वास्थ्य चौकीमा सरूवा गरेको विपक्षी स्वास्थ्य सेवा विभाग, टेकुको मिति २०७३।७।२९ को निर्णयबाट निवेदकलाई अपूरणीय क्षति पुगेको मानी उक्त निर्णय बदर गर्नुपर्ने देखिन नआउने।

तसर्थ, माथि विवेचित कानूनी आधार, प्रमाण तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाबाट सोही जिल्लाअन्तर्गतको सबैलाई स्वास्थ्य चौकीमा सरूवा गर्ने गरी विपक्षी स्वास्थ्य सेवा विभाग टेकुबाट

मिति २०७३।७।२९ मा भएको सरूवा निर्णय र सोका आधारमा भएका पत्राचारसमेतका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदक श्री विगुल यादवको निवेदन दाबी पुग्न सक्ने देखिएन। यस अदालतबाट मिति २०७३।९।६ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-०५९७, उत्प्रेषण / परमादेश, *श्यामजी राय वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*
- ०७३-WO-०६४६, उत्प्रेषण / परमादेश, *गणेशप्रसाद आचार्य वि. स्वास्थ्य सेवा विभाग, टेकुसमेत*
- ०७३-WO-०५६७, उत्प्रेषण / परमादेश, *राजनारायण ठाकुर वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*
- ०७३-WO-०८१५, उत्प्रेषण / परमादेश, *टेकनारायण मण्डल वि. स्वास्थ्य सेवा विभाग, टेकुसमेत*
- ०७३-WO-०६९०, उत्प्रेषण / परमादेश, *लहरी भुजेल वि. स्वास्थ्य सेवा विभाग, टेकुसमेत*
- ०७३-WO-०८१४, उत्प्रेषण / परमादेश, *ब्रजेशकुमार मेहता वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*
- ०७३-WO-१०५५, उत्प्रेषण / परमादेश, *डा. दिपाकुमारी यादव वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत*

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-११३४, उत्प्रेषण / परमादेश, *नवलकिशोर यादवसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*

वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकले सर्वसुलभ र गुणस्तरीय सेवा पाउनु पर्ने कुरामा मतभेद र विमति जनाउने अवस्था छैन। तर, वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित बनाउने नाममा पहिले दर्ता भएका र अदालतको अन्तरिम आदेशले दर्ता भएका भनी वर्ग छुट्टाई अदालतको आदेशले इजाजत पाएकालाई व्यवसाय गर्न रोक लगाउने र पुरानालाई गर्न दिने कार्य विभेदपूर्ण हुन्छ। कानूनको शासनमा राज्यका कुनै पनि अङ्ग वा निकायको कानूनबमोजिमको कार्य गर्ने दायित्व र अभिभारा हुन्छ। कानूनले प्रदान गरेको स्वविवेकीय अधिकारको प्रयोग गर्दा पनि स्वेच्छाचारीरूपमा प्रयोग गर्न नपाउने।

विपक्षी व्यवस्थापिका-संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति राज्यको कानून बनाउने र आफूले बनाएको कानूनको सही कार्यान्वयन भयो भएन भनी अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन र गलतरूपमा गरेको देखिएमा कारबाही गर्ने गराउने अङ्ग पनि हो। वैदेशिक रोजगार व्यवसायको नाममा सर्वसाधारण नेपाली नागरिकप्रति ठगी भएमा कानूनबमोजिम कारबाही गर्ने अभिभारा विपक्षीहरूको हो। ठगी गर्नेलाई कारबाही नगर्ने, ठगीको बहाना बनाई समानहरूका बीचमा समान व्यवहार गर्नुपर्छ भन्ने संवैधानिक सर्वमान्य समानताको सिद्धान्तविपरीत निर्णय गरी भेदभाव गर्ने अधिकार संवैधानिक समितिलाई नहुने।

पेसा रोजगार गर्न पाउने हक नागरिकको संविधान प्रदत्त मौलिक हक हो। मौलिक हक राज्यका विरूद्ध परिलक्षित हुन्छन्। राज्यका कुनै पनि अङ्ग वा निकायले नागरिकको मौलिक हक प्रतिकूल काम गरेमा मुद्दाको सुनुवाइको क्रममा उपयुक्त उपचार प्रदान गर्ने अदालतको संवैधानिक दायित्व हुने।

नियमनकारी निकाय विपक्षी वैदेशिक रोजगार विभागलाई सुदृढीकरण गर्ने, आफ्नो प्रशासनिक संयन्त्र क्षमतावान् र कर्तव्यपरायण बनाउने, अनुगमन र नियन्त्रण

प्रणालीमा सूचना प्रविधिको भरपुर प्रयोग गरी स्वचालित अनुगमन प्रणालीको विकास गर्नुपर्ने विकल्पतिर अग्रसर नभई निवेदक नागरिकहरूको संविधान प्रदत्त पेसा रोजगार गर्न पाउने मौलिक हक नै निलम्बन गर्ने गरी विपक्षी व्यवस्थापिका - संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले मिति २०७३।१२।३१ मा गरेको निर्णयलाई संविधान र कानूनअनुकूलको मान्न मिल्ने नदेखिने।

तसर्थ, यस अदालतबाट भएका अन्तरिम आदेशबाट दर्ता भई इजाजत पत्र प्राप्त भएका निवेदक कम्पनीहरूको वैदेशिक रोजगार व्यवसायको कारोबार र कामकारबाही रोक्का गर्ने र मन्त्रालयको पत्र, तोक आदेशको आधारमा इजाजत पत्र प्राप्त गरेका कम्पनीको कारोबार र कामकारबाही रोक्का नहुने गरी विपक्षी व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिबाट मिति २०७३।१२।३१ को निर्णय नं. ग मा भएको निर्णय, सोको आधारमा विपक्षीहरू श्रम तथा रोजगार मन्त्रालय र वैदेशिक रोजगार विभागसमेतबाट जारी भएका मिति २०७४।१।३ र मिति २०७४।१।७ का पत्राचारहरूसमेत संविधान, कानून र समानताको हक प्रतिकूल देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। साथै निवेदकहरूलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न कानूनबमोजिम इजाजत पत्र प्रदान गरी सकेको अवस्थामा कानूनबमोजिम व्यवसाय सञ्चालन गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-११३५, उत्प्रेषण / परमादेश, *रेखादेवी शाहसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*
- ०७३-WO-११५१, उत्प्रेषण / परमादेश, *नुर मोहम्मद मियाँसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*
- ०७३-WO-११५७, उत्प्रेषण / परमादेश, *सन्तोषकुमार खत्रीसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*
- ०७३-WO-११८२, उत्प्रेषण / परमादेश, *जनक रावल वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*
- ०७३-WO-११९६, उत्प्रेषण / परमादेश, *सिताराम अधिकारीसमेत वि. व्यवस्थापिका संसद् अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, सिंहदरबारसमेत*

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०१६१, उत्प्रेषण, *भानीमैया शाक्य (भिक्षु) समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

"बाबु वा आमा" भन्ने शब्दावली प्रयोग भएबाट बाबु वा आमामध्ये कुनै एक व्यक्ति नेपाली नागरिक भएमा तिनका सन्तान उमेरले योग्य भएमा नेपाली नागरिकता प्राप्त गर्नसक्ने देखिन्छ। बाबु वा आमामध्ये कसको नामबाट नागरिकता लिने भन्ने कुरा सम्बन्धित व्यक्तिले छान्न पाउने कुरा हो। बाबु वा आमामध्ये एउटाको नागरिकता राखी निवेदन दिएकोमा अर्कोको पनि नागरिकता खोज्नु कानूनले मिल्ने विषयवस्तु नहुने।

निवेदन करणभुषण शाक्यको आमा वंशजको आधारमा नेपाली नागरिकताप्राप्त व्यक्ति देखिन आएकोले यी रिट निवेदक करणभुषण शाक्य वंशजका आधारमा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्न योग्य व्यक्ति नै देखिन आयो। तसर्थ, संविधान र कानूनको प्रावधानविपरीत निवेदक करणभुषणलाई वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र दिन नसकिने भनी गरेको जिल्ला प्रशासन कार्यालय,

काठमाडौंको निर्णय उत्प्रेषणको आदेशले बदर हुने।

संविधान र कानूनबमोजिमको हक अधिकार र सोको उपचार निवेदकहरूले उपभोग गर्न पाउनु पर्ने भएकोले, नेपालको संविधान, नेपाल नागरिकता ऐन र नियमावलीसमेतका आधारमा जे जो बुझ्नु पर्ने हो यथाशीघ्र बुझी निवेदक करणभुषण शाक्यले खुलाएको बेहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने।

निवेदक भानीमैया शाक्य वैवाहिक सम्बन्ध गाँसिनुपूर्व नै आमा बनेकी कुमारी आमा भएको र रिट निवेदक करणभुषण शाक्यले आफ्नो आमा भानीमैया शाक्यको नामबाट आफ्नो पहिचान बनाउन प्रयासरत रहेको र संविधान तथा कानूनले समेत निजको अधिकार संरक्षण गरिरहेको सन्दर्भसमेतलाई विचार गरी रिट निवेदक करणभुषण शाक्यको शैक्षिक प्रमाणपत्रको बाबुको महलमा उल्लिखित हजुरबाबुको नाम कट्टा गरी आमा रिट निवेदक भानीमैया शाक्यको नाम समावेश गर्नु गराउनु भनी विपक्षी शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, काठमाडौं र राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पुस २४ गते २ रोज शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-१२३३, डाँका चोरी, *नेपाल सरकार वि. भोजबहादुर थापा मगरसमेत*

प्रतिवादीहरूले डाँका चोरीको वारदात भएको भनिएको मिति समयमा रामेछाप स्थित घरमा नै थिएँ भनी Alibi को जिकिर लिएकोमा सो कुरा पुष्टि गर्ने दायित्व प्रतिवादीउपर रहनेमा त्यस्तो कुनै सबुद प्रमाण प्रतिवादीहरूले पेस गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार सजायमा कमी वा छुट हुने वा रिहाइ पाउने कुराको जिकिर लिने प्रतिवादीले नै सो कुराको प्रमाण पुऱ्याउनु पर्ने व्यवस्था रहेकोमा सोबमोजिमको प्रमाण यी प्रतिवादीले पुऱ्याउन नसकेकोमा प्रतिवादीको Alibi तर्फको जिकिर पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीहरू भोजबहादुर थापा मगर र मुन्द्रे भन्ने मानबहादुर थापा मगर अदालतमा कसुरमा इन्कार रहेपनि सो इन्कारी पुष्टि गर्ने ठोस सबुद पेस गर्न नसकेको, प्रतिवादीहरू भोजबहादुर थापा मगर र मुन्द्रे भन्ने मानबहादुर थापा मगर अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित रहेको, प्रतिवादीहरूको उक्त अधिकारप्राप्त अधिकारीसमक्षको साबिती, जाहेरवालाको किटानी जाहेरी बेहोरा समर्थित हुने गरी अदालतमा गरेको बकपत्र, बरामद औंठीलगायतका सबुद प्रमाणबाट समर्थित भइरहेको अवस्था देखिँदा उल्लिखित चोरी वारदातमा यी प्रतिवादी भोजबहादुर थापा र मानबहादुर थापाको संलग्नता पुष्टि भइरहेको अवस्था देखिने।

प्रतिवादीहरू हरिबहादुर थापा र उत्तरे भन्ने उत्तम थापा मगर कसुरमा इन्कार रहेको, प्रतिवादी हरिबहादुर थापाको साक्षी डोमा शेर्पाले प्रतिवादीको इन्कारी बयान समर्थित हुने गरी अदालतमा बकपत्र गरेको, जाहेरवालाले प्रतिवादीहरू हरिबहादुर थापा मगर र उत्तरे भन्ने उत्तम थापा मगर डाँका चोरीमा संलग्न रहेको भनी किटानीसाथ भन्न नसकेको, प्रतिवादी हरिबहादुर थापा र उत्तम थापा मगरबाट जाहेरवालाको चोरी भएको कुनै सामान बरामद भएको नदेखिएको, सहअभियुक्तहरूको भनाइको आधारमा मात्र हरिबहादुर थापा मगर र उत्तरे भन्ने उत्तम थापा मगरलाई जाहेरवालाले पोल गरेकोमा उक्त पोल स्वतन्त्र सबुद प्रमाण पुष्टि गर्न नसकेको लगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा प्रतिवादी हरिबहादुर थापा र उत्तरे भन्ने उत्तम थापा मगर उक्त वारदातमा संलग्न रहेछन् भनी भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादी मुन्द्रे भन्ने मानबहादुर थापा मगरले

मिति २०६३।१०।९ गते बिहानको १ बजेको समयमा सबैजना जाहेरवालाको घरमा पुगी बाहिरपट्टि दिवालबाट कौशीमा चढी कौशीबाट भित्र पसी जाहेरवालाको बाबु आमा सुतेको कोठाको ढोकासमेत तोडी भित्र प्रवेश गरी उक्त कोठामा रहेको व्यक्तिहरूलाई खुकुरी पेस्तोलसमेत देखाई धाकधम्की दिई बोल्न कराउनसमेत नदिई डाँका गरेको भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीको उक्त बयान बेहोरा हेर्दा प्रतिवादीले जबरजस्ती चोरीको रीतसँग चोरी गरेको देखी प्रस्तुत घटना वारदात जबरजस्ती चोरी प्रकृतिको देखिन आउँछ । तसर्थ प्रस्तुत वारदातलाई जबरजस्ती चोरीको वारदातमा परिणत गर्ने गरी भएको फैसला अन्यथा देखिन नआउने ।

बिगोको हकमा हेर्दा बरामद सामानहरूमध्ये प्रतिवादीहरूको साथबाट बरामद औंठीसम्म जाहेरवालाको भएको अवस्था देखिन्छ । अन्य सामानहरू पनि बरामद भएकोमा प्रतिवादीहरूले उक्त सामानहरू आफूहरूले खरिद गरेको सामान हो भनी जिकिर लिएको देखिन्छ भने बरामद भएका औंठीबाहेकका अन्य सामानहरू आफ्नो भएको भनी जाहेरवालाले सनाखत गरिदिएको अवस्था नदेखिने ।

बरामद भएजतिको सामानहरूलाई बिगो कायम गरी सजाय गर्न न्यायोचित नहुने हुँदा बरामद सामानहरूमध्ये जाहेरवालाले सनाखत गरिदिएको Mas लेखिएको औंठीसम्म जाहेरवालाको देखिएको र उक्त औंठीको नेपाल सुनचाँदी व्यवसायी संघले खुलाएको मूल्यअनुसार मूल्य रू.६,६५४।- पर्ने देखिएको हुँदा उक्त बरामदी औंठीको मूल्यसम्म बिगो कायम गर्न मनासिब हुने देखिने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट वारदातमा ३ जनासम्म सरिक भएको देखिएको र एकजना फरार रहेबाट ४ जनाभन्दा बढी हुलले डाँका गरेको नभई मुलुकी ऐन, चोरीको ४ नं. बमोजिम जबरजस्ती चोरीको कसुर गरेको देखिएकोले बरामद मालवस्तुको आधारमा रू.१,५०,०००।– बराबरको धनमाल प्रतिवादी भोजबहादुर थापा मगर र मुन्द्रे भन्ने मानबहादुर थापा मगरले जबरजस्ती चोरी गरेको ठहर्छ । प्रतिवादीहरूलाई चोरीको १४ नं. बमोजिम १ महिना १५ दिन कैद र बिगोको डेढी जनही रू.२,२५,०००।– जरिवाना हुनेमा जरिवानाबापत जनही अधिकतम ४ वर्षको दरले कैद हुने र प्रतिवादीहरू उत्तरे भन्ने उत्तम थापा मगर र हरिबहादुर थापा मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलामा जाहेरवालाको चोरी भएको बिगो रू.१,५०,०००।- कायम गरेको हदसम्मको फैसला केही उल्टी गरी प्रतिवादी भोजबहादुर थापा मगर र मुन्द्रे भन्ने मानबहादुर थापा मगरलाई चोरीको १४ नं. बमोजिम जनही १ महिना १५ दिन कैद र रू.६,६५४।-को डेढी रू.९,९८१।- जरिवाना हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७३ साल मंसिर २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-१३५३, ०७३-RC-००८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अम्मरबहादुर राना, नेपाल सरकार वि. दलबहादुर रानासमेत*

प्रतिवादी तुलबहादुर रानाले घटना हुँदा आफू वारदातस्थलमा थिइन, सो समय घरमा थिएँ भनी Alibi को जिकिर लिएको देखिन्छ । यस्तो जिकिर लिएकोमा सो कुरा प्रतिवादीले सबुद प्रमाणबाट पुष्टि गर्न सक्नु पर्दछ । प्रतिवादीले आफ्नो साक्षीसमेत अदालतमा उपस्थित गराई आफ्नो बयान बेहोरालाई पुष्टि समर्थन गराउन सकेको नदेखिँदा प्रतिवादीको Alibi तर्फको जिकिर प्रस्तुत मुद्दाको सम्बन्धमा विचारणीय देखिन नआउने ।

प्रतिवादी तुलबहादुर रानाले अदालतमा Alibi को जिकिर लिई कसुरमा इन्कार रही बयान गरे तापनि सो Alibi लाई प्रतिवादीले पुष्टि प्रमाणित गराउन सकेको नदेखिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मृतकलाई लाठीले टाउको तथा ढाडको भागमा प्रहार

गरेको भनी स्वीकार गरेको र निजको उक्त बयान बेहोरा प्रमाणमा लिन मिल्ने नै देखिएको, जाहेरवालाले अदालतमा गरेको बकपत्र, मौकामा बुझिएका लालबहादुर रानाले अदालतमा गरेको बकपत्रलगायतका कागज प्रमाणबाट समेत निजको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान बेहोरा समर्थित हुन आई निजले मृतकलाई लाठीले सम्म हानेको पुष्टि भएकोले निजले गरेको कसुरको मात्रालाई विचार गर्दा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजायसम्म गर्ने गरी सुरू सुर्खेत जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको देखिने।

प्रतिवादी दलबहादुर रानाले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा आफूले नै चन्द्रबहादुरलाई हँसिया तथा लाठीले हानी कर्तव्य गरी मारेको हो भनी कसुरमा साबित भई बयान गरेको, प्रतिवादीको सो साबित जाहेरवाला देवबहादुर रानाले गरेको बकपत्र, मौकामा बुझिएका लालबहादुरले गरेको बकपत्र, विरमा रानाले गरेको मौकाको कागजलगायतका कागज प्रमाणबाट समर्थित भई निजउपरको अभियोग दाबी पुष्टि हुन आएकोले निजलाई सुरू सुर्खेत जिल्ला अदालतबाट सर्वस्वसहित जन्म कैदको सजाय हुने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला मिलेको देखिन आउने।

प्रतिवादी अम्बरबहादुर राना अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको देखिएको, निजको इन्कारी निजको साक्षीले गरेको बकपत्रबाट पुष्टि भइरहेको देखिएको, जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादी अम्मरबहादुरको घटना वारदातमा संलग्नता रहेको भनी किटानीसाथ भन्न नसकेको, मौकामा बुझिएका लालबहादुर रानाले समेत अम्मरबहादुरको घटना वारदातमा संलग्नता रहेको भनी किटानी गरी बकपत्र गरेको नदेखिएको र वादी पक्षबाट यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुने ठोस तथा वस्तुनिष्ठ प्रमाणहरू पेस गर्न सकेको नदेखिएकोलगायतका आधार कारणहरूबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिन नआएकोले यी प्रतिवादीलाई सुरू सुर्खेत जिल्ला अदालतबाट अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी अम्बरबहादुर रानाउपरको कसुर पुष्टि हुन सकेको देखिएन। जहाँसम्म प्रतिवादी घटनास्थलमा रहेको भन्ने जिकिर छ, प्रतिवादीले अदालतमा बयान गर्दा नै घटना घटिसकेपछि आफू घटनास्थलमा पुगेको भनी लेखाएको देखिने।

प्रतिवादीको उक्त कसुरमा संलग्नता थियो भनी अनुमानका आधारमा दोषी ठहर गर्नु न्यायसङ्गत हुँदैन। प्रतिवादी घटना हुनुभन्दा अगाडि नै घटनास्थलमा रही वा घटना हुँदाका बखत घटनास्थलमा पुगी घटना घटाउने कार्यमा संलग्न भएको भए प्रतिवादीको त्यस्तो उपस्थितिलाई कसुरजन्य कार्यको घेरामा राख्न सकिने हुन्छ। तर प्रतिवादीले बयानको क्रममा घटना घटिसकेपछि आफू घटनास्थल पुगेको भनी बयान गरेका र वादी पक्षबाट प्रतिवादी घटना हुनुभन्दा अगाडि नै घटनास्थलमा रही मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको भनी ठोस तथा वस्तुनिष्ठ सबुद प्रमाणबाट पुष्टि गर्न नसकेकोले यी प्रतिवादी अम्मरबहादुर रानाले अभियोग दाबीबमोजिम कसुर गरेको हुन भनी अर्थ गर्न र मान्न मिल्नेसमेत नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादीमध्येका अम्बरबहादुर रानाले कसुरबाट सफाइ पाउने, प्रतिवादीमध्येका दलबहादुर रानालाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी तुलबहादुर रानालाई जन्मकैदको सजाय हुने ठहऱ्याई भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-१००१, कर्तव्य ज्यान, नेपाल सरकार वि. बुद्धेश्वर ठाकुर

फौजदारी मुद्दामा पेस हुने परिस्थितिजन्य प्रमाणहरू प्रत्यक्ष, विवादरहित र प्रतिवादीउपरको आरोपलाई सिलसिलेवार रूपले प्रमाणित गर्नसक्ने खालको हुनुपर्दछ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा २०६६।१०।११ गते बिहान ६ बजे सानेपाको ओरालोमा मर्निङ वाकमा शर्मिलालाई भेटेको भनेको, मृतक शर्मिला महर्जनले दिनेशकुमार साहको नाउँमा मिति २०६६।१०।१३ मा काटेको कृषि विकास बैंक लि. नाउँको चेक मिसिल सामेल रहेको, प्रतिवादीको उल्लिखित बयान बेहोरा र चेकलाई वादी पक्षबाट अन्यथा भन्न सकेको नदेखिएको, मिसिल संलग्न कल डिटेलबाट शर्मिलाले श्यामसँग अन्तिम पटक १९:४५ बजे फोन गरेको भन्ने देखिए पनि उक्त फोन गर्दा मृतक बुद्धेश्वरकै कोठामा रहेको पुष्टि हुने कागज प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिएको अवस्थामा मृतक शर्मिला महर्जनसँग फोन सम्पर्कविहीन हुनुभन्दा अघि र पछि मृतक बुद्धेश्वर ठाकुरको कोठामा रहेको भन्ने तथ्य प्रत्यक्ष र विवादरहित रूपमा देखिन आएन । अतः मृतक शर्मिला महर्जनले गरेको फोनको कल डिटेल र जाहेरवालाको कथनलाई परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गर्न फौजदारी न्यायको सिद्धान्तको दृष्टिले समेत मिल्ने नदेखिने ।

सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग प्रमाणित गर्ने दायित्व वादी पक्षमा रहन्छ । वादी पक्षबाट प्रतिवादीउपरको अभियोग शङ्कारहित कागज प्रमाणबाट प्रमाणित गर्न सक्नु पर्ने हुन्छ, नत्र शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्याय प्रणालीको मान्यताअनुरूप प्रतिवादीले शङ्काको लाभ प्राप्त गरी अभियोग दाबीबाट सफाइ पाउने अवस्था हुने ।

प्रतिवादी बुद्धेश्वर ठाकुरउपरको अभियोग दाबी पुष्टि प्रमाणित गर्ने ठोस तथा वस्तुनिष्ठ कागज प्रमाण मिसिल सामेल देखिँदैन । वादी पक्षका साक्षीहरूले यिनै प्रतिवादी बुद्धेश्वरले शर्मिला महर्जनलाई मारेको हो भनी किटानीसाथ भन्न सकेको पनि देखिँदैन । शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण खुल्न सकेको देखिँदैन । कल डिटेलकै आधारमा प्रतिवादीले कर्तव्य गरी मारेको भन्न सकिने अवस्था पनि नदेखिने ।

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा कसुरमा इन्कार रहँदै आफूउपरको अभियोग दाबीको खण्डन गरेको अवस्था देखिन्छ । यस्तो अवस्थामा प्रतिवादीउपर किटानी जाहेरी परेपनि त्यस्तो किटानी जाहेरी स्वतन्त्र सबुद प्रमाणबाट समर्थित हुन नसकिरहेको अवस्थामा अभियोग दाबीबमोजिमको कसुर प्रतिवादीले गरेको भनी न्यायिक निष्कर्षमा पुग्न मनासिब हुने नदेखिने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू ललितपुर जिल्ला अदालतबाट प्रतिवादी बुद्धेश्वर ठाकुरलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अ.बं. १८८ नं. बमोजिम ७ सात वर्ष कैद गर्ने गरी भएको रायसहितको फैसला उल्टी गरी प्रतिवादी बुद्धेश्वर ठाकुरलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत**:** नगेन्द्रकुमार कालाखेती

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१३०२, कर्तव्य ज्यान, नारायण ढकाल वि. नेपाल सरकार

मिसिल संलग्न लासजाँच मुचुल्काबाट मृतकको दाहिने खुट्टाको कुर्कुच्चा केही काटिएको, टाउकोमा चोट लागी थिचिएको, छाती नचिनिने र पेट हल्का फुलेको भन्ने देखिन्छ । पोस्टमोर्टम रिपोर्टबाट मृतकको टाउको छाती र पेटमा चोट रहेको भन्ने देखिन्छ । लास जाँच मुचुल्कामा पेट तथा छातीमा चोट लागेको भन्ने कुरा

उल्लेख नभएको तर पोस्टमार्टम रिपोर्टमा छाती तथा पेटमा समेत चोटहरू रहेको भन्ने देखिँदा दुवै कागज विरोधाभाषपूर्ण देखिने।

वादी पक्षले पेस गरेको प्रमाणहरू स्पष्ट र शङ्कारहित देखिनु पर्नेमा लासजाँच मुचुल्का र पोस्टमार्टम रिपोर्टमा उल्लेख भएका विवरणहरू नै फरकफरक रही विरोधाभाषपूर्ण देखिँदा उक्त कागज प्रमाणहरू प्रतिवादीको विरूद्धमा प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

वादी पक्षका साक्षीहरूले प्रतिवादीले मीरा रेग्मीलाई मारेको कुरा आफैँले देखेको, घटनास्थलबाट प्रतिवादी वा मृतकको आवाज आएको आफैँले सुनेको वा इन्द्रियको सहायताले थाहा पाएको भन्ने आधारमा बकपत्र गरेको नभई मृतक र प्रतिवादीबीच प्रेम सम्बन्ध भएको र सोही कारण मृतकको पेटमा रहेको गर्भ पनि प्रतिवादीको हो भन्ने शङ्का र अनुमान गरेर वा अरूको भनाइ सुनी थाहा पाएर वा लास देखेपछि थाहा पाएर व्यक्त गरेको भन्ने देखिँदा वादी पक्षका साक्षीहरूको बकपत्रलाई प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादी विरूद्ध कसुर ठहर गर्न प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

प्रतिवादी र मृतकका बीचका विगतका सम्बन्ध र घटनाक्रमलाई एकआपसमा जोडेर सोही आधारमा निकालिने अनुमानलाई परिस्थितिजन्य प्रमाणको मान्यता प्रदान गर्न मिल्ने देखिँदैन । परिस्थितिजन्य प्रमाणलाई अनुमान, आशङ्का र सम्भावनाको आधारमा समर्थित हुने विषयको रूपमा हेर्न र बुझ्न उपयुक्त हुँदैन। परिस्थतिजन्य प्रमाणहरूको रूपमा पेस गरिने प्रमाणहरू प्रतिवादीको वारदातमा संलग्नलाई पुष्टि गर्ने कुरासँग सम्बन्धित भई त्यस्ता परिस्थितिजन्य प्रमाणहरूले श्रृङ्खलाबद्ध रूपमा स्वाभाविक तरिकाले प्रतिवादीको घटनामा रहेको संलग्नतालाई पुष्टि गरिरहेको देखिनु पर्ने हुने।

मृतक घरबाट बाहिर निक्ली हराएको भनिएको दिनमा प्रतिवादी र मृतक सँगै रहेको कुरा कसैले देखी सो कुरा अदालतमा व्यक्त गरेको, मृतकको लास फेला परेको स्थल वरपर प्रतिवादी र मृतक सँगै रहेको देखेको भनी सो देख्ने मानिसले अदालतमा बकपत्र गरेको, प्रतिवादीले मृतकलाई मार्न चाहेको कुरा कसैलाई बताएको व्यक्तिले सो कुरा अदालतमा आई आफैँ बकपत्र गरेको, मृतकको लास रहेको ठाउँ आसपास वरपर प्रतिवादीको संलग्नता पुष्टि हुने कुनै दसीको सामान फेला परेको, मृतकको मृत्यु भएपछि प्रतिवादीको व्यवहार चालचलनमा परिवर्तन देखिएको वा प्रतिवादी घर छोडी हिँडेको जस्ता तथ्यहरू जसले प्रतिवादीले मीरा रेग्मीलाई कर्तव्य गरी मारेको हो भन्ने कुरा पुष्टि गर्न सक्षमता राख्दछन् मिसिलमा मौजुद रहनु पर्ने हुन्छ । यदि त्यस्तो प्रमाण मिसिलमा मौजुद रहेको अवस्थामा परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गर्न सकिने हुन्छ । तर त्यस्तो प्रमाण मिसिलमा मौजुद रहेको नदेखिने।

यस स्थितिमा अनुमान, आशङ्का र सम्भावना जस्ता कुराहरूलाई परिस्थितिजन्य प्रमाणको रूपमा ग्रहण गरी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गरेको सुरू फैसला प्रमाण कानूनसम्बन्धी सिद्धान्तको समेत प्रतिकूल देखिन आउने।

जाहेरवालाले जाहेरीमा प्रतिवादी नारायण ढकालले मीरा रेग्मीलाई मारेको हो भनी जाहेरी दिएपनि सो कुरा अनुमान र शङ्काको भरमा दिएको देखिएको, मृतक मीरा रेग्मीको लास अलैंचे खोलाको पानीको तालमा फेला परेकोमा प्रतिवादीले मृतकलाई अन्यत्र मारी फालेको हो वा लास फेला परेको ठाउँमा नै मारी फालेको हो वारदातस्थलको सम्बन्धमा अभियोग पत्रमा स्पष्टसँग उल्लेख गरेको नदेखिएको, अभियोग पत्रसाथ पेस गरेको लास जाँच मुचुल्कामा उल्लेख भएको लासको विवरण र मृतकको पोस्टमार्टम रिपोर्टमा उल्लिखित विवरण मिल्दाजुल्दा नभएको र फरक खालका भई विरोधाभाषपूर्ण रहेको, पोस्टमार्टम रिपोर्टको External examination र Special examination खण्डहरू पनि पूरै खाली छाडिएबाट परीक्षण प्रतिवेदन नै पूर्ण नदेखिएको, मृतकको पेटमा रहेको गर्भ प्रतिवादीले मेरो होइन भनी मौकामा र अदालतमा बयान गर्दा इन्कार रहेको, सो इन्कारी निजको साक्षीले गरेको बकपत्रबाट समर्थित

भएको देखिएको, वादी पक्षबाट मृतकको पेटमा रहेको गर्भ प्रतिवादीको भएको पुष्टि हुने कुनै कागज प्रमाण पेस गर्न सकेको नदेखिएको, सुरू अदालतले परिस्थितिजन्य प्रमाण भनी ग्रहण गरेका कुराहरूलाई परिस्थितिजन्य प्रमाणको रूपमा लिन मिल्ने अवस्था नदेखिएको, वादी पक्षबाट प्रतिवादीउपरको अभियोग पुष्टि हुने ठोस, निश्चयात्मक र वस्तुनिष्ठ कागज प्रमाण पेस गर्न सकेको नदेखिएकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा प्रतिवादीले अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर अपराध गरेको नदेखिँदा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गरेको सुरू र पुनरावेदन अदालत, पोखराको फैसला न्यायको रोहमा मिलेको देखिन नआउने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट सुरू गोरखा जिल्ला अदालतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ १७ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१४२५, ०७१-CI-१४३४, अंश भरपाई लिखत बदर, मिठु श्रेष्ठसमेत वि. सुनामी श्रेष्ठको संरक्षक अन्जु श्रेष्ठ र पूर्णनारायण श्रेष्ठ वि. सुनामी श्रेष्ठको संरक्षक अन्जु श्रेष्ठ

वादीका पति पूर्णनारायण श्रेष्ठले पाउने पैतृक सम्पत्तिमध्ये अन्य कुनै चलअचल सम्पत्ति नलिई अंशबापत भनी एकमुष्ठ नगद रू.१०,००,०००।- लिएको देखिन्छ। त्यसरी अंश भरपाई गर्दा यी वादीको कुनै सहमति मन्जुरी रहेको देखिँदैन भने यी वादीहरूले पाउने अंश हक यिनै प्रतिवादी पूर्णनारायण श्रेष्ठले पाउने पैतृक सम्पत्तिमा अन्तरनिहित रहेको कुरामा पनि विवाद देखिँदैन। यस अवस्थामा प्रतिवादीहरूबीच अंश भरपाई गर्दा आफूबाट अंश पाउने हक अन्तरनिहित भएका अंशियारको अंश हकलाई सिमित वा कुण्ठित हुनेगरी लिखत गर्न मिल्ने देखिँदैन। प्रतिवादी आफैँले अंश दिने अंशियारहरूबाट अंश भरपाई गर्न ऊ स्वतन्त्र रहन्छ तर आफैँबाट अंश हकप्राप्त गर्ने अंशियारको अंश हकमा आघात पर्ने गरी अंश भरपाई लिखत गर्न ऊ स्वतन्त्र रहन्छ भनी अर्थ गर्न र मान्न मिल्ने अवस्था नरहने।

मिसिल संलग्न तायदाती फाँटवारीमा प्रतिवादी पूर्णनारायण श्रेष्ठ, विकुबहादुर श्रेष्ठ र मिठु श्रेष्ठको नाउँमा चल अचल सम्पत्तिहरू रहे भएको देखिन्छ। यी वादीले पाउने अंशको पैतृक स्रोत भनेको तिनै प्रतिवादीहरूका नाउँमा रहेको चल अचल सम्पत्तिहरू भएको र त्यस्तो प्रतिवादीहरूको नाउँमा रहेको चल अचल सम्पत्ति प्राप्त गर्ने वादीहरूको नैसर्गिक हकबाट वञ्चित गर्ने गरी प्रतिवादीले एकलौटी रूपमा बाबु, आमा, दाजु तथा भाइबाट नगद मात्र बुझ्ने गरी अंश भरपाई लिखत गरेको कार्यलाई न्यायसम्मत मान्न मिल्ने नदेखिने।

प्रतिवादी पूर्णनारायण श्रेष्ठले आफूबाट अंश प्राप्त गर्ने अंशियारको अंश हकमा समेत असर पर्ने गरी आफू मातहतका अंशियारको कुनै सहमती मन्जुरी नलिई एकलौटी रूपमा गरेको अंश भरपाई लिखतबाट वादीको अंश हकमा आघात पुगेकोलगायतका आधारहरूबाट प्रतिवादीहरूबीच पारित २०६६।६।२९ मा र.नं. २११७(क) को विवादित अंश भरपाई लिखत वादीहरूको अंश हकसम्ममा बदर हुनुपर्ने देखियो। तसर्थ सुरूले समुच्चा लिखत बदर गरेको फैसला केही उल्टी गरी वादीको हकसम्म अंश लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला न्यायको रोहमा मनासिब नै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट विवादित मिति २०६६।६।२९ को अंश बुझी लिएको भरपाई समुच्चा लिखत बदर हुने ठहऱ्याई भएको फैसला केही उल्टी गरी बादी दाबीबमोजिम बादीको हक पुग्ने हदसम्म

दाबीको अंश भरपाई लिखत बदर हुने ठहर्‍याई मिति २०७१।८।२९ मा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस २० गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१४३२, ०७१-CI-१४३३, अंश चलन, जालसाजी, *मिठु श्रेष्ठसमेत वि. सुनामी श्रेष्ठको संरक्षक अन्जु श्रेष्ठ*
- ०७१-CR-१३४०, ०७१-CR-१३४१ सम्बन्ध विच्छेद अंश, *पूर्णनारायण श्रेष्ठ वि. सुनामी श्रेष्ठको संरक्षक अन्जु श्रेष्ठ*
- ०७१-CR-१३३९, ०७१-CR-१३४२, जालसाजी, *मिठु श्रेष्ठसमेत वि. अन्जु श्रेष्ठ, पूर्णनारायण श्रेष्ठ वि. अन्जु श्रेष्ठ*

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-CR-११८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. माधवा पौडेलसमेत*

फौजदारी मुद्दामा प्रतिवादीहरूउपर जाहेरी दिनु र अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। जाहेरी दिएकै आधारमा र अभियोग लगाएकै आधारमा कसैमाथि शङ्का र अनुमानको भरमा कसुरदार कायम गर्न मिल्दैन। त्यस्तो जाहेरी र अभियोग दाबी पुष्टि हुने गरी वादी पक्षबाट ठोस तथा निश्चयात्मक सबुद प्रमाण पेस गर्न पर्ने साथै त्यस्तो प्रमाणहरूबाट जाहेरी र अभियोग पुष्टि समर्थित भएको अवस्था रहनु पर्दछ। वादी पक्षबाट प्रतिवादीहरूउपरको अभियोग पुष्टि गर्न सकेको नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको, निजहरूको इन्कारी बयान निजहरूको साक्षीले अदालतमा गरेको बकपत्रबाट समर्थित भइरहेको देखिएको, लास रहेको स्थल र घटनास्थलको बारेमा अभियोग पत्रमा स्पष्ट नखुलेको, लास रहेको स्थल वा त्यसको वरपर दशीको कुनै हतियार बरामद भएको नदेखिएको, रगत लागेको ढुंगा बरामद भएको भन्ने देखिए पनि पोस्टमार्टम रिपोर्टबाट मृतकलाई लागेको चोटको प्रकृति के कुन हतियार वा कारणबाट लाग्न गएको हो भन्ने कुरा स्पष्ट नदेखिने।

वादी पक्षका साक्षीहरूले प्रतिवादीहरूको निर्दोषिता पुष्टि हुने गरी अदालतमा बकपत्र गरिदिएको देखिएको एवम् वादी पक्षबाट शङ्कारहित तवरबाट अभियोग पुष्टि गर्न नसकेकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा वारदात घटित गराउन यी प्रतिवादीहरू माधवा पौडेल, नेत्रप्रसाद पौडेल, कोमनाथ योगी र दुर्गाबहादुर खत्रीको संलग्नता रहेको देखिन नआउने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरू माधवा पौडेल, नेत्रप्रसाद पौडेल, कोमनाथ योगी र दुर्गाबहादुर खत्रीले अभियोग दाबीबमोजिमको कसुर गरेको प्रमाणित हुन नआई आरोपित सबै प्रतिवादीहरू निर्दोष रहेको देखिँदा सुरू प्युठान जिल्ला अदालबाट प्रतिवादीहरू नेत्रप्रसाद पौडेल, कोमनाथ योगी र दुर्गाबहादुर खत्रीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सदर गर्ने गरी र प्रतिवादी माधवा पौडेललाई अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर गरी ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला सो हदसम्म उल्टी गरी अभियोग मागदाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६७।११।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०८३२, बैंकिङ कसुर, *नेपाल सरकार वि. श्याम पाण्डे*

प्रतिवादी श्याम पाण्डेले आफूसँगबाट रू.२२,००,०००।- लगेको भनी जाहेरवालाले जाहेरी

दिएको अवस्था देखिन्छ । तर सो जाहेरी बेहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गर्न आएको अवस्था देखिँदैन । कुनै तमसुक कागज गरी प्रतिवादी श्याम पाण्डेलाई जाहेरवालाले रकम दिएको भन्ने कुरा पनि देखिँदैन । प्रतिवादीले रकम नै नभएको आफ्नो बैंक खाताको चेक जाहेरवालालाई दिई पठाई बैंकबाट चेक बाउन्स भई बैंकले रिटर्न स्लिप दिएको भन्ने पनि देखिँदैन । प्रतिवादीउपर कानूनी दायित्वको सिर्जना निजले पूरा गर्नुपर्ने कर्तव्यको उल्लङ्घन गरेको अवस्थामा मात्र हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीबाट जाहेरवालालाई पूरा गर्नुपर्ने कर्तव्यको उल्लङ्घन हुने गरी कुनै काम गरेको नदेखिने ।

वादी पक्षबाट ठोस तथा वस्तुनिष्ठ सबुद प्रमाणबाट प्रतिवादीउपरको अभियोग दाबी पुष्टि प्रमाणित गर्न सकेको अवस्था देखिँदैन । अभियोग दाबी पुष्टि गर्ने ठोस तथा निश्चयात्मक सबुद प्रमाणको अभावमा जाहेरी दिएकै आधारमा मात्र यी प्रतिवादी कसुरदार रहेछन् भनी न्यायिक निष्कर्षमा पुग्न सकिने अवस्था भएन । उल्लिखित अवस्था भएबाट सुरू पुनरावेदन अदालत, पाटनबाट प्रतिवादी श्याम पाण्डेलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको फैसला अन्यथा देखिन नआई मनासिब नै देखिन आउने ।

वादी नेपाल सरकारको पुनरावेदनमा प्रतिवादीले आफ्नो श्रीमतीलाई चेक काट्न लगाएको भन्नेबाहेक प्रतिवादीसँग जाहेरवालाको लेनादेना सम्बन्ध रहेको भनी प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन । प्रतिवादीउपरको अभियोग र पुनरावेदन जिकिर पुष्टि हुने सबुद प्रमाण वादी पक्षबाट पेस गर्न नसकेको अवस्थामा प्रतिवादी श्याम पाण्डे दोषी रहेछन् भनी मान्न मिल्ने नदेखिने ।

अतः विवेचित आधार एवम् कारणसमेतबाट पुनरावेदन अदालत, पाटनबाट प्रतिवादी श्याम पाण्डेलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी मिति २०६८।३।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१०४०, ज्यान मार्ने उद्योग र डाँका चोरी, *नेपाल सरकार वि. दिलिप घर्ती मगरसमेत*

ज्यान मार्ने उद्योगको कसुर कायम हुन कसुरदारको ज्यान मार्ने मनसाय हुनुपर्ने कुरालाई अनिवार्य तत्त्व मानेको देखिन्छ भने ज्यान मार्ने मनसायले गरिएको कुनै कार्यमा कुनै कारणले ज्यान भने मर्न नपाएको अवस्था हुनुपर्ने अनिवार्यतालाई पनि बाध्यात्मक मानेको अवस्था देखिने ।

पीडितहरू तथा वादी पक्षका साक्षीहरूले अदालतमा गरेको बकपत्र र प्रतिवादीहरूका साक्षीले अदालतमा गरेको बकपत्रबाट ज्यान मार्ने उद्देश्यले प्रतिवादीले पीडितहरूलाई कुटपिट गरेको नदेखिएको, कुटपिटसम्म भने भएको देखिएको, प्रतिवादीहरूले पीडितहरूलाई कुटपिट गरेको तथ्य पीडितहरूको शरीरमा लागेको चोटपटक, निजहरूको काठमाडौंको त्रिभुवन शिक्षण अस्पतालमा उपचार गराएको अवस्था, घा जाँच केस फारामलगायतका कागज प्रमाणहरूबाट समेत समर्थित भइरहेको देखिएको, योजना बनाई ठिक पार्ने उद्देश्यले मरणासन्न हुने गरी पीडितहरूलाई लाठी खुकुरीले प्रहार गरिएको भनी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष साबित भए पनि उल्लिखित साबिती बयान पुष्टि हुने वस्तुनिष्ठ कागज प्रमाण वादी पक्षबाट पेस गर्न सकेको नदेखिने ।

जाहेरवाला तथा पीडित चिरबहादुरले अदालतमा बकपत्र गर्दा आफ्नो जाहेरी बेहोरा समर्थन गराउन नसकेको, जाहेरवाला होमबहादुर अदैले आफैँले दिएको जाहेरी बेहोरा खण्डित हुने गरी अदालतमा बकपत्र गरेको देखिएको, वारदात घटित भई उपचारको लागि पीडितहरूलाई काठमाडौं लगी उपचार गराई

उपचारपश्चात् पीडितहरूमध्ये कोही विदेशमा र कोही स्वदेशमा रहेको देखिएको, एयरपोर्टसम्बन्धी विवादमा सामान्य वादविवाद हुँदा हानाहानसम्म भई वारदात घटित भएको देखिएको, पीडितहरूसँगको पूर्वरिसइवीको कारण प्रतिवादीहरूले ज्यान मार्ने मनसायले उक्त घटना घटित गराएको अवस्था नदेखिएकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा प्रस्तुत वारदातलाई ज्यान मार्ने उद्योगको वारदात ठहर नगरी कुटपिटको वारदातसम्म कायम गर्ने गरेको पुनरावेदन अदालत, बागलुङबाट भएको फैसला मनासिब नै देखिने।

प्रतिवादीहरूले आफूहरूले जाहेरवालाको धनमाल डाँका गरी लगेको कुरामा इन्कार रही अदालतमा बयान गरेको, निजहरूको इन्कारी बयान निजहरूको साक्षीले अदालतमा गरेको बकपत्रबाट समर्थित भएको देखिएको, पीडित एवम् जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले डाँका गरेको होइन भनी प्रतिवादीको इन्कारी बयान नै समर्थित हुने गरी बकपत्र गरिदिएको, डाँका गरेको पुष्टि हुने कुनै बिगो दशी प्रमाण फेला परेको नदेखिएको र वादी पक्षबाट प्रतिवादीउपरको डाँकातर्फको अभियोग पुष्टि हुने अन्य कुनै ठोस तथा निश्चयात्मक सबुद प्रमाण पेस गर्न सकेको नदेखिएकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा यी प्रतिवादीहरूउपरको डाँकातर्फको अभियोग दाबीसमेत पुष्टि हुन आएको नदेखिने।

प्रतिवादीहरूका साक्षीहरूले प्रतिवादीहरूको इन्कारी बयान समर्थित हुने गरी बकपत्र गरेको देखिएको, पीडितहरू तथा वादी पक्षका साक्षीहरूले अदालतमा बकपत्र गर्दा अभियोगदाबी खण्डित हुने र प्रतिवादीको इन्कारी बयान पुष्टि हुने गरी बकपत्र गरेको अवस्थामा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान र खुकुरी खोलामा बगाएको, डाँका गरेको पैसा ३ महिना लुकी बस्दा खाइसकेको भन्नेजस्ता मौखिक भनाइकै आधारमा मात्र ठोस तथा वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी मान्न मिल्ने नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू बागलुङ जिल्ला अदालतबाट अभियोग दाबी नपुग्ने ठहर्‍याई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएकोमा ज्यान मार्ने उद्योग र डाँका चोरीको अभियोगबाट सफाइ दिने ठहर्‍याएको हदसम्म सुरूको फैसला सदर गरी कुटपिटको वारदात भएको देखिँदा सरोकारवालाले सकार गरेमा वादी पक्ष कायम गरी कारबाही गर्ने गरी तामेलीमा राख्नु पर्नेमा सो नगरेको हदसम्म सुरूको फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत, बागलुङबाट मिति २०६८।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-११२९, हातहतियार खरखजाना, नेपाल सरकार वि. रहमत अली

वादी पक्षका साक्षी प्रहरी सहायक निरीक्षक विजयकुमार त्रिपाठीले अदालतमा बकपत्र गर्दा प्रतिवादीको कोठाबाट बन्दुक बरामद भएको हो भनेपनि बरामद बन्दुक यिनै प्रतिवादीले कोठामा राखेको हो भनी खुलाउन सकेको देखिँदैन। अन्य मौकामा बुझिएका वादी पक्षका साक्षीहरूले प्रतिवादीउपरको अभियोग पुष्टि हुने गरी अदालतमा बकपत्र गर्न आएको नदेखिने।

बरामद हतियार प्रतिवादीले राखेको कुरा पुष्टि हुने कुनै सबुद प्रमाण वादी पक्षले दाखिला गर्न सकेको देखिँदैन। प्रतिवादीको कोठाबाट कुनै सामान बरामद हुनु र सो सामान प्रतिवादीले राखेको पुष्टि हुनु फरकफरक कुरा हुन्। प्रतिवादीको कोठाबाट हतियार बरामद हुँदैमा विना आधार प्रमाण उक्त समान प्रतिवादीले राखेको हो भनी निष्कर्षमा पुग्न मनासिब नहुने।

प्रतिवादीको कोठाबाट बरामद बन्दुक यिनै प्रतिवादीले राखेको हो भनी मान्न मिल्ने देखिएन। सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रतिवादीको कोठाबाट बन्दुक बरामद भएकै आधारमा प्रतिवादी रहमत

अलीलाई कसुरदार ठहर नगरेको फैसला कानूनसम्मत नै देखिँदा सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने ।

अतः विवेचित आधार, प्रमाण र कारणहरूबाट सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटबाट प्रतिवादी रहमद अलीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने ठहऱ्याई भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-०४३४, कर्तव्य ज्यान, *अजय गुरूङ वि. नेपाल सरकार*

मृतक कृष्णा गुरूङको प्रतिवादी अजय गुरूङसँग विवाह भइसकेपछि प्रतिवादी, मृतक र प्रतिवादीको सासू जाहेरवालीसँगै बस्दै आएको देखिन्छ । मृतक कृष्णा गुरूङले केटाहरूलाई फोन गर्ने गरेको र मृतकलाई पनि आफ्नो साथीहरूको फोन आउने गरेको र प्रतिवादीले मृतकलाई बारम्बार कसको फोन आउँछ भनी शङ्का गरेको बाहेक मृतकउपर अन्य गम्भीर आरोप लाञ्छना लगाएको अवस्था मिसिलबाट नदेखिने ।

आत्महत्या भनेको मानिसले जीवन बाँच्न कुनै उपाय नै नभएको र जीवन बाँच्न नै नसक्ने अवस्थामा पुगेको मानिसले लिने निर्णय हो । यो हठात रूपमा लिने निर्णय भए पनि त्यस्तो निर्णय लिनु पर्ने अवस्था सिर्जना गर्ने गम्भीर कारणहरू हुनुपर्दछ वा त्यस्ता कारणहरू प्रस्ट रूपमा देखिनु पर्ने हुन् । यी मृतकलाई प्रतिवादीले शङ्का र कुटपिट गरेकै कारणले आत्महत्याजस्तो अन्तिम विकल्प रोज्न पुगी होलिन् भनी विश्वास गर्न सकिने अवस्था पनि मिसिलबाट देखिँदैन । आत्महत्या गर्ने मानिसले सुसाइड नोट लेखेर छोड्न सक्ने अवस्था पनि हुन्छ । त्यस्तै कुनै सुसाइड नोट वारदातस्थलमा फेला परेको अवस्था पनि नदेखिने ।

प्रतिवादी र मृतक एकै कोठामा बस्ने गरेको, कोठामा रहेको खाटमा प्रतिवादी सुतेको र सो खाट रहेको केही दुरीमा प्रतिवादी झुन्डिएको अवस्थामा फेला परेको देखिन्छ । मृत्यु नै रोजिसकेपछि मृतकले आफूले मर्न सक्ने सहज ठाउँ खोजी गरी झुन्डी मर्न सक्ने अवस्था रहन्छ । नजिकै श्रीमान् सुतिरहेकोमा सोही ठाउँमा आत्महत्या जस्तो कार्य गर्न सक्ने अवस्था रहँदैन । यस्तो अवस्थामा मृतक आफैँ झुन्डी मरेको हुन् भनी मान्न सकिने अवस्था नदेखिने ।

मृतक आफैँ आत्महत्या गरी मर्न सक्ने अवस्था मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको, मृतक आफैँ झुन्डी मरेको अवस्थामा पनि त्यस्तो अवस्थाकी श्रीमतीलाई देखेपछि नजिकै कोठामा रहेकी सासू तथा छरछिमेकलाई खबर गर्नुपर्नेमा सो केही नगरी बाहिरबाट ढोका लक गरी तीन तीन दिनसम्म प्रतिवादी फरार रही भागी हिँड्ने कार्य आफैँमा सन्देहपूर्ण देखिने ।

जाहेरवाला मिना गुरूङ र पूर्णिमा सारूले प्रतिवादीले नै कर्तव्य गरी झुन्ड्याई मारेको भनी अदालतमा बकपत्र गरेको, अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मृतकको चिउँडोमा खोस्रिएका जस्ता डामहरू रहेको, स्तनमाथि कोतरिएको डाम भएको, बंगारामा रगत जमेको, औंलामा लागेको चोट आफ्नै कारणले भएको भनी प्रतिवादीले स्वीकार गरेको, उक्त बयान प्रमाणमा लिन मिल्ने देखिएको, मृतकले गर्ने फोन र मृतकलाई आउने फोनको कारण मृतकप्रति प्रतिवादीले शङ्का गरी सोही निहुँमा झगडा पर्ने गरेको भन्ने देखिएको जसका कारण मृतक र प्रतिवादीबीचको वैवाहिक सम्बन्ध राम्रो र सुमधुर नरहेको, प्रतिवादीले मृतकलाई कुटपिट गरेको कुरा मिसिल संलग्न लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समेत समर्थित हुन आएको देखिएको, नारी जातिको छाती, बंगरा जस्तो संवेदनशील अङ्गमा चोट पुग्दा बेहोस हुन सक्ने अवस्थालाई अस्वीकार गर्न सक्ने अवस्था नरहेको,

मृतकलाई झुन्ड्याई मारेको अवस्थामा पनि आफैँ झुन्डी मरेको अवस्थामा देखिने समान लक्षणहरू देखिने भनी चिकित्सकले बकपत्र गर्दा उल्लेख गरेको, शव परीक्षण प्रतिवेदनमा कसैबाट बेहोस अवस्थामा झुन्ड्याएको होइन भन्न सकिन्न भनी उल्लेख गरेको जस्ता प्रमाणहरूबाट निजले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरूले गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतले गरेको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी फैसला भएकोमा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने हो कि भनी अ.बं. १८८ नं. बमोजिम विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीको मृतकलाई मार्नैपर्नेसम्मको पूर्वरिसइवी वा कारण र मार्ने पूर्वयोजना रहेको पनि देखिँदैन । प्रतिवादीलाई मार्न त्यस्तो कुनै घातक हतियार प्रयोग भएको अवस्था पनि देखिँदैन । मृतकले प्रतिवादीलाई सासू अगाडि हुँदाहुँदै कोठामा पिसाब फेरेको निहुँमा गाली गरेको र पटकपटक खाना खान बिउँझाएको कारण प्रतिवादीलाई रिस उठी रिस थाम्न नसकी एक्कासी आवेगमा आई मृतक श्रीमतीलाई कुटपिट गरी बेहोस अवस्थामा कर्तव्य गरी झुन्ड्याई मारेको अवस्था देखिएको हुँदा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा निजलाई कैद वर्ष १४ (चौध) गर्दा पनि सजायको मक्सद पूरा हुने भएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम निज प्रतिवादी अजय गुरूङलाई १४(चौध) वर्ष कैद हुने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३)नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहऱ्याई भएको फैसला सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। ठहरेबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १४ (चौध) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७३ साल कात्तिक १२ गते रोज ६ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की**, ०७०-WO-०४६९, उत्प्रेषण, खोरङ्गाखोला हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि.को तर्फबाट अधिकारप्राप्त व्यक्ति किशोर राई वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत

सम्झौतामा नै विवादको समाधान मध्यस्थतामार्फत गर्ने कुरा उल्लेख भएकोमा मध्यस्थतासम्बन्धी व्यवस्था करारका दुवै पक्षका लागि बाध्यात्मक हुने अवस्था रहन्छ। जब करारबमोजिम कुनै कार्य गर्न वा नगर्न सम्झौता हुन्छ र त्यसको परिपालना हुँदैन भने त्यस्तो अवस्थामा पक्षहरूले करारको सर्तबमोजिम मध्यस्थमार्फत विवाद समाधान खोज्न पाउँछन् । यस्तो अवस्थामा मध्यस्थमार्फत विवाद समाधान गर्ने प्रक्रियालाई रोक्न नमिल्ने।

विपक्षी उडेको स्ट्रक्ट्रो जेभिले निवेदकले सम्झौताअनुसारको दायित्वको पालना नगरेको र विवाद समाधानार्थ सोही सम्झौतामा भएको व्यवस्थाअनुसार मध्यस्थ प्रक्रिया अगाडि बढाउन नचाहेको भनी अदालतमा मध्यस्थ नियुक्त गरिपाउन निवेदन दिएकोमा निवेदन दाबीबमोजिम पुनरावेदन अदालत, पाटनबाट मध्यस्थ नियुक्त गर्ने गरी निर्णय भएको देखिएको र उक्त निर्णय पक्षहरूबीच भएको सम्झौता र प्रचलित मध्यस्थसम्बन्धी कानूनी व्यवस्थाअनुसार नै भएको देखिँदा पुनरावेदन अदालत, पाटनबाट मध्यस्थ नियुक्ति गरिदिने गरी भएको निर्णय अन्यथा देखिन नआउने।

विपक्षीमध्येका उडेको स्ट्रक्ट्रो जेभिको लिखित जवाफमा निवेदक खोरङ्गा खोला हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि.सँग भएको सम्झौताबमोजिमको काम सम्पन्न गरिसकेपछि निवेदक खोरङ्गा खोला हाइड्रो पावरले Project completion certificate जारी गरेको, विपक्षीसँग लगातार बाँकी रकमको माग गरेपश्चात्

विपक्षी र निवेदकबीच हिसाब फरफारक गर्ने हेतु मिति २०६५।६।१ का दिन अर्को एक पूरक सम्झौता सम्पन्न भएको, मिति २०६७।२।३१ मा यस जेभिले १५ दिनभित्र रकम भुक्तानी गर्नु अन्यथा मध्यस्थता प्रक्रिया सुरू गरिनेछ भनी पत्र पठाएकोमा भुक्तानी नगरिएकोले कानूनी आधारबाट रकम उठाउने ध्येयका साथ जेभिले मिति २००५ डिसेम्बर २० (तदअनुसार २०६२।९।२५ गते) सम्झौताको दफा ११ बमोजिम मध्यस्थताबाट रकम प्राप्त गर्न मिति २०६७।६।६ को पत्रमार्फत मध्यस्थता प्रक्रिया सुरू गरेको भनी उल्लेख गरेको देखिने।

निवेदक खोरङ्गा खोला हाइड्रोपावर डेभलपमेन्ट प्रा.लि. विपक्षीसँग बसी हिसाब किताब गरी मिति २०६५।६।१ गते रकम तिर्ने बुझाउने सम्झौता भइसकेको अवस्थामा मध्यस्थ नियुक्त गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, धारा १३, धारा १९, धारा २४ द्वारा प्रदत्त मौलिक तथा संवैधानिक हक एवम् कानूनप्रदत्त अन्य हक अधिकारमा प्रत्यक्ष आघात पर्न गएकोले उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेको देखिने।

निवेदकले संविधानमा व्यवस्थित उल्लिखित मौलिक हकमा पुनरावेदन अदालतबाट भएको फैसलाबाट के कसरी कुन हकको हनन् हुन पुगेको हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा खुलाई ल्याएको देखिँदैन। उपचारको माग गर्ने पक्षले विपक्षीको के कस्तो कार्यबाट के कसरी संवैधानिक तथा कानूनी हकमा आघात पुग्न गएको हो सो कुरा स्पष्ट रूपमा खुलाउन एवम् देखाउन सक्नु पर्दछ। प्रस्तुत रिट निवेदनमा निवेदकले संविधान प्रदत्त मौलिक हकको हनन् हुन गएको कुरा स्पष्ट रूपमा खुलाएर उपचारको माग गर्न आएको नदेखिने।

अतः विवेचित आधार, कारण र कानूनसमेतबाट पुनरावेदन अदालत, पाटन ललितपुरबाट मिति २०६९।७।२६ मा मध्यस्थ नियुक्ति गरी दिने गरी गरेको फैसला कानूनसम्मत नै देखिन आई उक्त फैसलाबाट निवेदकको संवैधानिक हकमा असर पुग्न गएको अवस्थासमेत नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-०४८६, निषेधाज्ञा, *उदयकृष्ण उपाध्याय वि. मैया विष्ट*

निवेदिकाले कि.नं. ४० को जग्गामा आफ्नो घर रहेको कुरा उल्लेख गरेको, कि.नं. ४० को जग्गामा निवेदिकाको घर रहेको कुरालाई विपक्षीले लिखित जवाफ लगाउँदासमेत स्वीकार गरेको देखिएको, तत्कालीन नगरपञ्चायतबाट निवेदिकाले नक्सा पास गरी घर बनाई निरन्तर भोग गरिरहेको देखिन आएको, शिलु हाउजिङ एन्ड डेभलपर्सले विपक्षी कुमारी बैंक लि. कुमारीपाटी शाखासँग धितोबन्धक तमसुक गर्दा कि.नं.४० को जग्गा मात्र उल्लेख गरेको घरको सम्बन्धमा केही उल्लेख नगरेको र विपक्षी बैंकसमेतउपर लिखत बदर, जालसाजीलगायतका मुद्दा निवेदिकाले ललितपुर जिल्ला अदालतमा दर्ता गरेकोमा उक्त मुद्दाहरू अन्तिम फैसला भई कि.नं. ४० को जग्गामा निवेदिकाको निर्विवाद हकभोग स्थापित भइसकेको नदेखिएको अवस्थामा निवेदिकालाई निज बसी आएको कि.नं.४० को जग्गामा रहेको घरमा सम्म बसोबास तथा भोग गर्ने हकबाट वञ्चित गर्ने गरी हटाउन मनासिब हुने नदेखिने।

अतः विवेचित आधार, कारणसमेतबाट कि.नं. ४० मा रहेको घरमा सम्म निवेदिकाको बसोबास र भोग गर्ने कानूनी हकमा ललितपुर जिल्ला अदालतमा विचाराधीन मुद्दा अन्तिम किनारा नभएसम्मको लागि यथास्थितिमा राखी कुनै हस्तक्षेप गर्ने गराउने कार्य नगर्नु, नगराउनु भनी विपक्षी बैंकका नाउँमा निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत, पाटनको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-०५५६, उत्प्रेषण / परमादेश, *मानभक्त महर्जन वि. मालपोत कार्यालय कलंकीसमेत*

रिट निवेदकहरूले एकाघरकी आमा श्याममाया महर्जनको रै.नं.१९६० लाई आधार लिई २०६० सालको दे.पु.नं.१२६८ / २२८३ को छुट जग्गा दर्ता कारबाहीमा संलग्नता रहेको भन्ने तथ्यलाई निवेदनमा खुलाई आएको अवस्था देखिँदैन । उल्लिखित तथ्यका सम्बन्धमा कुनै कुरा उल्लेख नै नगरी रिट निवेदक अदालत प्रवेश गरेको देखिँदा निवेदकहरू सफा हात लिएर आएको देखिएन । One who comes in equity must comes with clean hands भन्ने मान्यता रहेको सन्दर्भमा निवेदकको प्रस्तुत निवेदनलाई उचित मान्न मिल्ने नदेखिने ।

र.नं.१९६० को लगतबाट भिड्ने भनी उल्लेख भएको निवेदन दाबीका जग्गा २०५१।२।२४ को निर्णयले नेपाल सरकारको नाउँमा दर्ता भएको देखिएको र निवेदकहरूको आमा श्याममाया महर्जन रै.नं.१९६० को लगतबाट भिड्ने जग्गाका सम्बन्धमा २०६० सालमा चलाएको दे.पु.नं.१२६८/२२८३ को छुट जग्गा दर्तासम्बन्धी कारबाहीमा संलग्न रहेको देखिएकोमा सोही समयमा नै निवेदन दाबीका कि.नं. को जग्गा नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णयउपर न्यायिक उपचारको लागि निवेदकहरू अदालत आउनु पर्नेमा सो बेला चुप लागेर बसी करिव १८ वर्षपछाडि उपचारको लागि अदालत प्रवेश गरेको देखियो । यस्तो कार्यलाई अनुचित विलम्ब गरी आएको नै मान्नु पर्ने देखिन्छ । हक अधिकारमा मर्का परेको पक्षले उचित समयमा अदालत प्रवेश गरेमा नै अदालतले त्यस्तो अधिकारको संरक्षण गरिदिन सक्छ । तर निवेदन दाबीका जग्गाहरू नेपाल सरकारको नाउँमा स्रेस्ता कायम हुने गरी निर्णय भएकोमा समयमा नै न्यायिक उपचारको लागि अदालत प्रवेश गर्नुपर्नेमा नगरी लामो समय व्यतित भएपछि मात्र निवेदकहरू उपचारको लागि अदालत प्रवेश गरेको देखिँदा अनुचित विलम्बको सिद्धान्तको आधारमा मुद्दाको औचित्यभित्र प्रवेश गरी हेर्न मनासिब हुने देखिएन । तसर्थ अनुचित विलम्बको आधार लिई रिट निवेदन खारेज हुने ठहर गरेको सुरू पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा गरिरहन पर्ने नदेखिने ।

माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट पुनरावेदन अदालत, पाटनबाट रिट निवेदन खारेज गर्ने गरी मिति २०७२।२।२० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००६२, बन्दीप्रत्यक्षीकरण, *विजय उप्रेती वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मुद्दा पुर्पक्षका क्रममा निजबाट रू.सात लाख धरौट माग गरेकोमा काठमाडौं जिल्ला अदालतबाट उक्त आदेश बदर भई रू.३,००,०००।- धरौट माग गरेको र सो धरौट दाखिला गर्न नसकी यी रिट निवेदक पुर्पक्षका लागि थुनामा रहेको देखियो । कुल मागदाबीको हुन आउने ५ प्रतिशतसम्मको दायित्व मात्र यी निवेदकमा रहनेमा विवाद नदेखिने ।

रिट निवेदकबाट माग गरिएको धरौट रकम कानूनी व्यवस्थाभन्दा धेरै बढी रहेको देखिँदा मागदाबीको हुन आउने ५ प्रतिशतसम्म धरौट माग गर्नुपर्नेमा चर्को धरौट माग गरी थुनामा रहेको देखिए पनि धरौट नै माग्न नमिल्ने भन्ने अवस्था रहेको नदेखिने ।

तसर्थ, निवेदकका हकमा मागदाबीको अङ्कको ५ प्रतिशत धरौट माग गरी आदेश गर्नुपर्नेमा सोबमोजिम नगरेको हदसम्मको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आदेश कानूनसम्मत नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । साथै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा

१६३(४) को कानूनी व्यवस्थाबमोजिम रिट निवेदकबाट मागदाबीको अङ्कको ५ प्रतिशत धरौट माग गरी मुद्दाको पुर्पक्ष गर्नु भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाममा परमादेशको आदेश जारी हुने । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने मागका सम्बन्धमा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-१२२३, अंश नामसारी, *दिलीपकुमार गुप्ता वि. राधेश्याम गुप्तासमेत*

प्रतिवादी राधेश्याम गुप्ता एवम् घनश्याम गुप्ताले मिति २०५७।७।२० मा वादी प्रतिवादीबीच भएको लिखतबमोजिम हाम्रोबीच अंश लिनु दिनु बाँकी रहेको छैन भनी गरेको लिखतको सम्बन्धमा वादीले बयान गर्दा उक्त लिखतमा भएको सहीछाप आफ्नो हो भनी लिखतलाई स्वीकार गरेको देखियो । प्रतिवादीले उक्त लिखत कागज पढ्न नदिई सहीछाप गराएका हुन् भन्ने बयान गरेको देखिए तापनि सो कागज बदर गराउन कुनै कानूनी उपचारमा संलग्न रहेको भन्ने वादीको भनाइ रहेको पाइएन । उक्त कागजमा वादी दिलीपकुमार गुप्तालाई रू.११,८४,०००।- बराबरको सेयर दिई कम्पनीमा रेखदेख गरेबापत मासिक रू.६,४००।- नियमित रूपमा दिई आएकोमा आफ्नो खुसी राजीसँग कुनै बाध्यात्मक कानूनी अंशियारको रूपमा नभई सहयोगबापत सेयरको हिस्सामा वृद्धि गरिदिनु भन्ने बेहोराको लेखाई रहेको देखिन्छ । सो बेहोराको लेखाइअनुसार रू.११,८४,०००।- को लाभांशबापत आ.व.२०५८/०५९ को रू.३,२०,०००।- मिति २०५९।५।१० मा बुझिलिएको भनी वादी दिलीपकुमारले भरपाइ गरेकोबाट मिति २०५७।७।२० को लिखत निजले बयानमा लेखाएजस्तो पढ्न नपाई सही गरेको हो भन्ने देखिन नआउने ।

वादी प्रतिवादीहरूको नेपालमा बन्डा गर्नुपर्ने अचल सम्पत्ति नरहेको भनी वादी प्रतिवादीहरूले मिति २०५७।७।२० मा गरेको लिखतबाट देखिएको छ । व्यवहार प्रमाणबाट यी वादी प्रतिवादीहरू एकासगोलको भन्ने देखिँदैन । यस्तो अवस्थामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने निवेदनउपर कारबाही हुँदा वादी प्रतिवादीहरूउपर कानूनबमोजिम अंशबन्डा नभएको भनी लिइएको आधार प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन । प्रस्तुत मुद्दाका वादीले कानूनबमोजिम भारतमा अंश प्राप्त गरिसकेको देखिँदा र यी वादी प्रतिवादीहरूले नेपालमा बन्डा गर्नुपर्ने सम्पत्ति नभएकोले उक्त आदेशसँग सहमत हुन सकिएन । यस्तो अवस्थामा वादी दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत, बुटवलले गरेको फैसला मिलेको नै देखिने ।

अतः उल्लिखित आधार कारणहरूबाट वादीले अंश पाउँ भन्ने फिराद दाबी नपुग्ने ठहर गरी सुरू रूपन्देही जिल्ला अदालतले मिति २०६८।७।३ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।३।१२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार ३० गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-WO-०५५३, उत्प्रेषण, *अर्जुनबहादुर कार्की वि. माधवकुमार पाण्डे*

लेनदेन मुद्दाबाट ठहर भएको बिगो रकम सर्वप्रथम प्रतिवादीको चल अचल सम्पत्तिबाट वादीको रकम भराउनु पर्ने हुन्छ । प्रतिवादीको नाममा भएको सम्पत्तिबाट कानूनको रीत पुर्‍याई वादीको रकम अदालतले भराई दिनुपर्दछ । त्यसरी भराउँदा पनि वादीको सम्पूर्ण रकम असुलउपर नभएमा मुलुकी ऐन, दण्ड सजायको ४२(२) नं. लेनदेन व्यवहारको १९(३)

नं. बमोजिम प्रतिवादीलाई सिधा खर्च राखी वादीले कैद गराउन पाउने कानूनी व्यवस्था रहेको पाइन्छ । यस्ता कानूनका व्यवस्था हुँदाहुँदै र प्रतिवादीको नाममा जायजेथा देखिँदा देखिँदै सो सम्पत्तिबाट वादीको रकम भराउनेतर्फ कारबाही नगरी लेनदेन मुद्दाका वादीले एकैपटक प्रतिवादीलाई कैदमा राख्ने आशयले दिएको निवेदनका आधारमा पुनरावेदन अदालत, विराटनगरले मिति २०७०।१०।२ मा गरेको आदेश उत्प्रेषणको आदेशले बदर हुने।

अत: उल्लिखित कानूनी व्यवस्था एवम् मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी अर्जुनबहादुर कार्कीको नाममा रहेको जग्गाबाट वादीको लेना रकम भराउनेतर्फ कारबाही गर्नुपर्नेमा सो नगरी लेनदेन मुद्दाका प्रतिवादीलाई वादीको लेना रकम नतिरेको भनी कैदमा राख्ने गरी पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।१०।२ को आदेश र सो आदेशानुसार मोरङ जिल्ला अदालतको मिति २०७०।१०।१४ को आदेश उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

## इजलास नं. ३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-०२२८, उत्प्रेषण / परमादेश, *शालिकराम प्रजापतिसमेत वि. मालपोत कार्यालय, कलंकी काठमाडौंसमेत*

विवादित जग्गा मेरो हुनुपर्छ भनी दाबी गर्ने पक्षलाई बुझ्दै नबुझी निजबाट प्रस्तुत हुने कागज प्रमाणको समुचित विश्लेषण र मूल्याङ्कन नै नगरी विपक्षी मालपोत कार्यालयबाट गरिएको २०६७।२।२६ को निर्णय यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्त एवम् सम्बन्धित पक्षलाई सुनुवाइको मौका दिनुपर्छ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसमेतको अनुकूल देखिन नआउने।

अतः निवेदकहरूद्वारा प्रस्तुत कागज प्रमाणको समुचित मूल्याङ्कन गरी थप जो जो बुझ्नुपर्ने हो सम्पूर्ण बुझी मागबमोजिम निजको नाममा छुट जग्गा दर्ता गर्न मिल्ने नमिल्ने के हो ? भन्ने सम्बन्धमा प्राप्त प्रमाणहरूको आधारमा यकिन गरी सोका आधारमा निर्णय गर्नुपर्नेमा केबल नेपाल सरकारको नाममा दर्ता भइसकेको देखिएकाले निवेदकको नाममा दर्ता गर्न नमिल्ने भनी निवेदन तामेलीमा राखिदिने गरी भएको विपक्षी मालपोत कार्यालयको मिति २०६७।२।२६ को निर्णय कानूनी प्रक्रिया पूरा गरी भए गरेको नदेखिँदा सो निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

अब सो जग्गाका सम्बन्धमा निवेदकहरूबाट प्रस्तुत कागज प्रमाणको समुचित अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अरू थप बुझ्नुपर्ने कागज प्रमाणहरूसमेत सम्पूर्ण बुझी सोको आधारमा निवेदकहरूको दाबीअनुसार निजहरूको नाममा सो जग्गा दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा यकिन गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७०-CI-०१०९ र ०७०-CI-०११०, लिखत दर्ता बदर दर्ता, *सूर्य गिरी वि. भीमनारायण गिरी र रीता क्षेत्रीसमेत वि. भीमनारायण गिरी*

प्रस्तुत मुद्दामा वादी भीमनारायण गिरी र प्रतिवादी सूर्य गिरी परस्पर अंशियार नाताका दाजुभाइ रहेका र २०४२ सालको झापा जिल्ला अदालतको अंश मुद्दाको फैसला, २०४७।६।२२ को पारित बन्डापत्र लिखत एवम् २०६०।५।२८ को दा.खा. दर्ता गरिपाउँ

भन्ने मुद्दाको फैसलासमेतबाट पुनरावेदक सूर्य गिरीको नाममा रहेको दाबीको कि.नं.३२७ को जग्गामा प्रत्यर्थी वादीको अंश हक निहित रहेको देखिइरहेको अवस्थामा वादी दाबीबमोजिम वादीको हकजतिको ०-२-० जग्गाको लिखत दर्ता बदरसमेत हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको फैसला मिलेको देखिने।

तसर्थ उपर्युक्त आधार एवम् प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको झापा जिल्ला अदालतको फैसला उल्टी भई वादी दाबीअनुसार दाबीको कि.नं.३२७ क्षेत्रफल ०-८-० जग्गामध्ये वादीको हकजति ०-२-० जग्गाको हदसम्मको मालपोत कार्यालय, झापाको र.नं.८१२९(क) मिति २०६६।११।२१ को पारित राजीनामा लिखत र सो लिखतबाट प्रतिवादीहरू रीता क्षेत्री, सविता बास्तोला र विमलादेवी भट्टराईका नाउँमा भएको दर्तासमेत बदर भई उक्त ०-२-० जग्गा नरमगरम मिलाई वादीको नाउँमा दर्ता कायम गरिदिने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७०-CR-०६४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यामबहादुर लिम्बूसमेत*

मिसिल संलग्न कागजातहरूबाट बुद्धराज राईले कुटपिट गरेको भन्नेबाहेक अरू कसैले यसरी कुटेको भनी कहीँकतैबाट खुल्न आएको अवस्था पनि देखिँदैन । दोहोरो वादविवाद भई कसुर ठहर भएका प्रतिवादी बुद्धराज राईले निज रिजन लिम्बूलाई कुटेको र निजकै प्रहार गरेको चोटबाट रिजन लिम्बूको मृत्यु भएको पुष्टि भई निज बुद्धराज राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको फैसला मिति २०७३।५।१ मा यस अदालतबाट सदर हुने ठहरी फैसला भएको परिप्रेक्ष्यमा यी प्रत्यर्थी प्रतिवादीहरू यसले यस्तो तरिकाले निज रिजनको शरीरको यस भागमा प्रहार गरे भनी प्रमाणबाट देखिन नआउँदासम्म निजहरूलाई अभियोग दाबीको कसुर ठहर गर्नु न्यायोचित नहुने।

प्रत्यर्थी प्रतिवादीहरूउपर अभियोग दाबीको कसुर प्रमाणित हुन नसके पनि निज प्रतिवादीहरूले आफूहरू वारदातमा उपस्थित रहेको भन्ने बेहोरा उल्लेख गरी करिब एकै मिलानको बयान अनुसन्धानको क्रममा गरेको देखिन्छ । निजहरूको वारदातस्थलमा उपस्थितिलाई प्रत्यक्षदर्शी एलिजा लिम्बूको बकपत्रसमेतबाट पुष्टि हुन आउँछ । सहअभियुक्त प्रतिवादी सुमन तामाङले अदालतमा बयान गर्दा प्रतिवादी बुद्धराजले रिजनलाई एक चड्कन हानेको र निजलगायत अन्यले रिजनको साथीहरूलाई कुटेको भनी बेहोरा लेखाएको पाइन्छ। यसबाट यी प्रतिवादीहरू वारदातस्थलमा उपस्थित भई रिजन लिम्बूउपर कुटपिट वारदातमा मतलबी भएको अवस्था प्रमाणित भएको हुँदा निजहरूका हकमा न्यायिक मनको प्रयोग गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कसुर कायम गरेको पुनरावेदन अदालतको इन्साफ मनासिब देखिने।

तसर्थ उपर्युक्त विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीहरू सुधिन भन्ने यामबहादुर लिम्बू, शिवकुमार तामाङ, पूर्ण लिम्बू, बिमल तुम्वापो लिम्बू, सुमन तामाङ र विरबहादुर तामाङलाई ऐ. ऐनको १७(३) नं.बमोजिम जनही ३ वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको २०६९।९।३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ** , ०७१-CR-०९५७, बहुविवाह, *चुनाकुमारी मगर वि. नेपाल सरकार*

अदालतबाट मिति २०७१।१०।५ मा मुद्दा दोहोऱ्याई हेर्न अनुमति दिँदा प्रतिवादी चुनाकुमारी मगरले बहुविवाह जानीजानी गरेको हो वा होइन भन्ने सबुत प्रमाणको अभावमा मुलुकी ऐन, विहावारीको महलको १० नं. अनुरूप सजाय गर्ने गरेको सुरू उदयपुर जिल्ला अदालत र पुनरावेदन अदालत, राजविराजको फैसलामा विहावारीको महलको १० नं. को व्याख्यात्मक त्रुटि रहेको भन्ने आधार लिएको देखिन्छ । अतः प्रतिवादीमध्येकी चुनकुमारी मगरलाई प्रतिवादी शेरबहादुर मगरको पहिलो श्रीमती भएको कुरा थाहा थियो वा थिएन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादी चुनकुमारी मगर प्रतिवादी शेरबहादुर मगरको दाजुको साली नाताको भएको देखिन्छ । पारिवारिक नातासमेत भएको व्यक्तिको पहिला नै विवाह भइसकेको भनी यी प्रतिवादी चुनकुमारीलाई थाहा थिएन भनी मान्न मिल्ने नदेखिने।

जाहेरवालाले आफू पहिलो श्रीमती भएकोमा प्रतिवादीले दोस्रो विवाह गरेको भनी किटानी जाहेरी दिई प्रतिवादीहरूको विवाह भएको विवाह दर्ता प्रमाण पत्रसमेत पेस गरेको, प्रतिवादी शेरबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले दोस्रो विवाह गरेको भनी स्वीकार गरेको, मौकामा बुझिएको मानिस तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत प्रतिवादी शेरबहादुर मगरले जेठी श्रीमती हुँदाहुँदै विवाह गरेका हुन् भनी कागज गरिदिएको तथा प्रतिवादी चुनकुमारी प्रतिवादी शेरबहादुर मगरको भाउजूको बहिनी नाताको व्यक्ति भएको अवस्थामा प्रतिवादी शेरबहादुर मगर विवाहित भएको जानकारी निजलाई थिएन भनी मान्न मिल्नेसमेत नदेखिई यी प्रतिवादीहरू शेरबहादुर मगर र चुनकुमारी मगरले मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. विपरीतको कसुर गरेको देखिँदा सुरू उदयपुर जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी मुलुकी ऐन, विवाहवारीको महलको १० नं. बमोजिम प्रतिवादीहरू शेरबहादुर मगर र चुनकुमारी मगरलाई एक (१) वर्ष कैद र रू ५,०००।- जरिवाना गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७२-CI-०४१२, लिखत दर्ता बदर दर्ता, *विमलादेवी कलवारीनसमेत वि. रूपेस साह कलवारसमेत*

प्रस्तुत मुद्दामा वादीहरूमध्ये विमलादेवी र नागेश्वरप्रसाद लोग्ने स्वास्नी रहेको भन्ने देखिन्छ । निज विमलादेवीले विवादको उक्त कित्ता जग्गाहरू मिति २०६५।८।२९ मा प्रतिवादी रूपेसलाई हक हस्तान्तरण गरेको र स्त्री अंशधनको महलको ५ नं. एवम् अंशबन्डाको १८ नं. ले दाबीको कित्ता जग्गाहरूमा निज लोग्ने नागेश्वरको अंश हक रहन सक्ने अवस्था देखिएन। त्यसैगरी पुनरावेदक वादी विमलादेवीले आफैँले हक हस्तान्तरण गरेर दिएको दाबीको कि.नं. १११, ७० र ४५ को जग्गाहरूमा निजको समेत अंश हक रहन नसक्ने हुँदा पुनरावेदकहरू नागेश्वर साह कलवार र विमलादेवी कलवारीनको हकमा दाबीको लिखत बदर नगरेको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत देखिन आउने।

पुनरावेदक वादी मुकेश साहको हकमा हेर्दा दाबीको कि.नं.१११, ७० र ४५ का जग्गाहरू प्रतिवादी रूपेस साहले आफ्नो आमाबाट हक हस्तान्तरण भई प्राप्त गरेको, वादी प्रतिवादीहरू एकासगोलमा रही अंशबन्डा नभएकोसमेतबाट उक्त कित्ता जग्गाहरूमा यी पुनरावेदक मुकेशको समेत अंश हक लाग्ने सगोलको सम्पत्ति भन्ने माथिको विवेचनाबाट स्पष्ट भएको छ । दाबीको जग्गा बिक्री हक हस्तान्तरण गर्दा सो गर्ने प्रतिवादी रूपेस साह कलवारले घरको मुख्यको हैसियतले गरेको भन्ने नदेखिएको हुँदा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. एवम् अंशबन्डाको महलको १८ नं.को प्रयोजनको लागि आफूखुस गर्न पाउने पनि

देखिएन । निज वादी मुकेश र प्रतिवादी रूपेस एउटै आमा बाबुका एकासगोलका दाजुभाइ रहेको हुँदा मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. समेतको कानूनी व्यवस्थाबाट दाबीको कि.नं.१११, ७० र ४५ को जग्गाहरूमा वादी मुकेशको अंश हक निहित रहेको देखिएकोले निजको हकमा सम्म दाबीको लिखत बदर गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालतको फैसला नमिलेकोले उल्टी हुने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट वादी दाबीको कित्ता जग्गाहरूमा वादीहरूमध्ये मुकेश साह कलवारको अंश हक निहित रहेको देखिएको हुँदा दाबीको बारा जिल्ला पिपरपाती गा.वि.स. पचरौता वडा नं.४ कि.नं.१११ को ज.वि.०-०-१५, ऐ.वडा नं.५ कि.नं.७० को ज.वि.०-०-५, ऐ.को कि.नं.४५ को ज.वि.०-०-७ जग्गा र सोमा बनेको घरसमेत प्रतिवादी रूपेस साह कलवारले सुनैनादेवी कलवारिनलाई र.नं. ७३३।३ मिति २०६५।८।२९ मा हक हस्तान्तरण गरेको जग्गाको वादी मुकेश साह कलवारको अंश हकजति ४ भागको १ भाग उत्तरतर्फबाट लिखत बदर हुने भई निज वादी मुकेश साह कलवारको नाउँमा दर्तासमेत हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६८-CI-१४२४, अंश दर्ता, *गायत्रीदेवी साहसमेत वि. लक्ष्मणप्रसाद साहसमेत*

गायत्री देवीका नाउँमा मिति २०५४।५।१५ मा लाहान नगरपालिका ७(ख) कि.नं. ३४६ को ०-१-० र लहान मौजे सिंहराही मटिअर्वाको कि.नं. १५०३ को ०-०-७ मध्येबाट ०-०-४ जग्गा पुनरावेदक प्रतिवादीको नाउँमा राजीनामाबाट हक हस्तान्तरण भई आएको पाइयो । उक्त जग्गा पुनरावेदक प्रतिवादी गायत्रीदेवीले दाइजोसमेतको रकमबाट खरिद गरेको स्त्री धन भई आफूखुस गर्न पाउने सम्पत्ति रहेको भन्ने जिकिर लिएको पाइन्छ । स्त्री अंशधनअन्तर्गतको सम्पत्ति हो भनी दाबी लिए पनि सो सम्पत्ति स्त्रीधनअन्तर्गतको हो भनी ठोस प्रमाण पेस गरी पुष्टि गर्न सकेको देखिएन । स्त्रीधन भनी पुष्टि नै हुन नसकेको सम्पत्तिलाई दाइजो पेवाबाट प्राप्त सम्पत्तिबाट खरिद गरी लिएको भनी दाबी लिएको मात्र आधारमा अंश नलाग्ने सम्पत्ति भनी व्याख्या गर्न मिल्दैन । एकासगोलमा रहेका अंशियारहरूको नाममा रहेको जग्गा जुनसुकै तवरबाट प्राप्त हुन आए पनि त्यसलाई सगोलको सम्पत्ति मान्नु पर्छ । वादीहरूसँग एकासगोलमा रहेकी गायत्री देवीको नाममा राजीनामाबाट प्राप्त हुन आएको उक्त जग्गालाई अंशियारहरूबीच अंश नलाग्ने सम्पत्ति भन्न मिलेन । पुनरावेदन अदालतको फैसलाको तपसिल खण्डमा उक्त कित्ता जग्गा उल्लेख हुन छुट भएको देखिए पनि पक्षले निवेदन दिएका बखत तपसिल खण्डमा संशोधन गर्न सकिने अवस्था रहेको देखिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाण र कारणको आधारमा वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सिराहा जिल्ला अदालतको मिति २०६५।८।२९ को फैसला उल्टी गरी तायदाती फाँटवारीमा देखाइएको ऋणको हकमा साहुको उजुरी परेका बखत कानूनबमोजिम हुने गरी वादी दाबीबमोजिम वादीहरूले ४ (चार) खण्डको २ (दुई) खण्ड अंश छुट्याई लिन पाउने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।३।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-१४२५ र ०६९-CI-०३५५, लिखत बदर दर्ता बदर, *गायत्रीदेवी साह वि. सीताराम साह र सीमाप्रसाद कलवारनी वि. भरत साहसमेत* भएको मुद्दामा पनि यसअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-WO-०३२९, उत्प्रेषण, *श्रीचन्द्र अडिगा वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकले निवेदन पत्रमा आफ्नो वतन 1700 North Tully Road, G101, Turlock, California भनी नेपालमा आफनो घर वतन नभएको भनी काठमाडौं जिल्ला अदालतबाट तामेल भएको म्यादलाई बेरीतको भनी दाबी लिएको देखिए तापनि ऐ.बेरीतको म्याद बदर गरिपाउँ भनी म्यादभित्र कारबाहीमा गएको अवस्था देखिँदैन भने प्रस्तुत निवेदनमा समेत म्याद बदरको मागदाबी देखिँदैन । त्यसैगरी प्रस्तुत रिट निवेदनको प्रकरण नं.४ मा काठमाडौं जिल्ला अदालतको फैसला उत्प्रेषणको आदेशद्वारा बदर गरी फैसलाले बन्डा लाग्ने ठहर गरेको घर जग्गा यथावत् निवेदकको नाममा राखी निवेदकलाई भोग चलन गर्न दिनु दिलाउनु भन्ने परमादेशको आदेश तथा घरजग्गामा विपक्षी विनिता अडिगालगायत कसैको हक कायम नगर्नु नगराउनु भनी प्रतिषेधको आदेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरिपाउँ" भन्ने मागदाबी लिएकोबाट आफैँले मेरो वतन छैन भनी उल्लेख गरेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.९ मा निवेदकको घर रहेको र निजको भोगचलनमा समेत रहेको भन्ने प्रमाणित भई निवेदकको नेपालमा वतन नरहेको भन्ने दाबी पूर्णतः खण्डित भएको प्रमाणित हुने ।

निवेदकले आफ्नो वतन नेपालमा नरहेको भनी जिकिर लिए तापनि निजको नाउँमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.९ कि.नं.३८७ मा घरजग्गा रहेको संलग्न अंश मुद्दाबाट देखिएको सो घरजग्गा काठमाडौं जिल्ला अदालतको फैसलाबाट कित्ताकाट भई कित्ता नं.३९९ र कि.नं.४०० कायम भई सो कित्तामा घरसमेत रहेको र बन्डा लगाउने कामसमेत भएको देखिन आउँछ । निवेदकको नेपाली नागरिकतासमेत रहेको र सो नागरिकता परित्याग गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आएन । निवेदकले आफ्नो बाबुबाट अंशप्राप्त गरी निजको नाउँमा घरजग्गासमेत रहे भएको अवस्था देखिँदा मेरो नेपालमा वतन नै छैन, नेपालको वतनमा म्याद तामेल गरेको मिलेन भन्ने जिकिर कानूनसम्मत देखिएन । मान्य अदालतबाट कानूनबमोजिम निवेदकको नेपालको वतनमा म्याद तामेल गरी भएको फैसलालाई बदर गर्न नमिल्ने ।

तसर्थः विवेचित आधार, कारण तथा प्रमाणहरूबाट काठमाडौं जिल्ला अदालतको अंश चलन मुद्दामा तामेल भएको म्याद रीतपूर्वकको देखिन आएबाट निवेदकको मागबमोजिम उत्प्रेषण, परमादेश, निषेधाज्ञालगायत कुनै आज्ञा आदेश जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल वैशाख २४ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७२-WO-०३३०, उत्प्रेषण, *श्रीचन्द्र अडिगा वि. काठमाडौं जिल्ला अदालतसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७१-CI-००३१, मोही हक लगत कट्टा, *इन्द्रबहादुर वनमाला वि. भैलबहादुर वनमाला*

मोही कायम रहेको जग्गामा मोहीको हक निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, नाति, नातिनीसमेतका जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने भन्ने ऐ. ऐनको दफा २५ (१) मा व्यवस्था भएको पाइन्छ । यसरी कानूनबमोजिम मोही हक छाडी दिएको अवस्थाको विद्यमानता पुष्टि हुन नसकेको अवस्थामा मोहीको मृत्युपश्चात मोहियानी हक निजको हकवालामा सरेर जाने नै देखिने ।

सानु वनमाला तथा प्रतिवादी भैलबहादुर वनमालाको वतन नै फरक रहेबाट भैलबहादुर वनमाला मोही सानु वनमालाका हकवाला होइनन् भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा मोही महलमा सानु वनमाला भक्तपुर चमल पोखरी उल्लेख भएको पाइन्छ । प्रत्यर्थी

प्रतिवादी भैलबहादुर वनमालाले रत्नकुमार वनमाला भन्ने सानु वनमाला आफ्नो बाजे भनी जिकिर लिएको पाइयो । सानु वनमाला भक्तपुर चमल पोखरी उल्लेख भएको व्यक्ति र नाता प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रमा रत्नकुमार वनमाला भक्तपुर नगरपालिका वडा नं. ३ उल्लेख भएका व्यक्ति फरकफरक नभई एउटै व्यक्ति निवेदक भैलबहादुर वनमालाका हजुरबुबा हुन् भनी भक्तपुर नगरपालिकाबाट सिफारिस भई आएको मिसिल संलग्न कागजबाट देखियो । यसरी प्रत्यर्थी प्रतिवादी भैलबहादुर वनमाला दाबीको जग्गाका मोही सानु वनमालाका हकदार रहेको र सो जग्गाको मोही लगत कायमै रहेको अवस्थामा कानूनबमोजिम भैलबहादुर वनमालाको हक लाग्ने नै देखिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट दाबीका कि.नं. ६३ र ६५ को जग्गाको मोही लगत कट्टा हुने गरी भूमिसुधार कार्यालयबाट मिति २०६८।९।१८ मा भएको फैसलालाई उल्टी ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।८।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल वैशाख ७ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७१-CI-०२०१, उत्प्रेषण, *पलट महतो वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत*

शिक्षा नियमावली, २०५९ को नियम २२ङ खुला प्रतियोगिताबाट पूर्ति गर्ने सन्दर्भमा आकर्षित हुने व्यवस्था भएको र प्रधानाध्यापकको नियुक्ति खुला प्रतियोगिताबाट हुने नभई सोही तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट नियुक्ति गरिनु पर्ने पद रहेको देखिँदा प्रधानाध्यापकको नियुक्तिका लागि विज्ञापन गर्दा ३० दिनको म्याद दिनै पर्ने भनी व्याख्या गर्न नमिल्ने ।

पेसा रोजगारको अधिकार हनन् भएको विषयमा जहिलेसुकै चुनौती दिन पाउने अधिकार रहेको हुन्छ भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा रिट क्षेत्राधिकारमा हदम्यादको व्यवस्था गरिएको हुँदैन भनी आफ्नो अधिकारको हनन् हुने व्यक्तिले उपचारको लागि समयमै पहल नगरी सुतेर बस्ने र आफूलाई जहिले मन लाग्यो तहिले उपचार खोज्न जान्छु भन्न विलम्बको सिद्धान्तले रोक लगाएको हुन्छ । विलम्बको सिद्धान्तमा हदम्यादमा जस्तो उजुरी गरिसक्नु पर्ने अन्तिम समयको किटान गरिएको नभए पनि गुमेको हक अधिकार स्थापित गराउन मर्का पर्ने पक्षले आफ्नो हक अधिकार स्थापित गराउन समयमै पहल गर्दागर्दै पनि लामो समय लाग्न गएको अवस्था पुष्टि भएको हुनुपर्छ । सुतेर बस्ने व्यक्तिलाई अदालतले सहयोग गर्न नसक्ने ।

आफ्नो हक अधिकारमा आघात पर्ने व्यक्तिले पहिले चुप लागेर बस्ने र आफूलाई मन लागेको समयमा अदालत प्रवेश गर्न पाउँछ भनी व्याख्या गर्न मिल्दैन । पुनरावेदकले २०६७।९।२२ मा भएको निर्णय बदरका लागि करिब १७ महिनापश्चात् उपचारको लागि रिट क्षेत्रबाट अदालत प्रवेश गर्नु पर्नाको उचित कारण खुलाउन सकेको पाइएन । विलम्बले समन्यायलाई पनि पराजित गर्छ भन्ने विलम्बको सिद्धान्तको मान्यता रहेको हुँदा आफ्नो हक अधिकारमा आघात पर्ने व्यक्तिले उपचारको लागि समयमै सचेत रहेको भन्ने पुष्टि गर्न नसकेको अवस्थामा विलम्बको सिद्धान्त आकर्षित हुने नै देखिँदा पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

अतः विवेचित तथ्य एवम् प्रमाणसमेतका आधारमा पुनरावेदकले प्रधानाध्यापकको लागि आवेदन दिन प्रकाशित सूचनाअनुसार आवेदन नै नदिएका र आवेदन दिनेमध्येका शिक्षक धर्मदास सिंहलाई प्रधानाध्यापकमा नियुक्त गरेपछि आफ्नो हक अधिकारमा आघात परेको भनी हक अधिकार स्थापित गराउन विलम्ब गरी रिट दायर गर्नु पर्नाको कारण पुष्टि गर्न सकेको नदेखिँदा विलम्ब गरी अदालत प्रवेश गरेको भन्ने आधारमा रिट खारेज हुने ठहर गरी पुनरावेदन अदालत,

जनकपुरबाट मिति २०६९।९।२४ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत ४ गते रोज १ शुभम्।

- यसै लगाउको ०६९-CI-००४९, निषेधाज्ञा / परमादेश, *पलट महतो वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७१-CI-०५६६, अंश चलन, *सुर्जाकुमारी राजवंशीसमेत वि. भारती राजवंशीसमेत*

अंशबन्डाको लिखत जालसाज नठहरिएको अवस्थामा घर व्यवहारका लागि घरमूलीले अंशबन्डाको महलको १९(२) नं. बमोजिम राजीनामा गरिदिएको लिखतलाई जालसाज ठहर गरी सो लिखतबमोजिमको सम्पत्तिबाट प्रत्यर्थी वादीहरूले अंश पाउने ठहर गरेको कार्य कानूनविपरीत रहेको भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा माथि उल्लेख भएअनुसार प्रतिवादीहरूमध्ये पुनरावेदक प्रतिवादी लक्ष्मीप्रसाद राजवंशीले अन्य अंशीहरूबाट आफ्नो भाग अंश बुझी लिएको अंश भरपाइको लिखत जालसाज घोषित गरिपाउँ भन्ने वादी दाबी भएकोमा सो लिखत जालसाज नठहरी सुरू जिल्ला अदालतबाट भएको उक्त फैसलाउपर वादीहरूको पुनरावेदन नपरेबाट उक्त अंश भरपाइको लिखत सदर कायम रहे भएको अवस्था रहेको पाइने।

अंश भरपाइको लिखतबमोजिम प्राप्त सम्पत्ति घरमुलीको हैसियतले घर व्यवहार चलाउन प्रतिवादीमध्येका राजकुमार राजवंशीलाई राजीनामा पारित गरी दिएको भनी पुनरावेदक प्रतिवादीले दाबी लिए पनि पुनरावेदक प्रतिवादीमध्येका लक्ष्मीप्रसाद राजवंशीले आफ्ना श्रीमती, छोरा, छोरीको लालनपालन नगरी घरबाट निकाला गरेको भनी प्रत्यर्थी वादीले लिएको दाबीलाई पुनरावेदक प्रतिवादीले अन्यथा भन्न नसकेको अवस्थामा आफ्नो अंश भागमा बराबर हिस्सेदार रहेका प्रत्यर्थी वादीहरूको अंश मार्ने गरी भएको मिति २०६६।२।११ को र.नं.६२०९(क) को राजीनामाको लिखत जालसाज घोषित भइरहेको अवस्थामा सो लिखतबमोजिमको सम्पत्तिमा प्रत्यर्थी वादीहरूको अंश भागमा पर्ने ४ मध्ये ३ भाग प्रतिवादीमध्ये लक्ष्मीप्रसाद राजवंशीबाट वादीहरूले अंश पाउने ठहर गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित तथ्य एवम् प्रमाणको आधारमा लगाउको जालसाज मुद्दामा मिति २०६६।२।११ को राजीनामा लिखतलाई जालसाज ठहर गरी प्रस्तुत मुद्दामा वादीहरूलाई अंश नदिलाएको सुरू झापा जिल्ला अदालतको मिति २०६९।३।२१ को फैसलालाई सो हदसम्म उल्टी गरी लगाउको जालसाज मुद्दामा जालसाज ठहरेको मिति २०६६।२।११ को पारित लिखतमा उल्लिखित जग्गाहरूलाई ४ भाग लगाई ४ भागको ३ भाग वादीहरूले अंश पाउने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल वैशाख ७ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-CR-१४४९, चेक अनादर, *श्यामबहादुर श्रेष्ठ वि. महेन्द्र निर्मल दाहालसमेत*

विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क मा "बैङ्कमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैङ्कसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैङ्कबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा

उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था छ । उक्त कानूनी व्यवस्थाअनुसार चेक काट्ने व्यक्तिले खातामा रकम छैन भन्ने जानीजानी चेक काटेको अवस्थामा त्यस्तो व्यक्ति सजायको भागीदार हुने देखिन्छ । प्रतिवादी महेन्द्र निर्मल दाहालको दस्तखतबाट खाता सञ्चालन पनि नभएको, उक्त चेकमा निजले दस्तखत पनि नगरेको एवम् पुनरावेदक वादीलाई चेक दिने कामसमेत निजले नगरेको अवस्थामा प्रा.लि. को सञ्चालक भएको भन्ने मात्र आधारमा चेक अनादर मुद्दामा कारबाही गर्न कानूनसम्मत नदेखिने ।

अतः विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीमध्येका महेन्द्र निर्मल दाहाललाई चेक अनादर मुद्दामा रू.५००।- जरिवाना गरी निजबाट चेकमा उल्लिखित रकमको एक तिहाइले हुने रू.१,६६,६६७।- साँवा र ब्याजसमेत भराइदिने र चेक दुइजनाले काटेकोमा ३ जनालाई कसुरदार कायम गरी पवन घिमिरेबाट रू.१,६६,६६७।- साँवा र सोको ब्याज भराइदिने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।३।१७ मा भएको फैसला सो हदसम्म उल्टी गरी प्रतिवादी महेन्द्र निर्मल दाहाललाई कसुरबाट सफाइ दिई रू. ५ लाखको चेक गणेश कार्की र पवन घिमिरेले काटेकोमा चेक अनादर भई आएकोले गणेश कार्कीलाई प्रतिवादी नै नबनाएको हुँदा जम्मा बिगो रू. ५ लाखको आधा अर्थात् रू.२,५०,०००।- (दुई लाख पचास हजार रूपैयाँ) र सोको सयकडा १० प्रतिशतका दरले चेक जारी भएका मितिदेखि भरिभराउको अवधिसम्मको ब्याज प्रतिवादी पवन घिमिरेबाट पुनरावेदक वादी श्यामबहादुर श्रेष्ठले भराई पाउने र प्रतिवादी पवन घिमिरेलाई रू.५००।- जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।५।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल वैशाख ७ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६६-CI-१०८५, अंश, *पदमबहादुर दाहालसमेत वि. कुलबहादुर दाहाल*

वादी र प्रतिवादीका बीचमा अंश हक छुट्याई भिन्न भई बसेको भन्ने कुनै लिखत प्रमाणबाट स्थापित नहुँदासम्म वादी र प्रतिवादी एकासगोलका अंशियार रहेको भनी मान्नु पर्ने देखिन आउँछ । एकासगोलमा रहेका वादी र प्रतिवादीका बीचमा चुलो मानो छुट्टिएको भन्ने कुनै लिखत प्रमाणसमेत नरहेको परिप्रेक्ष्यमा अंशको दाबी गरी सुरू अदालतमा फिराद परेको अघिल्लो दिनलाई चुलो मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको बन्डा लाग्ने श्रीसम्पत्तिमा अंशियाराको अंश हक निहित रहेको मान्नु पर्ने ।

वादी र प्रतिवादीहरूका बीचमा एकासगोलका अंशियाराको सम्बन्ध स्थापित भइरहेको परिप्रेक्ष्यमा निजहरूका बीचमा चुलो मानो छुट्टिएको मितिको यकिन हुनको लागि सोबमोजिमको कुनै वैध लिखत प्रमाणले पुष्टि गरेको हुनुपर्ने हुन्छ । सोअनुसार पुष्टि प्रमाणित नगरेसम्म सोही फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी सो मितिसम्मको बन्डा गर्नुपर्ने सम्पूर्ण चल अचल श्रीसम्पत्तिको तायदाती फाँटवारी लिनु पर्ने नै हुने ।

वादी प्रतिवादी जिम्मामा रहेको श्रीसम्पत्तिको तायदाती फाँटवारी पेस दाखिला गर्ने क्रममा बन्डा गर्नुपर्ने श्रीसम्पत्तिको विवरण खुलाई प्रतिवादी जिम्मामा रहेको श्रीसम्पत्तिको तायदाती फाँटवारीसमेत सुरू अदालतसमक्ष वादीबाटै पेस दाखिला गरिएको देखिन आएको छ । यी पुनरावेदक प्रतिवादीहरू जिम्माको उक्त जग्गा जमिन श्रीसम्पत्तिमध्येको प्रतिवादीको निजी तथा स्वःआर्जनको सम्पत्ति हो भनी प्रतिवादीले सुरू अदालतसमक्ष आफ्नो प्रमाणबाट खम्बिर गराउन

सकेकोसमेत देखिन आएको नपाइने।

प्रत्यर्थी वादी र पुनरावेदक प्रतिवादीहरूको बीचमा कुनै पैतृक एवम् पुर्ख्यौली सम्पत्ति नरहेको भन्ने आधारमा मात्र अंशियारहरूका नाममा रहेको सम्पत्तिमा बन्डा लाग्न सक्तैन भन्ने अर्थमा हेरिन मिल्ने हुँदैन । एकासगोलमा रहेका अंशियार परिवारहरूमा रहेको सम्पत्तिमध्ये यो यस सम्पत्तिमा बन्डा लाग्ने होइन भनी अन्यथा प्रमाणित नभएसम्म उक्त सम्पत्तिलाई सगोलको सम्पत्ति हो भनी मान्नु पर्ने हुन्छ । सुरू अदालतसमक्ष अंशको दाबी परी वादी र प्रतिवादीहरू एकासगोलका अंशियारा रहेको देखिएबाट उक्त अदालतबाट माग गरिएको तायदाती फाँटवारीमा उल्लिखित घर जग्गासहितको श्रीसम्पत्तिमा वादीको समेत अंश हक निहित रहेको भनी सुरू अदालतबाट वादीले २ भागको १ भाग अंश हक छुट्याई लिन पाउने भनी सुरू इलाम जिल्ला अदालतबाट भएको मिति २०६४।३।१४ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६४।११।८ मा भएको फैसला अन्यथा नदेखिने।

तसर्थ विवेचित आधार, कारण एवम् प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा सुरू अदालतसमक्ष पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमा २ भाग लगाई सोको १ भाग अंश वादीले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने भनी सुरू इलाम जिल्ला अदालतबाट मिति २०६४।३।१४ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६४।११।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CR-११९७, बहुविवाह, *नेपाल सरकार वि. शेखरराज महतसमेत*

मुलुकी ऐन, विहावारीको ९क ले “यसै महलको ९ नम्बरबमोजिम विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिई भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा स्वास्नीको सहमति लिनु पर्नेछ” भनी व्यवस्था भएको देखिन्छ । उक्त व्यवस्थाअनुसार जेठी श्रीमतीको मन्जुरीमा श्रीमान्ले अर्को विवाह गर्नसक्ने नै देखियो । प्रस्तुत मुद्दामा प्रतिवादीमध्येको शेखरराज महतले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा जाहेरवाली जेठी श्रीमतीले विवाहपछि राम्रो व्यवहार नगर्ने र माइतीमा नै बस्ने गरेकोमा यसरी चल्दैन भन्दा पाल्न सक्छस् भने विवाह गर् भनेपछि दोस्रो विवाह गरेको कुरा स्वीकार गरेको भए तापनि जाहेरवालीले अदालतसमक्ष आई बकपत्र गर्दा मेरो श्रीमान् प्रतिवादी शेखरराज महतले काठमाडौंमा व्यापार र अध्ययन गर्ने हुँदा घरमा समय दिन नसक्ने र मैले पनि अध्ययन र घर व्यवहार चलाउनु पर्ने भएको कारण मेरो सहमतिले दोस्रो विवाह गरेका हुन् । प्रतिवादीहरू निर्दोष छन्, सफाइ पाउनु पर्छ भनी बकपत्र गरेको र उक्त जाहेरवालीको बकपत्र बेहोरा प्रतिवादीहरूको साक्षी र बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्रसमेतबाट समर्थन भई पुष्टि भएबाट प्रतिवादी शेखरराज महतले जाहेरवालीको सहमतिमा नै दोस्रो विवाह गरेको कुरालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादीहरू शेखरराज महत र एलिसा श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६६।३।१६ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CI-१३१३, अंश दपोट, *उमा शर्मा पराजुली वि. रामकुमारी पराजुली*

मिति २०३८।३।१५ मा रजिस्ट्रेसन नम्बर ९०२१ को लिखतबाट उक्त कि.नं.१२ र ३३ को जग्गाहरू निज पुनरावेदक प्रतिवादी उमा शर्माले राजीनामा गरी लिई पाएको देखिन्छ । उक्त सम्पत्ति पैतृक रूपबाट प्राप्त भएको नदेखिए तापनि निज वादी / प्रतिवादीहरू एकासगोलमा रहँदाका अवस्थामा प्रतिवादी उमा शर्मा पराजुलीको नाममा राजीनामाको लिखतबाट पारित भई आएको देखिँदा उक्त सम्पत्तिलाई निजी आर्जनको बन्डा नलाग्ने प्रकृतिको सम्पत्ति मान्न नमिल्ने।

अंशबन्डाको महलको १८ नं. बमोजिम मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती उद्योग व्यापार व्यवसायबाट बढेबढाएको सगोलको आर्जन र सगोलको ऋण सबै अंशियारलाई भाग लाग्ने व्यवस्था रहेबाट समेत निज प्रतिवादी पुनरावेदक उमा शर्मा पराजुलीको नाममा रहेको उक्त कि.नं. १२ र ३३ को जग्गाहरू एकासगोलमा रहँदा आर्जेको सम्पत्ति भई सबै अंशियारहरूबीच बराबर बन्डा लाग्ने नै देखिने।

तायदाती फाँटवारी दिनुपर्ने दायित्वका व्यक्तिले दबाए छपाएको छैन भनी धर्म भकाई कागज गरे भएको भनी वादीले दाबी लिएको र सो दाबी पुष्टि गर्न सकेकोसमेत नदेखिँदा यस्तो अवस्थामा प्रतिवादीमध्येको स्थीरप्रसाद पराजुलीले पेस गरेको तायदाती फाँटवारीमा पुनरावेदक प्रतिवादी उमा शर्मा पराजुलीको नाममा रहेको उक्त कि.नं.को जग्गा उल्लेख नगरी दबाए छपाएको भन्न मिल्ने अवस्था नभए पनि त्यसमा वादीसमेतको अंश हक लाग्ने सक्ने भने देखिने।

अतः वादी दाबीको कि.नं. १२ र कि.नं. ३३ को जग्गा अंश दपोट ठहऱ्याई वादीका नाममा दाखिल खारेज दर्ता हुने गरी सुरू ओखलढुङ्गा जिल्ला अदालतबाट मिति २०६५।३।५ मा भएको फैसला उल्टी गरी वादीले विवादित जग्गाबाट पाँच खण्डको एक खण्ड अंशबापत छुट्याई लिन पाउने ठहऱ्याई भएको मिति २०६७।५।९ को पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-१३१४, अंश दपोट, *उमा शर्मा पराजुली वि. रामकुमारी पराजुली*
- ०६८-CI-१३१५, अंश दपोट, *उमा शर्मा पराजुली वि. रामकुमारी पराजुली*

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-०३८९, अंश चलन, *सुशीला थापासमेत वि. गंगा थापा*

ऋणको हकमा सबै अंशियारमा भाग लाग्न त्यस्तो ऋण मुलुकी ऐन, लेनदेनको व्यवहारको महलको ८ नं. बमोजिमको ऋण हुनुपर्ने।

प्रतिवादी सुशीला थापाले मिति २०६७।५।२० मा रू.५,००,०००।- कर्जा श्याम महर्जनबाट कपाली तमसुक गरी लिएको पाइन्छ । उक्त कपाली तमसुकमा प्रतिवादी सुशीला थापाको पतिको मन्जुरी तथा सहिछापसमेत रहेको पाइँदैन । ऋण लिनुको कारण बिरामी पतिको उपचार तथा घर खर्च भनी उल्लेख भएपनि उपचार खर्चको विवरण पेस भएको पाइँदैन । प्रस्तुत अंश मुद्दा मिति २०६८।६।२९ मा सुरू काठमाडौं जिल्ला अदालतमा दर्ता भएको देखिन्छ। सो अंश मुद्दाको प्रतिउत्तर जिकिरमा सो ऋणको उल्लेखसम्म भएको पाइँदैन। अंश मुद्दा परेपछि दायर भएको सो लेनदेनको मुद्दामा प्रतिवादी सुशीला थापालाई मात्र प्रतिवादी बनाएको देखिँदा प्रतिवादी सुशीला थापाबाट भएको लेनदेनको व्यवहार मुलुकी ऐन, लेनदेनको व्यवहारको महलको ८ नं. बमोजिमको देखिएन। तसर्थ, वादी गंगा थापालाई ऋणको भाग नलाग्ने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब नै देखिने।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट

भएको फैसलामा ऋणको हकसम्म उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७१।२।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल / कालिबहादुर साम्यु लिम्बू

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CI-०७६०, अंश चलन, *हासिम धुनियासमेत वि. मन्नान धुनिया*

एकाघरको अंशियारमध्ये जुनसुकै अंशियारको नाममा सम्पत्ति रहे पनि अन्यथा प्रमाणित नभएसम्म सो सम्पत्ति सगोलको हो भनी अदालतले अनुमान गर्नुपर्ने देखिन्छ । सगोलको नभई अन्यथा हो भनी जिकिर लिनेले नै यथेष्ट प्रमाण पेस गरी प्रमाणित गर्नुपर्ने।

दाबीको जग्गामा प्रतिवादीले निजी जग्गा हो भनी जिकिरसम्म नगरेको, केबल बन्डापत्रमा उल्लेख भएको बेहोरालाई मात्र आधार मानी अंश हक जस्तो नैसर्गिक हकबाट वादीलाई विमुख गर्न मिल्ने देखिन आएन। दाबीको कि.नं.२४४, कि.नं.२३०, कि.नं.२७९ र कि.नं.४८२ को जग्गाहरू सगोलको अबन्डा जग्गा रहेको देखियो। तसर्थ, दाबीको उक्त अबन्डा जग्गाहरूमा वादीले ३ भागको १ भाग बन्डा छुट्याई पाउने ठहरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मनासिब नै देखिने।

अतः दाबीको अबन्डा जग्गाहरूमा वादीले ३ भागको १ भाग बन्डा छुट्याई पाउने ठहरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल / कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०३३३, उत्प्रेषण / परमादेश, *रामशरण डंगोल वि. कृषि तथा सहकारी मन्त्रालय, सिंहदरबारसमेत*

कालिमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम १३ को उपनियम ६ मा व्यवस्था भएअनुसार "समितिले तोकेको न्यूनतम भाडा रकम तिर्ने र उपभोग्य वस्तुको मूल्य घटाघटको आधारमा सबैभन्दा कम दरमा उपलब्ध गराउने व्यक्ति वा संस्थालाई समितिले बजार क्षेत्रभित्रको चमेनागृह वा रेस्टुराँ सञ्चालन गर्न दिनेछ" भन्ने व्यवस्था विद्यमान रहेको देखिन्छ । उक्त उपनियममा उल्लेख गरिएको प्रावधानअनुसार "समितिले तोकेको न्यूनतम भाडा रकम तिर्ने" र "उपभोग्य वस्तुको मूल्य घटाघटको आधारमा सबैभन्दा कम दरमा उपलब्ध गराउने" भन्ने दुई अलगअलग कार्य प्रकृतिका प्रयोजनका निमित्त उक्त अलगअलग दुई वाक्यांशहरूलाई एकत्रित रूपमा संयोजन गरिएको हुँदा उक्त दुई अलगअलग वाक्यांशअन्तर्गत रहेको "समितिले तोकेको न्यूनतम भाडा रकम तिर्ने" भन्ने वाक्यांशले उक्त समितिको क्षेत्राधिकारभित्र रहेका भौतिक संरचनाको रूपमा रहेका चमेना गृह, भोजनालय, सटर तथा कोठा भाडालगायतका भौतिक स्थानको भाडामा लगाउँदा बढाबढ गराई सञ्चालन गर्ने भन्ने अर्थ राख्ने र अर्को "उपभोग्य वस्तुको मूल्य घटाघटको आधारमा सबैभन्दा कम दरमा उपलब्ध गराउने" भन्ने वाक्यांशले उक्त भौतिक संरचनाभित्र राखिएका उपभोग्य वस्तुको बिक्री वितरण गर्दा मूल्य घटाघटको आधारमा उपलब्ध गराउने भन्ने अर्थ राखेको देखिएको हुँदा निवेदकले निवेदन जिकिरमा उल्लेख गरे झैं उपभोग्य वस्तुको मूल्य घटाघट गरिएसरह नै भौतिक संरचनाको भाडासमेत घटाघटको आधारमा हुनुपर्ने भन्ने अर्थमा हेरिन मिल्ने नदेखिने।

विपक्षीमध्येका कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मिति २०६८।५।२३ मा प्रकाशित गरेको उक्त सूचना नं.०८।०६८।०६९ मा कालिमाटी, बालाजु र धार्के स्थित कृषि उपज बजारमा रहेका चमेना गृह, भोजनालय, सटर तथा कोठा भाडा बढाबढ गराई सञ्चालन गर्नेसम्बन्धी बोलपत्र आह्वानको

सूचनालाई कालिमाटी फलफूल तथा तरकारी बजार विकास तथा सञ्चालन नियमावली, २०६० को नियम १३ को उपनियम ६ मा भएको व्यवस्थाको प्रतिकूलतामा सूचना प्रकाशित भएको नदेखिएको हुँदा उक्त मिति २०६८।५।२३ मा प्रकाशित सूचना नं.०८।०६८।०६९ बाट निवेदकले जिकिर लिएबमोजिम कुनै सार्वजनिक हितप्रतिकूल रहेकोसमेत नदेखिएको र उक्त प्रकाशित सूचनाले निवेदकको कुनै हक अधिकारमा प्रतिकूल असर पुग्न गएकोसमेत नदेखिँदा निवेदकको प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएबमोजिम रिट जारी हुन सक्ने अवस्था विद्यमान नदेखिने।

निवेदकले विपक्षी कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मिति २०६८।५।२३ का दिन सूचना नं.०८।०६८।०६९ का लागि आह्वान गरिएको बोलपत्रसम्बन्धी सूचना खारेजको दाबी लिएको देखिन्छ। मिति २०६९।७।२ मै अर्कै व्यक्तिसँग सम्झौता भई सो सूचनाबमोजिमको कार्य सम्पन्न भइसकेको भन्ने देखिँदा रिट निवेदन जिकिरको औचित्यता नै समाप्त भइसकेको देखिने।

तसर्थ विपक्षी कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले मिति २०६८।५।२३ मा सूचना नं. ०८।०६८।०६९ मा प्रकाशित कालिमाटी, बालाजु र धार्के स्थित कृषि उपज बजारमा रहेका चमेना गृह, भोजनालय, सटर तथा कोठा भाडा बढाबढ गराई सञ्चालन गर्नेसम्बन्धी बोलपत्र आह्वानको सूचना खारेज हुनुपर्ने भन्ने निवेदन जिकिरबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०४९७, उत्प्रेषण, *विश्वनाथ चौधरी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(१) मा **"कर्मचारीलाई देशको विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी अति दुर्गम, दुर्गम र सुगम क्षेत्रमा सरूवा गरिनेछ"** भन्ने व्यवस्था रहेबाट स्वास्थ्य सेवाका कर्मचारीलाई भौगोलिक अनुभव दिलाउन तीन वर्षको अन्तरालमा विभिन्न भौगोलिक क्षेत्रहरूमा सरूवा गर्न सक्ने नै देखियो। प्रस्तुत रिट निवेदनमा रिट निवेदक रौतहटबासी विश्वनाथ चौधरीलाई ६ वर्षसम्म दुर्गमक्षेत्र मनाङमा कार्यरत रहेको अवस्थामा उक्त दुर्गमक्षेत्र मनाङबाट आफ्नो गृह जिल्ला नजिक पर्सामा सरूवा गरेकोलाई अन्यथा भन्न मिलेन नियमसम्मत तरिकाले निवेदकको घरपायक नै सरूवा गरेको देखिने।

सरूवाउपर निवेदन दिन पाउने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै निवेदकले त्यसको प्रयोग नगरी सोझै रिट क्षेत्राधिकारबाट यस अदालतमा प्रवेश गरेको देखियो । यसरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ ले सरूवा संशोधन तथा मिलानको सम्बन्धमा विभागीय उजुरीको सम्बन्धमा सम्बोधन गरिरहेको अवस्थामा वैकल्पिक र प्रभावकारी उपचारको अभाव भयो भनी रिट क्षेत्रको परिकल्पना गर्न मिल्ने देखिएन र सो गर्नु उचित पनि हुँदैन। सम्बन्धित अधिकारीसमक्षको उजुरीको माध्यमबाट प्रस्तुत निवेदन फछ्र्यौट हुने कानूनी व्यवस्था भएको नै देखिँदा संवैधानिक एवम् गम्भीर कानूनी प्रश्न खडा भएको अवस्थामा बाहेक यस अदालतले आफ्नो असाधारण अधिकारक्षेत्रको प्रयोग गर्नु उपयुक्त नदेखिने।

अतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७२।९।९ को सरूवा निर्णयको अवस्थामा परिवर्तन भइसकेको र निवेदकको मागबमोजिम पदनाम तह पाइसकेको अवस्थामा अधिकारप्राप्त अधिकारीबाट नियमानुसार गरिएको सरूवा कार्यमा चित्त नबुझ्ने पक्षले उजुरी दिन सक्ने कानूनी व्यवस्था भइरहेकोसमेतबाट निज रिट निवेदकलाई बगरछाप आयुर्वेद औषधालयबाट रानीगन्ज औषधालय पर्सामा सरूवा गरेकोलाई अन्यथा देखिएन । निवेदकको कुनै संवैधानिक र कानूनी हक

हनन् भएको अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।
इजलास अधिकृतः गीता श्रेष्ठ
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-RB-००५१, मोटर बिमा, *केबल कृष्ण श्रेष्ठ वि. रंगिता प्रधान*

बिमा गरिएको सवारी साधन दुर्घटना हुँदा सो गाडीको Fuel Injection Pump को क्षति भएको भनी सर्भे प्रतिवेदनमा उल्लेख गरी क्षतिको मूल्याङ्कनसमेत गरेको देखिन आएको छ। सो गाडीको Fuel Injection Pump को क्षति हुन नपर्ने भन्ने बिमक पुनरावेदकको उक्त जिकिर सोही सर्भे प्रतिवेदनमा उल्लिखित बेहोराबाटै खण्डित हुन पुगेकोले सो गाडीको Fuel Injection Pump को उक्त क्षतिलाई यी पुनरावेदक प्रतिवादीले इन्कार गर्न मिल्ने अवस्था नदेखिने।

विपक्षी रंगिता प्रधानले दाबी गरेको Fuel Injection Pump भारत सुनौलीस्थित पवन अटोमोबाइलबाट खरिद गरेको भन्ने देखिइरहेको छ। सो खरिद गरी ल्याइएको सामानको भन्सार शुल्क बुझाएको भरपाई निस्सा बिमित गाडीधनीले पेस गर्न नसकेको भए तापनि उक्त गाडीमा रहेको सो Fuel Injection Pump को समेत क्षति भएको भनी सर्भेयरले दिएको सो प्रतिवेदनमा उल्लेख गरिएको बेहोरालाई यी पुनरावेदक प्रतिवादीले अन्यथा हो भनी इन्कार गर्न सकेको पाइएन। सो दुर्घटना भएको क्षतिग्रस्त बिमित गाडीमा रहेको Fuel Injection Pump समेत क्षतिग्रस्त भएको भनी सर्भेयरले दिएको सो प्रतिवेदनको आधारमा बिमितले सो गाडीको Fuel Injection Pump को भुक्तानी नपाउने भनी भन्न मिल्ने अवस्था नदेखिने।

Fuel Injection Pump भारत सुनौलीबाट खरिद गरी ल्याउँदा सोको भन्सार शुल्क बुझाएको मिसिलबाट देखिन नआएको हुँदा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसुल उजुरकर्ता बिमित गाडी धनि रंगिता प्रधानबाट लिनु पर्ने देखिएको छ। सुरू बिमा समितिले गरेको निर्णयमा सोबमोजिमको आदेश गरिएको नदेखिएकोले सो हदसम्मको सुरू बिमा समितिको निर्णय मिलेको नदेखिएको हुँदा बिमित गाडीमा जडान गरिएको सर्भेयरको प्रतिवेदनमा उल्लिखित मूल्यमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसुल कट्टा गरी दाखेल गराई सर्भेयरले पेस गरेको प्रतिवेदनबमोजिमको रकममा बाँकी हुन आउने रकम दाबी भुक्तानी दिनु भनी बिमक यिनै पुनरावेदक प्रतिवादी एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडलाई आदेश दिने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।२८ मा भएको फैसला मिलेकै देखिन आउने।

तसर्थ, विवेचित कारण प्रमाणसमेतका आधारमा दाबीको Fuel Injection Pump को प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसुल कट्टा नगरेको हदसम्ममा सुरू बिमा समितिले मिति २०६८।१।२ मा गरेको निर्णयमा केही उल्टी भई बिमित गाडीमा जडान गरिएको उक्त Fuel Injection Pump को हकमा सर्भेयरको प्रतिवेदनमा उल्लिखित मूल्यमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसुल कट्टा गरी बाँकी हुन आउने रकम भुक्तानी दिन बिमक पुनरावेदक प्रतिवादी एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडलाई आदेश दिने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०९२१, उत्प्रेषण / परमादेश, *साबित्रा थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कानूनतः स्थापित सरकारी निकायले गरेको कागजलाई विपक्षीहरूले अन्यथा हो भन्ने वस्तुनिष्ठ सबुद प्रमाण पेस गर्न नसकेको स्थितिमा यी कागज प्रमाण कानूनविपरीत नदेखिँदा उक्त कागजातलाई प्रमाणमा लिन मिल्ने नै देखियो। यस अवस्थामा रिट

निवेदकको जग्गाहरूको प्रचलित मूल्य, मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन तालिका, स्थानीय तहको सिफारिसलगायतका कागजातबाट देखिएभन्दा ज्यादै न्यून मूल्याङ्कन गरी मुआब्जा निर्धारण समितिले गरेको मुआब्जा निर्धारणबाट रिट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा आघात पर्न सक्ने देखिने।

सम्पत्तिसम्बन्धी अधिकार व्यक्तिको नैसर्गिक एवम् प्राकृतिक अधिकार हो जुन अधिकार मौलिक हकको रूपमा संविधानमा लिपिबद्ध गरिएका हुन्छन् र व्यक्तिले सो अधिकार संवैधानिक अधिकारका रूपमा प्राप्त गर्छन् जुन अनतिक्रम्य हुन्छ । त्यसलाई राज्यले समेत हरण गर्ने वा अतिक्रमण गर्न सक्दैन र यदि त्यस्तो मौलिक हकको हरण भएको वा त्यस्तो हकमा आघात परेको छ भने संवैधानिक हकअन्तर्गत उपचार प्राप्त गर्न ऊ स्वतन्त्र रहने छ।

जग्गा प्राप्ति ऐन, २०३४ ले पनि उचित मुआब्जा पाउने कुरामा सुनिश्चितता प्रदान गरिरहेको परिप्रेक्ष्यमा उक्त ऐनले तोकेका प्रक्रिया पूरा नगरेको एवम् उचित मुआब्जा वितरण नगरी ज्यादै नै न्यून मुआब्जा निर्धारण गरेको देखिन्छ । ती जग्गाहरू भीर, पाखो, खाल्डोयुक्त मानव वस्तीको लागि अनुपयुक्त भनी कम मूल्य निर्धारण गरिएकोमा मानव बसोबास नै हुन नसक्ने, प्रयोग नै हुन नसक्ने भए त्यस्तै कामका लागि किन जग्गा प्राप्ति गर्नुपरेको हो लिखित जवाफबाट पनि खुल्न सकेको अवस्था देखिँदैन। यस्तो अवस्थामा कायम गरिएको सो मूल्यलाई अस्वाभाविक र अविश्वसनीयसमेत मान्नुपर्ने देखिई स्वीकारयोग्य देखिन नआउने।

व्यक्ति बसोबास गरी बंगुर पालनको व्यवसायसमेत गरी आएको जग्गालाई मानव बस्ती नरहेको र भविष्यमा बस्न नसक्ने, खोला, भीर, पाखा, बाटो नभएको, बढी खाल्टा खुल्टी भई खेतीयोग्य नभएको भनी मालपोत कार्यालयबाट रजिस्ट्रेसन प्रयोजनका लागि कायम भएको न्यूनतम मूल्यसमेतलाई आधार नमानी प्रतिरोपनी ज्यादै न्यून देखिने रू.३ लाख मूल्य निर्धारण गर्ने गरी विपक्षीहरूबाट भएको मिति २०७२।१२।२६ को निर्णय विवेकसम्मत् (Rational) नदेखिने।

अतः उपर्युक्त विवेचित तथ्य, आधार, कारण तथा प्रमाणहरूको विवेचनाबाट रिट निवेदकहरूको नामको जग्गा दर्ता स्रेस्ता कायम रहिआएको जग्गाहरूमा विपक्षी गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, कास्की, सशस्त्र प्रहरी बल तालिम महाविद्यालय, पोखरा, सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकलगायतका विपक्षी (१७) ले प्रचलित मूल्य, मालपोत कार्यालय, कास्कीको प्रतिरोपनी २४ लाख ५० हजार पर्ने भनी गरेको मूल्याङ्कन, पोखरा उपमहानगरपालिकाको उक्त जग्गाको प्रतिरोपनी ४० लाख पर्ने भनी गरेको सिफारिस, धितो कारोबार गर्ने कृषि विकास बैंकले गरेको हिसाब विवरणलगायतका कुराहरूलाई ध्यान नदिई मनोगत हिसाबले प्रति रोपनी ३ लाखका दरले मुआब्जा दिने भनी ज्यादै न्यूनदर कायम गरेको मुआब्जा निर्धारण समितिको मिति २०७२।१२।२६ को निर्णयबाट रिट निवेदकको सम्पत्तिसम्बन्धी लगायतका संवैधानिक हक, अधिकारमा आघात पर्न गएकोले सो निर्णय र सो निर्णयका आधारमा भएका अन्य सबै काम कारबाहीहरू बदर गरिदिएको छ । अब उक्त विवादित कित्ताका जग्गाको प्रचलित दर, मालपोत कार्यालय, कास्कीको मूल्याङ्कनलगायतका कुरालाई विचार गरी पुनः मुआब्जा निर्धारण गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत २६ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-००३८, उत्प्रेषण / परमादेश, *ताराबहादुर रायमाझीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कानूनी राज्यको मूल मर्म र भावना कानूनभन्दा माथि कुनै व्यक्ति वा निकाय नहुने, सबै व्यक्ति वा निकायले कानूनबमोजिमको कार्य गर्नुपर्ने र कानूनले तोकी अख्तियारी दिएको अधिकार क्षेत्रअन्तर्गत मात्र कार्य गर्नुपर्ने भन्ने हो। अतः कानूनी शासनले स्वेच्छाचारिताको

परिकल्पना गर्दैन भने सो कुराको व्यवस्थापनको निम्ति कानूनतः हरेक अङ्ग वा निकायको क्षेत्राधिकार निर्धारण गरिदिएको हुन्छ जसको अर्थ आफूलाई कानूनद्वारा निर्दिष्ट अधिकारबाहेक अन्य कुराहरूको हकमा गरेको निर्णय अधिकार क्षेत्रको अभावमा स्वतः बदर हुने भन्ने बुझिने।

छुट जग्गा दर्ता गरिपाउँ भनी निवेदन परेपछि कानून र प्रमाणको आधारमा मालपोत कार्यालयले आफ्नो अधिकारक्षेत्रअन्तर्गत रही निर्णय गर्नुपर्छ । अख्तियारको निर्देशनबाट समेत कुनै जग्गा सार्वजनिक वा निजी भनी निर्धारण हुन सक्दैन । निजी जग्गा वा सार्वजनिक जग्गा के हो ? भनी निक्र्यौल गरी मालपोत कार्यालयले मात्रै निर्णय दिनुपर्ने।

निवेदकले पेस गरेका प्रमाण एवम् सम्बन्ध प्रमाणको मूल्याङ्कनबाट छुट जग्गा दर्ता हुने हो, होइन सोको निरूपण गर्ने दायित्व कानूनतः मालपोत कार्यालयको हो जसका निम्ति निवेदकले पेस गरेका सम्पूर्ण प्रमाण, भोगसमेत हेरी यकिन निर्णय गर्नुपर्ने सन्दर्भमा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयलगायत विपक्षीहरूको काम कारबाहीबाट निवेदकहरूको हक अधिकारमा आघात नपरेको भन्ने प्रतिवाद जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणहरूको विवेचनाबाट रिट निवेदकहरूको दाबी रहेको विवादित कित्ता नं. ७० को जग्गासम्बन्धमा निर्णय गर्ने अधिकार विपक्षी भूमिसुधार तथा व्यवस्थापन विभाग तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई भएको कुनै कानूनबाट नदेखिएबाट निवेदकको दाबीको कित्ता सरकारी पर्ती रहेकोले व्यक्तिको नाममा छुट दर्ता गर्न मिल्दैन भन्ने बेहोराको विपक्षी भूमिसुधार तथा व्यवस्था विभागको मिति २०६७।६।१२ को निर्णय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त कित्ता नं. को जग्गा सरकारी पर्ती रहेकोले उक्त जग्गाको आवश्यक संरक्षण गर्न भनी जिल्ला प्रशासन कार्यालय, कास्की र मालपोत कार्यालय, कास्कीलाई लेखी पठाउने भन्ने बेहोराको मिति २०६८।११।१६ को निर्णय अधिकार क्षेत्रको अभावमा निष्प्रभावी हुने देखियो। अतः निज विपक्षी निकायहरूले निवेदकहरूको दाबीको कित्ता नं. ७० सरकारी पर्ती रहेको भनी गरेको निर्णय र सो निर्णयका आधारमा भएका अन्य सबै काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब निवेदकहरूको दाबीको कित्ता नं. ७० को जग्गाको दर्ता छुट भएको हो वा उक्त कित्ता सरकारी पर्ती नै हो सो सम्बन्धमा यकिन निर्णय गर्नु गराउनु भनी विपक्षी मालपोत कार्यालयको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर : अभिषेककुमार राय

इति संवत २०७४ साल चैत २६ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-०८५८, ०६९-CR-०८६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्र.ज. बज्ररत्न बज्राचार्यसमेत, भोला चौधरी वि. नेपाल सरकार*

प्रतिवादी बज्ररत्न बज्राचार्यले अदालतमा बयान गर्दा प्रतिवादी भोला चौधरीले मेरो घरमा आई आफ्नो सुरक्षाको लागि भनी खुकुरी मागेकोले चिनेको साथी हुँदा दिइ पठाएँ, निजले सोही खुकुरीले राजनारायण चौधरीलाई प्रहार गरी हत्या गरेको कुरा सुनेको हुँ भनी प्रतिवादी भोला चौधरीको साबिती बयानलाई पुष्टि गरेको देखिन्छ । प्रतिवेदक भेषराज रिजालले मृतक राजनारायण चौधरी र प्रतिवादी भोला चौधरीबीच झगडा परेको कारण मिति २०६७।४।२३ गते राति १२ बजे निज भोला चौधरीले प्रतिवादी बज्ररत्नसँग खुकुरी लिई मृतक राजनारायणलाई बाटो ढुकी सो खुकुरी प्रहार गरी कर्तव्य गरी मारेका हुन् भन्ने बुझिन आएको हुँदा सोही बेहोराको प्रतिवेदन दिएको हुँ भनी आफ्नो मौकाको प्रतिवेदनलाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ।

मृतकको शव परीक्षण प्रतिवेदन हेर्दा The cause of death is due to cutting of trachea and vessels भन्ने उल्लेख भई प्रतिवादीले मृतकलाई घाँटीमा खुकुरी प्रहार गरी मारेको पुष्टि भएको देखिने।

मनसाय तत्त्वको अभाव, पूर्वरिसइवीको अभाव, लुकी चोरी हानेको अवस्था नभएको र जोखिमी हतियारसमेत प्रयोग नगरी तत्कालै लाठा, लात, मुक्काले हानेकोमा सोही चोटको कारणबाट मृत्यु भएको नभई ज्यान मार्ने नियतबाट प्रतिवादी बज्ररत्न बज्राचार्यको घरमा गई खुकुरी मागी बाटो ढुकी इबी राखी खुकुरीजस्तो धारिलो, जोखिमी हतियारले प्रहार गरी सोही चोटको कारणबाट मृतकको मृत्यु भएको अवस्था देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन्छ भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी भोला चौधरीले अर्का प्रतिवादी बज्ररत्न बज्राचार्यसँग आफ्नो सुरक्षाको लागि भनी खुकुरी मागी रातको समयमा सँगै ड्युटीमा खटिएका साथी मृतक राजनारायण चौधरीलाई उक्त घाँटीमा खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको भन्ने निजको मौकामा र अदालतमा भएको साबिती बयान, प्रतिवेदकको बकपत्र, सहप्रतिवादी बज्ररत्न बज्राचार्यको बयानलगायतका प्रमाण कागजातबाट प्रमाणित भइरहेको अवस्थामा निज प्रतिवादी भोला चौधरीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला अन्यथा भएको नदेखिने।

प्रतिवादीहरूमध्ये बज्ररत्न बज्राचार्यले मौकामा बयान गर्दा आफूसमेतको संलग्नतामा मृतकलाई कर्तव्य गरी ज्यान मारेको भनी साबिती बयान गरेको देखिए पनि निज प्रतिवादीले अदालतमा आई कसुरमा इन्कार रही केवल आफ्नो सुरक्षाको लागि भनी प्रतिवादी भोला चौधरीले आफूसँग खुकुरी मागी लगेको भनी बयान गरेको र निजको सो बयानलाई कसुरदार ठहरिएका सहप्रतिवादी भोला चौधरीको अदालतको बयानबाट समेत समर्थन भएको देखिएको छ । साथै निजका साक्षीसमेतको बकपत्रबाट निजको इन्कारी बयान पुष्टि भएको अवस्था छ। अर्का प्रतिवादी बन्ठे भन्ने कन्सलाल कछडिया धामी अदालतमा हाजिर भई कसुरमा इन्कार भई बयान गरेको र निजको इन्कारी बयानलाई अन्य प्रतिवादीहरूको बयान तथा मिसिल संलग्न कागजातबाट पुष्टि भएको अवस्था देखिँदा निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब देखिने।

तसर्थ विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी भोला चौधरीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादीहरू बज्ररत्न बज्राचार्य र बन्ठे भन्ने कन्सलाल कछडिया धामीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-RC-००३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकजङ्ग शाही*

प्रतिवादी लोकजङ्ग शाहीउपर परेको किटानी जाहेरी, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादीको अनुसन्धानका क्रममा र अदालतमा भएको साबिती बयानसमेतबाट टकबहादुर घर्तीको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको कुरा पुष्टि हुन आएकोले वादी नेपाल सरकारको अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू डोल्पा जिल्ला अदालतको मिति २०७१।८।१६ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जुम्लाको मिति २०७२।२।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

साँझको समयमा प्रतिवादी र मृतकसमेतले

मादक पदार्थ सेवन गरी मृतकले प्रतिवादीको श्रीमती दाना शाहीसँग भएको विवादका कारण चक्कुले मृतकलाई प्रहार गरेको भन्ने देखिन्छ । यी प्रतिवादीको मृतक टकबहादुर घर्तीसँग पूर्वरिसइवी रहे भएको भन्ने देखिँदैन । मृतकलाई मार्ने पूर्वयोजना, षड्यन्त्र गरेको पनि देखिएको छैन । आफ्नो श्रीमतीउपर मृतकले गरेको हातपातका कारण उठेको रिसको आवेगमा आई आफ्नो पालभित्र रहेको चक्कु प्रहार गरी कर्तव्य गरेको देखिएको छ । प्रतिवादीले आफ्नो कर्तव्यबाट मृतकको मृत्यु भएको कुरा स्वीकार गरी अदालतलाई न्याय निरूपण गर्न सहजता प्रदान गरेकोसमेतबाट निज प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएको र १० वर्ष कैदको सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने हुँदा घटना र परिस्थितिसमेतलाई विचार गर्दा, मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादी लोकजङ्ग शाहीलाई १० (दश) वर्ष कैद सजाय हुन व्यक्त गरेको तत्कालीन पुनरावेदन अदालत, जुम्लाको राय मनासिब नै देखिएकाले प्रतिवादीलाई १० (दश) वर्ष कैद सजाय गर्ने भनी व्यक्त भएको रायसमेत सदर हुने ।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-१३११, निर्णय दर्ता बदर, *कृष्णकाजी जोशी वि. पदमकुमारी मास्के*

मिति १९९७।१२।४ को शेषपछिको बकसपत्र भए गरेको तथ्यमा विवाद देखिन्न । वादी कृष्णकाजी जोशी प्रतिवादी प्रत्यर्थी दामोदर मास्केको श्रीमती पदमकुमारी मास्के भई चलेको २०३५ सालको लुटपिट, जग्गा जालसाजी मुद्दामा मिति १९९७।१२।४ को शेषपछिको बकसपत्रबाट विवादमा आएको सियौटाडा बारीमा वादीको तर्फ ३ भागको १ भागमा हक पुग्ने ठहर भई दोलखा जिल्ला अदालतबाट मिति २०३६।३।४ मा फैसला भएको देखियो । सो फैसला अन्तिम रहेको र हालसम्म कहीँकतैबाट बदर भएको अवस्था छैन । उक्त फैसलाले विवादित कि.नं. २७५ को जग्गामा प्रत्यर्थी वादीको हक स्थापित गरेको देखिन्छ । यस अदालतबाट निस्सा प्रदान हुँदा २०३८।१२।२२ मा वादी दाबी नपुग्ने भनी ठहऱ्याएको फैसलालाई आधार लिएको देखिन्छ । उक्त फैसलाबाट मिति २०३६।३।४ को फैसला बदर भएको अवस्था छैन् । यसरी मिति २०३६।३।४ को फैसलाले विवादित जग्गामा वादीको हक स्थापित गरिरहेको र सो फैसला हालसम्म कहीँकतैबाट बदर भएको नदेखिएकोले यस अवस्थामा मिति २०३८।१२।२२ मा लुटपिट मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहरेको आधारमा पूर्व फैसलाले स्थापित भएको वादीको हक निस्तेज हुन नसक्ने ।

अतः विवादित कि.नं.२७५ को जग्गा वादी दामोदर मास्केको नाउँमा दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।२५ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-११५९, जबरजस्ती करणी, *नेपाल सरकार वि. रामचन्द्र सापकोटा*

नाबालिकालाई पटकपटक जबरजस्ती करणी भएको तथ्य निजको शारीरिक परीक्षणबाट स्थापित हुनुपर्ने हुन्छ । पीडितको शारीरिक परीक्षणबाट जबरजस्ती करणी हुँदा देखिने सामान्य लक्षण देखिने पर्ने हुन्छ । करणीका समयमा पीडिताले प्रतिकार गरेको र त्यसरी प्रतिकार गर्दा पीडित र पीडकको शरीरमा प्रतिकारका चिह्नहरू केही देखिनु पर्ने हुन्छ । त्यस्ता चिह्नहरू केही नदेखिए पनि जबरजस्ती करणीका कारण पीडितको यौनाङ्गको परीक्षणबाट करणी भएको स्थापित हुनुपर्ने ।

पीडिताको शारीरिक जाँचबाट निजको कन्याजाली च्यातिएकोबाहेक अन्य कुनै करणीको लक्षण रहे भएको देखिँदैन । पीडिताको च्यातिएको कन्याजाली तत्काल च्यातिएको भने पनि परीक्षणबाट देखिएको

छैन । महिलाको कन्याजाली केबल करणीले मात्र च्यातिने नभई अन्य विभिन्न कारणबाट पनि च्यातिने हुँदा कन्याजाली च्यातिएको भन्ने कारणले मात्र करणी भएको निष्कर्ष निकाल्न मिल्दैन । पीडितले गरेको कागज एवम् बकपत्र निजको शारीरिक परीक्षणबाट समर्थित भएको देखिएन । लगातार दिनहुँजस्तो जबरजस्ती करणी भएको तथ्य केबल पीडिताको भनाइका आधारमा प्रतिवादीलाई दोषी ठहर गर्न न्यायोचित्त नहुने ।

जबरजस्ती करणीबाट पीडित महिलाको लागि आफ्नो जीवनमा दाग लाग्ने क्रिया हो र यसले पीडित महिलाको भावी जीवनमा समेत नकारात्मक असर पुग्ने भएकोले त्यस्तो कसुर गर्ने व्यक्तिलाई कडा सजाय हुनुपर्छ । अर्कोतर्फ कुनै निहित स्वार्थ राखी कसैप्रति दिएको शङ्कास्पद उजुरीका आधारमा लागेको अभियोग दाबी ठहर भई निर्दोष व्यक्ति सजायको भागीदार नहोस् भन्नेतर्फ पनि संवेदनशील हुन उत्तिकै जरूरी हुने ।

वादी नेपाल सरकारले पीडित भनिएकी ......लाई प्रतिवादी रामचन्द्र सापकोटाले जबरजस्ती करणी गरेको तथ्ययुक्त प्रमाणको आधारमा पुष्ट्याइँ गर्न सकेको देखिँदैन । जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा शङ्कायुक्त बकपत्रको आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने देखिएन । तसर्थः सुरू गोरखा जिल्ला अदालतले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिलेकै देखियो । अतः पुनरावेदन अदालत, पोखराबाट मिति २०६६।६।२७ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७५-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *नारायणप्रसाद भट्टराई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदकले मुलुकी ऐन, दण्ड सजायको महलबमोजिम कैद ठेक्दा अधिका मुद्दाहरूमा ठेकिएको कैदलाई हद गरी ठेक्नु पर्ने र निवेदकलाई लागेको सबै कैद र जरिवाना हद गरी एउटै कैदीपुर्जी दिएको अवस्थामा कैद बेरूजु देखाउनु पर्ने होइन भनी जिकिर लिएको देखिन्छ । निवेदकलाई अदालतको फैसलाबमोजिम लागेको जरिवानाका सम्बन्धमा निवेदकको कुनै विवाद भएको नदेखिने ।

वादी नेपाल सरकार विरूद्ध यिनै निवेदक भई चलेको स.फौ.नं. ३८५।१०५७ को सरकारी छाप दस्तखत किर्ते मुद्दा काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१०।१२ मा १ वर्ष कैद र ९०,०००।– जरिवाना हुने ठहरी फैसला भएकोमा निवेदक मिति २०६०।६।८ देखि २०६०।९।१० सम्म जम्मा ०।३।१० अवधि थुनामा बसी ०।८।२० कैद र लागेको जरिवानाको लगत बेरूजु रहेको देखिने ।

निवेदक उक्त मुद्दाको थुनामा बसेपश्चात्को अन्य वारदातहरू अख्तियारको जाहेरीले वादी नेपाल सरकार विरूद्ध यिनै निवेदकसमेत रहेको २०६२ सालको स.फौ. नं. १४४२ को सरकारी छाप दस्तखत किर्ते मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६७।३।२२ को फैसलाले १।०।० वर्ष कैद र १,६४,०६२।- जरिवाना हुने ठहरेकोमा निज प्रतिवादी मुद्दा अनुसन्धानको क्रममा मिति २०६२।११।२ मा पक्राउ परी मिति २०६४।१२।१८ गतेसम्म २।१।१६ थुनामा रहेकोमा बढी थुनामा बसेको अवधि १।१।१६ को प्रतिदिन २५।- का दरले हुन आउने १०,१५०।- लागेको जरिवानाबाट कट्टा गरी बाँकी जरिवाना रू.१,५३,९१२।- लगत नं. ८७५३ मा बेरूजु रहेको पाइने ।

अख्तियार अनुसन्धान आयोगको जाहेरीले वादी नेपाल सरकार विरूद्ध यिनै प्रतिवादी भएको २०६२ सालको स.फौ.नं. १४७३ को सरकारी छाप दस्तखत किर्ते मुद्दामा काठमाडौं जिल्ला अदालतको २०६७।३।२२ को फैसलाले १।०।० वर्ष कैद र

५३,७५०।- जरिवाना हुने ठहरेकोमा निज प्रतिवादी मिति २०६५।११।२ देखि २०६४।१२।१८ सम्म २।१।१६ थुनामा रहेकोले बढी थुनामा बसेको अवधि १।१।१६ को प्रतिदिन २५।– ले १०,१५०।- कट्टा गरी बाँकी रू ४३,६००।- लगत नं. ८७५४ मा बेरूजु रहेको देखिने।

अख्तियार अनुसन्धान आयोगको पत्रले वादी नेपाल सरकार विरूद्ध नारायणप्रसाद भट्टराई भएको २०६२ सालको स.फौ.नं. ११३९ को सरकारी छाप दस्तखत किर्ते मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६७।३।२२ को फैसलाले एक वर्ष कैद र १३,७१,२५०।- जरिवाना हुने ठहरेकोमा मिति २०६५।६।१६ देखि २०६५।१२।१८ सम्म २।६।२ थुनामा रहेकोले बढी थुनामा रहेको १।६।२ को प्रतिदिन २५।- का दरले १३,५५०।- कट्टा गरी बाँकी जरिवाना रू.१३,५७,७००।- बेरूजु रहेको पाइने।

वादी सोमलिला तामाङनी प्रतिवादी यिनै नारायणप्रसाद भट्टराई भएको दु.फौ.नं. ३४० नं. को जालसाज मुद्दामा नुवाकोट जिल्ला अदालतको मिति २०४०।६।१८ को फैसलाले १२५०।- जरिवाना हुने ठहरेकोमा उक्त जरिवाना बेरूजु रहेको देखिन्छ भने वादी मोहन माया तामाङनीसमेत प्रतिवादी यिनै नारायणप्रसाद भट्टराई भएको दु.फौ.नं. ३४१ को जालसाज मुद्दामा नुवाकोट जिल्ला अदालतको मिति २०४०।६।१८ को फैसलाले १२५०।- जरिवाना बेरूजु कायमै रहेको देखिने।

वादी नुवाकोट जिल्ला अदालत प्रतिवादी नारायणप्रसाद भट्टराई भएको दु.फौ.नं. ४०४ को अदालतको अवहेलना मुद्दामा नुवाकोट जिल्ला अदालतको मिति २०४२।८।२७ को फैसलाले रू.२५।- जरिवाना हुने ठहरेको उक्त जरिवाना बेरूजु रहेको र वादी टेककुमारी पन्त विरूद्ध नारायणप्रसाद भट्टराई भएको दु.फौ.नं. ५१६ को जालसाज मुद्दामा नुवाकोट जिल्ला अदालतको मिति २०४६।५।१३ को फैसलाले प्रतिवादी नारायणप्रसाद भट्टराईलाई ०।५० जरिवाना भएकोमा उक्त जरिवाना बेरूजु रहेको पाइने।

वादी श्यामकाजी खड्का प्रतिवादी यिनै नारायणप्रसाद भट्टराई भएको दु.फौ.नं. १५३८ को किर्ते जालसाज मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६५।५।१९ को फैसलाले ५८,७५०।- जरिवाना हुने ठहरेकोमा उक्त लगत बेरूजु रहेको र गणेशबहादुर खत्रीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै नारायणप्रसाद भट्टराई भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा ललितपुर जिल्ला अदालतको मिति २०६४।८।९ को फैसलाले एक वर्ष कैद र रू.१०,७२,२६०।६३ जरिवाना हुने ठहरेकोमा मिति २०६२।५।२१ देखि २०६४।११।२७ सम्म थुनामा रहेको हुँदा बढी थुनामा बसेकोबापत प्रतिदिन २५।- का दरले १३,६५०।- जरिवाना कट्टा गरी रू.१०,५८,६१०।६३ बेरूजु रहेको देखिने।

अख्तियारको पत्रको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदकसमेत भएको २०६१/०६२ सालको स.फौ.नं. ३८५/१०५७ को सरकारी छाप दस्तखत किर्ते मुदा काठमाडौं जिल्ला अदालतको मिति २०६१।१०।१२ को फैसलाले एक वर्ष कैद र नौ लाख जरिवाना भएकोमा प्रतिवादी मुद्दा अनुसन्धानको क्रममा २०६०।६।८ देखि २०६०।९।१० गतेसम्म ०।३।१० थुनामा बसेको देखिँदा ०।८।२० कैद र जरिवाना बेरूजु रहेको देखिने।

निवेदक थुनामुक्त भइसकेपछिको माथि उल्लिखित अलग्गै वारदातमा पक्राउ परेको अवस्थामा त्यस्तो अलग्गै मुद्दामा लागेको कैद र जरिवानाबापत थुनामा बसेको अवधिलाई त्यसपछिको छुट्टै मुद्दामा लागेको कैदबाट अघिको मुद्दामा कैद लागी बसेको कैदमा नै कैद हद गर्न मिल्ने कानूनतः मिल्ने नदेखिँदा ०।८।२० कैद बेरूजु रहेको र बेरूजु कैदको सम्बन्धमा निवेदक मिति २०७३।१।२९ मा पक्राउ परी मिति २०७३।९।१८ सम्म कैद भुक्तान गरिसकेको अवस्थामा सोतर्फ थप विवेचना गरिरहन पर्ने अवस्था नदेखिने।

जरिवाना नतिरेबापत निवेदलाई थुनामा राखेको कार्य गैरकानूनी हो वा होइन भन्ने सम्बन्धमा हेर्दा कैद र जरिवानाबापतको कैद छुट्टाछुट्टै कुरा हुन्। मुलुकी

ऐन, दण्ड सजायको महलको ३८ नं. को (१) मा कैद र जरिवाना दुवै सजाय भएकोमा जरिवाना नतिरे कैद ठेक्नु पर्दा ४ वर्षमा नबढाई कैद ठेक्नु पर्ने भन्ने स्पष्ट व्यवस्था भएको देखिने।

निवेदक नारायणप्रसाद भट्टराईउपर परेका उल्लिखित विभिन्न मुद्दाहरूमा विभिन्न अदालतहरूबाट भएको फैसलाले रू.३५,७५,०९८।१३ जरिवाना बाँकी रहेकोमा उक्त जरिवानाको रकम दाखिला गरेका बखत थुनामुक्त गरिदिने भनी उल्लेख गरेको स्थितिमा जरिवाना नतिरेबापत मिति २०७३।९।१९ देखि चार वर्ष कैद ठेकिएको कैदबापत निज थुनामा रहेको देखिँदा निवेदकको यस्तो थुनालाई गैरकानूनी थुना मान्न नमिल्दा निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत : मनिराम ज्ञवाली

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल असोज ११ गते रोज ५ शुभम।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०१७७, नक्साविपरीत निर्माण गरेको घर भत्काई पाऊँ, केशव स्थापित वि. नम्रता प्रसाई (पौडेल)

काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयले नगर विकास ऐन, २०४५ कोदफा १८ बमोजिम प्रतिवादीलाई सजायसमेत गर्ने गरी निर्णय गरेको देखिन्छ । उक्त समिति नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम गठन भएको भन्ने पुनरावेदन जिकिर रहेको सन्दर्भमा ऐनको दफा ४ र ४.१ को व्यवस्था हेर्न उपयुक्त हुन्छ। उक्त दफा ४ मा नगर विकास समितिको गठनसम्बन्धी व्यवस्था भई दफा ४.१ मा नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार कुनै इलाका, बजार, ग्रामीण क्षेत्र, नगर क्षेत्र वा क्षेत्रीय विकास केन्द्रमा नगर विकास समिति गठन गर्न सक्नेछ भन्ने व्यवस्था भई दफा ४.२ मा उक्त समितिमा रहने पदाधिकारीसमेतको व्यवस्था भएको पाइने।

कुनै पनि न्यायिक तथा अर्धन्यायिक निकायले कानूनद्वारा स्पष्टरूपमा किटी दिएको क्षेत्राधिकारको परिधिभित्र रही आफूसमक्ष परेको विवादको निरूपण गर्ने हो । सोहीबमोजिम आफूलाई उक्त विवाद हेर्न कुन कानूनले अख्तियार प्रदान गरेको हो वा कुन कानूनले प्रदान गरेको अधिकारक्षेत्रअन्तर्गत आफूले विवादको सुनुवाइ गरेको भन्ने कुरा आफ्नो निर्णयमा खुलाएको हुन्छ । कानूनद्वारा स्थापित नियमित अदालतहरूले समेत विवादको निरूपण गर्ने क्रममा निर्णय गर्दा मुद्दा हेर्ने आफ्नो क्षेत्राधिकारको बारेमा निर्णयमा नै प्रस्ट उल्लेख गरेको हुन्छ। तर पुनरावेदक समितिले प्रस्तुत विवादको सम्बन्धमा गरेको निर्णय हेर्दा आफ्नो क्षेत्राधिकारबारे केही उल्लेख गरिएको नदेखिने।

प्रत्यर्थीले कानूनले निर्धारण गरेको मापदण्डविपरीत संरचना निर्माण गरेको हो भने मापदण्डविपरीत भएको निर्माण सम्बन्धमा अधिकारप्राप्त निकायबाट कानूनद्वारा निर्धारित प्रक्रियाबमोजिम सुनुवाइ गरी त्यसको कारबाही तथा निर्णय हुनुपर्दछ। तर कानूनले अधिकार नै प्रदान नगरेको निकायबाट विवादको सुनुवाइ गरी व्यक्तिको निजी सम्पत्तिमा आघात पर्ने गरी निर्णय गर्न सक्ने हुँदैन। विवादको निरूपण गर्ने अधिकारक्षेत्रको अभाव भएको वा अधिकारक्षेत्रको त्रुटि भएको अवस्थामा कुनै पनि निकायले गरेको निर्णय जतिसुकै न्यायपूर्ण वा विवेकसम्मत भए पनि कानूनको कसीमा त्यसको प्रभाव शून्य रहन्छ । वस्तुत: अधिकारक्षेत्रको सिर्जना कानूनद्वारा हुने।

पक्षको सहमति वा माथिल्लो अदालतको आदेशले पनि अधिकार क्षेत्रको सिर्जना, परिवर्तन तथा विस्तार हुन सक्दैन । क्षेत्राधिकारको अनभिज्ञतालाई समेत मान्यता नदिइने हुँदा क्षेत्राधिकारविहीन निर्णय निष्प्रभावी एवम् बदरभागी हुन्छ। उल्लिखित अवस्थामा क्षेत्राधिकार नभएको समितिबाट गरिएको काम कारबाही र निर्णय कानूनसम्मत मान्न नमिल्ने।

नगर विकास ऐन, २०४५ को दफा २८.३ ले नगर योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिलाई निरन्तरता दिएको अवस्थामा सो कानूनी व्यवस्थाबाहेकको प्रशासकीय निर्णयबाट

तोकिएको अध्यक्ष एवम् सदस्यबाट भएको निर्णय स्पष्टरूपमा क्षेत्राधिकारविहीनको अवस्था देखिन्छ । यस्ता क्षेत्राधिकारविहीन निर्णय स्वयम्मा शून्य एवम् प्रभावहीन अवस्थामा रहने हुँदा अधिकारक्षेत्रको अभाव रहेको समितिको पदाधिकारीबाट भएको निर्णय र सोको पुनरावेदन सुनी भएको निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर हुने भनी निर्णय भएको पाइने।

उल्लिखित कानूनी व्यवस्था र यस्तै प्रकृतिको विवादमा यस अदालतबाट भएको आदेशसमेतका आधारमा पुनरावेदक वादी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको गठन नगर विकास ऐन, २०४५ द्वारा निर्धारित प्रक्रियाबमोजिम गठन भएको भन्ने नदेखिई प्रशासकीय निर्णयबाट गठित समिति भएको भन्ने देखिएको हुँदा त्यस्तो समितिले व्यक्तिको सम्पत्तिमा आघात पर्ने गरी गरेको निर्णय कानूनी क्षेत्राधिकारविहीन देखिएकाले उक्त समितिको निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिँदा पुनरावेदकको पुनरावेदन जिकिर एवम् यस अदालतको विपक्षी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट पुनरावेदक वादी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले प्रत्यर्थीको घर भत्काउने र जरिवानासमेत गर्ने गरी मिति २०६६।२।२९ मा गरेको निर्णय अधिकार क्षेत्रविहीन भई त्यस्तो निर्णय कायम रहन नसक्ने हुँदा सो निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

यस्तै प्रकृतिको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०१७८, मापदण्डविपरीत निर्माण, *केशव स्थापित वि. दलबहादुर श्रेष्ठ (छिमे)*
- ०६९-CI-०१७९, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. वजरंगप्रसाद अग्रवाल*
- ०६९-CI-०१८०, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. तेजबहादुर श्रेष्ठ मरी निजको मुद्दा सकार गर्ने विजयबहादुर श्रेष्ठसमेत*
- ०६९-CI-०२४०, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. कमला सिलवाल*
- ०६९-CI-०२४१, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. उर्मिला थकुसमेत*
- ०६९-CI-०२४२, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. रामबाबु सुब्बा परलोक भई निजको मु.स. गर्ने छोरा अमरबाबु सुब्बा*
- ०६९-CI-०२७२, मापदण्डविपरीत घर निर्माण, *केशव स्थापित वि. मुक्तिनाथ अधिकारी*

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-११७८, ०७१-CR-०८८६, ०७२-CR-०३७५ र ०७४-RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुरनबहादुर कुँवरसमेत, नेपाल सरकार वि. परूवा लुहारसमेत, पुरनबहादुर कुँवर वि. नेपाल सरकार र रमेश दमाई वि. नेपाल सरकार*

प्रतिवादीहरूमाथि लगाइएको अभियोग सम्बन्धमा केवल दोस्रो पटक जाहेरी दिने जाहेरवाला विमला साउदको भनाइबाहेक निजहरूउपरको आरोप पुष्टि हुने अन्य कुनै पनि ठोस एवम् वस्तुनिष्ठ प्रमाण वादीले पेस गर्न सकेको मिसिलबाट देखिँदैन । यी प्रतिवादीहरूलाई लगाइएको कसुर पुष्टि गर्ने अन्य कुनै पनि स्वतन्त्र ठोस प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा शङ्काको भरमा किटानी जाहेरी दिनु र सो जाहेरीलाई समर्थन गरी अदालतमा आई जाहेरवालाले

शङ्काकै भरमा बकपत्र गर्नुले मात्र यी प्रतिवादीहरूको कसुर प्रमाणित हुन सक्ने स्थिति देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीहरू परूवा लुहार र दिउडी लुहारलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६८।१२।२३।५ मा सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१०।६ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सो फैसला बदर गरी यी प्रतिवादीहरू परूवा लुहार र दिउडी लुहारलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मोहनबहादुर विष्टले मौका र अदालतमा आई बयान गर्दा आफूमाथि लागेको आरोपित कसुरको सन्दर्भमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । निज प्रतिवादीको सो इन्कारी बयानलाई निजसमेतका साक्षी रूपसिंह विष्ट र कर्णबहादुर विष्टले समर्थन हुने गरी सुरू अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ । यी प्रतिवादीमाथि लगाइएको अभियोग सम्बन्धमा केवल पहिलो जाहेरीमा नाउँ उल्लेख हुनु बाहेक निजउपरको आरोप पुष्टि हुने अन्य कुनै पनि ठोस एवम् वस्तुनिष्ठ प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । यसरी यी प्रतिवादीहरूलाई लगाइएको कसुर पुष्टि गर्ने अन्य कुनै पनि स्वतन्त्र ठोस प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा निजउपर दिएको जाहेरीले मात्र यी प्रतिवादीको कसुर प्रमाणित हुन सक्ने स्थिति देखिएन । यस्तो अवस्थामा यी प्रतिवादी मोहनबहादुर विष्टलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६७।८।१६ मा भएको सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।८।२८ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सो फैसला बदर गरी यी प्रतिवादी मोहनबहादुर विष्टलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूसमेत उपरको किटानी जाहेरीबाहेक मिसिल संलग्न अन्य कागज प्रमाणबाट यी प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टले मृतक गोरखसिंह साउदलाई कुटपिट गरेकोसम्म पनि पुष्टि भएको अवस्था देखिँदैन । यसरी यी प्रतिवादीहरूलाई लगाइएको कसुर पुष्टि गर्ने अन्य कुनै पनि स्वतन्त्र ठोस प्रमाण मिसिलबाट नदेखिएको अवस्थामा निजउपर दिएको जाहेरीले मात्र यी प्रतिवादीहरूको कसुर प्रमाणित हुन सक्ने स्थिति देखिएन। यस्तो अवस्थामा यी प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टलाई सुरू बैतडी जिल्ला अदालतबाट जन्मकैदको सजाय गर्ने गरी मिति २०६७।८।१६ मा भएको फैसला सो हदसम्म उल्टी गरी यी प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६८।८।२८ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सो फैसला बदर गरी यी प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईले मौकामा गरेको साबिती बयान कागजलाई निजहरूउपर समेत परेको किटानी जाहेरी, मृतकको मृत्यु टाउकोको चोटबाट भएको भन्ने उल्लेख भएको घटनास्थल लासजाँच मुचुल्का एवम् लासजाँच प्रतिवेदन, बुझिएका दिपेन्द्रसिंह साउद, बिरासिंह साउदसमेतका मानिसहरूले सुरू अदालतमा गरेको बकपत्रसमेतका सबुद प्रमाणहरूबाट समेत समर्थित भएको देखिन आउँछ । यसरी मृतकको मृत्यु यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईको कुटपिटको कारणले भएको भन्ने कुरा कुरा पुष्टि हुन आउने।

रेलान पसलमा झगडा भई पुरनबहादुर कुँवर र रमेश दमाईले मृतक गोरख सिंह साउदलाई कुटपिट गरेको कारणले निजको मृत्यु भएको देखिए तापनि निज मृतक गोरख सिंह साउदको कुटपिटबाट मृत्यु भएपश्चात् यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईले लास लुकाउन वारदातस्थलबाट एक किलोमिटर

टाढा लागेको भन्नेतर्फ भने मिसिल संलग्न कुनै पनि कागज प्रमाणहरूबाट प्रमाणित हुन सकेको भने देखिन आएन । यस्तो अवस्थामा यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईलाई सुरू बैतडी जिल्ला अदालतबाट जन्मकैदको सजाय गर्ने गरी मिति २०६७।८।१६ मा भएको फैसला सदर गरेको गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।८।२८ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सो फैसला मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम थप सजाय नगरेको हदसम्म बदर गरी यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी पुरनबहादुर कुँवरको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । त्यस्तैगरी यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईको हकमा मुलुकी ऐन, अदालती बन्दोबस्त महलको १८८ नं. सन्दर्भमा विचार गर्दा, घटनाको प्रकृति हेर्दा पूर्वरिसइवी नदेखिएका र कुनै मार्नुपर्नेसम्मको पूर्वतयारी वा पाशविकतासमेत नदेखिएको अवस्था हुँदा जन्मकैदको सजाय चर्को पर्ने हुँदा अ.बं. १८८ नं. बमोजिम पुरनबहादुर कुँवर र रमेश दमाईलाई १० (दश) वर्ष कैद गर्दासमेत न्यायको मक्सद पूरा हुने देखिँदा यी प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईलाई अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुन मनासिब देखिन आउने ।

अत: विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू परूवा लुहार र दिउडी लुहारलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६८।१२।२३।५ मा सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१०।६ को फैसला, प्रतिवादी मोहनबहादुर विष्टलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६७।८।१६ मा भएको सुरू बैतडी जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।८।२८ को फैसला, प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टलाई सुरू बैतडी जिल्ला अदालतबाट जन्मकैदको सजाय गर्ने गरी मिति २०६७।८।१६ मा भएको फैसला सो हदसम्म उल्टी गरी यी प्रतिवादीहरू दलबहादुर कुँवर र सुरेन्द्रबहादुर विष्टले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।०८।२८ को फैसला र प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईलाई सुरू बैतडी जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी मिति २०६७।८।१६ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।०८।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । साथै प्रतिवादीहरू पुरनबहादुर कुँवर र रमेश दमाईलाई जन्मकैदको सजाय चर्को पर्ने हुँदा अ.बं. १८८ नं. बमोजिम जनही १० (दश) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-११८३, शिक्षा दिक्षा, उपचार, खान लाउन खर्च भराई पाऊँ, *छोर्तेन तामाङ वि. छिरिङ तामाङ*

अदालतले मुद्दाका पक्षहरूले दाबी लिएको कुरामा मात्र आफ्नो क्षेत्राधिकार ग्रहण गरी सो वादी दाबिमा सीमित भएर निर्णय दिनुपर्ने हुन्छ । मुद्दाका पक्षहरूले दाबी नलिएको कुरामा अदालतले आफैँ वादी भई निर्णय गर्न नहुने ।

संरक्षक आमा छोर्तेन तामाङको हकमा फिराद दाबी नभई निजको नाबालक छोरा उर्गेन नुम्डुल तामाङको हकमा मात्र मानाचामल भराई पाउँ भनी दाबी रहेको पाइन्छ । यस्तो अवस्थामा मानाचामल सम्बन्धमा उर्गेन नुम्डुल तामाङको हकमा मात्र निर्णय गर्नुपर्नेमा सुरू मुगु जिल्ला अदालतले वादी दाबीभन्दा बाहिर गई संरक्षक आमासमेतलाई मानाचामल भराउने गरी फैसला भएको देखिँदा यसरी दाबी नै नभएको विषयमा संरक्षक आमा

छोर्तेन तामाङलाई समेत प्रतिवादी छोर्तेन तामाङबाट मानाचामल भराइदिने गरी भएको सुरू फैसला सो हदसम्म कानूनसम्मत देखिन नआउने।

संरक्षक आमा छोर्तेन लामा तामाङको हकमा फिराद दाबी नभई नाबालक उर्गेन नुम्डुल तामाङको हकमा मात्र मानाचामल भराई पाउने दाबी रहेकोमा दाबी नै नभएको विषयमा सुरू अदालतले दाबीभन्दा बाहिर गई संरक्षक आमासमेतलाई खाना खर्च भराउने गरी भएको हदसम्मको सुरू मुगु जिल्ला अदालतको मिति २०७०।५।६ को फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७१।०७।२५ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

अत: विवेचित आधार र कारणबाट पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७१।७।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ८ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CR-११२२, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. वीरेन्द्रप्रसाद कोइरीसमेत*

प्रतिवादी तेतरी देवी भन्ने सबिता देवीले वारदातमा भएको हानाहानले मृतक सोनी कुमारीको मृत्यु भएको होइन र अर्का प्रतिवादी वीरेन्द्रप्रसाद कोइरीले मृतक सोनीलाई प्रतिवादीहरू कसैले हानेको होइन भनी कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको पाइन्छ। तर अनुसन्धान अधिकृतसमक्ष ढुङ्गा हानाहान भएको भनी प्रतिवादीहरूले बयान गरेको देखिन्छ। जाहेरवाला तथा मृतक र प्रतिवादीहरू नाताका व्यक्तिहरू भएको र वारदातको दिन निजहरूबीच जग्गा जमिनबारे वादविवाद भई झगडा र सोही झै-झगडाका क्रममा यी दुई पक्षबीच लाठी फराठा ढुङ्गा हानाहान भएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ। यही झगडाका क्रममा प्रतिवादीहरूले हानेको ढुङ्गाको चोट लागी मृतक सोनी कुमारीको मृत्यु भएको देखियो। यस अवस्थामा प्रतिवादीहरूले निज मृतकलाई मार्नुपर्ने कुनै रिसइवी नभई प्रतिवादीहरूको कार्यबाट मृतकको ज्यान लिनुपर्नेसम्मको मनसाय राखी कार्य भएको मिसिल संलग्न अन्य प्रमाणबाट नदेखिने।

जाहेरवालालगायत वादीका साक्षीहरूले यी प्रतिवादीहरूले ज्यान मार्ने मनसाय तथा उद्देश्य राखी मृतक सोनी कुमारीउपर ढुङ्गा प्रहार गरेको भनी भन्न सकेको अवस्था छैन। प्रतिवादीहरूले अदालतमा कसुरमा इन्कारी बयान गरे तापनि मौकामा बयान गर्दा ढुङ्गा हानाहान गरेको र मृतकलाई चोट लागेकोमा साबित भई बयान गरेको पाइन्छ। यसरी समग्र मिसिल अध्ययनबाट वारदातमा लाठी, फराठा, ढुङ्गाको प्रयोग भएको तथा मृतकलाई ज्यान मार्ने नियतले जोखिमी हतियारले हानेको नभई जग्गा जमिनबारे दुवै पक्षबीच झै-झगडा भई दोहोरो ढुङ्गा हानाहान भएकोमा प्रतिवादीहरूले प्रहार गरेको ढुङ्गा मृतकलाई लाग्न गई भवितव्यबाट सोनी कुमारीको मृत्यु हुन गएको देखियो। यसरी भवितव्य परी सोनी कुमारीको मृत्यु भएको देखिएकोले प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने।

स्वयम् जाहेरवाला, घाइतेसमेतले अदालतमा बकपत्र गर्दा सामान्य विवाद भएको थियो भनी बेहोरा लेखाएबाट पनि प्रतिवादीहरूले घाइतेलाई मार्नुपर्नेसम्मको मनसाय रहेको पाइएन। वारदातको दिन सामूहिक रूपमा घर परिवारको बीचमा दोहोरो कुटपिट भएको भन्ने देखिन आयो। यस परिप्रेक्ष्यमा जाहेरवाला एवम् घाइतेहरू विनोदप्रसाद कोइरी, उमादेवीलाई लाग्न गएको चोट र कुटपिटको वारदात भएको तथ्य पुष्टि हुँदा यी जाहेरवालासमेतलाई प्रतिवादीहरूले ज्यान मार्ने उद्योग गरेको भन्ने दाबी नपुग्ने र सो दाबी कुटपिटमा परिणत गर्ने गरी गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

अतः प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहाय ४ बमोजिम

जनही रू.५००।- जरिवाना र ६ महिना कैद तथा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को अभियोग दाबीतर्फ सफाइ दिई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७३।५।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०८७३ र ०६७-CI-०९९९, लिलाम बदर, लिखत बदर, दर्ता बदर, दर्ता कायम, *प्रदिपकुमार यादव वि. सुदामाकुमार यादवसमेत* र *मनोजकुमार मण्डल वि. सुदामाकुमार यादवसमेत*

वादीले भाखाभित्र लिएको कर्जा साँवा तथा ब्याज नबुझाएकोले धितोमा रहेको वादीको जग्गा मिति २०६३।४।२१ मा लिलाम हुने भनी फुलोदेवीको नाम मात्र उल्लेख गरी मिति २०६३।४।६ मा स्थानीय दर्शन दैनिकमा तेस्रो पटक सूचना प्रकाशित गरेको देखिन्छ । संयुक्त दर्तावाला सुदामाकुमार यादव र प्रमोदप्रसाद यादवको नाम सो सूचनामा उल्लेख भएको देखिँदैन । २०५६।११।२३ मा ऋण प्रवाह गर्दा तीनैजनाको संयुक्त नाउँमा दर्ता रहेको जग्गा धितो राखेकोमा लिलाम गर्दा भने १ जनाको नाउँ मात्र उल्लेख गरी सूचना प्रकाशित गरी लिलाम गरिएको कार्यलाई कानूनसम्मत रहेछ भनी मान्न मिल्ने नदेखिने।

मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन प्रचलित खरिद बिक्री मूल्यसमेतको आधारमा पञ्चकृते मूल्याङ्कन गर्नुपर्नेमा सो केही गरेको मिसिलबाट देखिँदैन । तोकिएको भाखाभित्र साँवा तथा ब्याज नबुझाएको अवस्थामा धितो राखेको जग्गाबाट लिलाम गरी साँवा तथा ब्याज असुलउपर गर्ने अधिकार पुनरावेदक सहकारी संस्थालाई भए पनि त्यस्तो अधिकारको प्रयोग कानूनी प्रक्रिया पुऱ्याई उचित तबरबाट गरिनु पर्दछ । कानूनको उचित प्रक्रिया पूरा नगरी व्यक्तिको सम्पत्ति लिलाम गरी लिन मिल्नेसमेत नहुने।

अतः कानूनबमोजिम संयुक्त दर्तावालालाई लिलाम हुने बारेमा सूचना नदिई रीतपूर्वकको पञ्चकृते मूल्याङ्कनसमेत नगरी भएको लिलाम र सोको आधारमा भएको दा.खा. कानूनबमोजिम भएको नदेखिएको आधार र कारणसमेतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू मोरङ जिल्ला अदालतको फैसला उल्टी गरी दाबीबमोजिम लिलाम बदर लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।३।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल पुस २३ गते १ रोज शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०४९६, उत्प्रेषण, शोभाकुमारी साह वि. शशिकला खड्कासमेत

विपक्षीमध्येकी शशिकला खड्काका पिता पुर्खा सप्तरी जिल्ला, कमलपुर गा.वि.स.मा बसोबास गर्दै आएको भन्ने जिकिर रही निजको नागरिकताको प्रमाणपत्रमा पनि निजको वतन सप्तरी जिल्ला, कमलपुर गा.वि.स. वडा नं. ७ भनी उल्लेख भएको देखिन्छ । त्यसका अतिरिक्त राजधोव जाति सप्तरी, सिराहा र सुनसरी जिल्लामा बसोबास गर्ने मूल निवासी हो । निजहरू राजधोव मधेसी समुदायको भएकाले राजधोव उपत्यका सम्पर्क परिवारले मिति २०७१।११।१५ मा मधेसी भनी सिफारिस गरेको देखिने।

सप्तरी जिल्ला, कमलपुर गा.वि.स.ले समेत मिति २०६४।४।५ मा मधेसी भनी सिफारिस गरेको तथा ललितपुर जिल्ला, सैंबु गा.वि.स. वडा नं. ६ मा बस्ने होमनारायण खड्का मिति २०७०।८।२६ मा परिवारसहित ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा. वडा

नं.१४ बाट सरी आएको भनी मिति २०७०।९।२३ मा स्थानीय पञ्जिकाधिकारीको कार्यालय, सैंबुको बसाईसराई दर्ताको प्रमाणपत्रसमेतबाट देखिने।

गाउँ विकास समितिको कार्यालय, सैंबु, ललितपुरको मिति २०७०।११।११ को सिफारिसको आधारमा जिल्ला प्रशासन कार्यालय, ललितपुरले निजामती सेवा नियमावली, २०५० को नियम १४(४)(घ) बमोजिम मधेसी समुदायमा पर्ने देखिएको भनी प्रमाणित गरेको आधारमा शशिकला खड्काले लोक सेवा आयोग मध्यमाञ्चलमा परीक्षा फाराम भरी परीक्षामा सहभागी भएको देखिन्छ । माथि उल्लिखित कागजातहरूबाट विपक्षी शशिकला खड्का मधेसी समुदायभित्र पर्ने व्यक्ति भई निजले कानूनले गरेको व्यवस्थाबमोजिम नै लोक सेवा आयोगको विज्ञापन दर्खास्त दिई परीक्षामा सामेल भई परीक्षा उत्तीर्ण गरी नियुक्तिका लागि सिफारिस भएको कार्य कानूनविपरीत भन्न मिल्ने अवस्था नदेखिने।

मधेसी एउटा समुदाय हो र मधेसभित्र पनि फरक जात, लिङ्ग, धर्म, शारीरिक अवस्था, आर्थिक स्थिति, वैचारिक आस्था आदिको आधारमा विविधता रहेको छ। विविधताको मान्यता व्यक्तिको पहिचान र अवसर पनि हो। यो कहिले भेदभाव, बहिष्कार र प्रतिबन्धको कारक तत्त्व पनि बन्न पुग्दछ। विशेषगरी त्यस्तो समाजमा जहाँ जातीयताको आधारमा भेदभावको विद्यमानता रहेको हुन्छ, त्यहाँ संविधान र कानूनद्वारा संरक्षणको व्यवस्था गर्नुपर्ने आवश्यकता हुन्छ । नेपालको संविधानले नै भेदभाव विरूद्धको अधिकारको सुनिश्चित गरेको छ र छुवाछुतको आधारमा गरिने फरक व्यवहारलाई दण्डनीय बनाएको छ । तसर्थ जातको आधारमा हुने विभेदलाई रोक्न फरक थर दिन सकिने कानूनी व्यवस्थाको आधारमा राजधोवले खड्का थर लेख्दैमा मधेसी होइन भन्ने तर्क कानूनसङ्गत नहुने।

स्थानीय निकायको सिफारिसमा प्रमाणित गर्ने निकायले कानूनबमोजिम प्रमाणित गरिसकेपछि निश्चित कानूनी प्रक्रियाको रोहमा परीक्षा फाराम भरी प्रतियोगितामा सफल भएको देखिँदा उक्त नियुक्तिको सिफारिस, नियुक्तिलगायतका काम कारबाही बदर गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार, प्रमाण र सिद्धान्तका आधारमा मधेसी समुदायमा को कुन व्यक्ति पर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नसकेको अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ७(७) र निजामती सेवा नियमावली, २०५० को नियम १४(४)(घ) बमोजिम स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले प्रमाणित गर्ने भनी प्रचलित कानूनमा नै उल्लेख भएको अवस्थामा विपक्षीमध्येकी शशिकला खड्काका मधेसी समुदायमा पर्ने भनी स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले प्रमाणित गरेको प्रमाणपत्रका आधारमा लोक सेवा आयोग मध्यमाञ्चल निर्देशनालय, काठमाडौंद्वारा नेपाल स्वास्थ्य सेवा, श्रेणी तह चौथो, पद अ.न.मी. को लागि विज्ञापन नं.७४४।०७०-०७१ खुला, ७४५।०७०-०७१ महिला, ७४७।०७०-०७१ मधेसीको विज्ञापनका पदमा फाराम भरी परीक्षामा सहभागी भई लिखित तथा अन्तर्वार्तासमेतबाट छनौट भई लोक सेवा आयोगको सिफारिसका आधारमा नियुक्त भएको देखिँदा उक्त नियुक्तिको सिफारिस र नियुक्तिलगायतका काम कारबाहीहरू कानूनबमोजिम भएको देखिएकाले गरी बदर गर्न मिलेन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल साउन २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-WO-०९०७, उत्प्रेषण, नारायणी राना वि. ललितपुर जिल्ला अदालत, ललितपुर

निवेदक नारायणी रानाले यस अदालतमा मिति २०६।१२।२६ मा रिट निवेदन दर्ता गरिसकेपछि मिति २०६८।१२।१ को नक्सा मुचुल्का मुलुकी ऐन, अ.बं.१७१ नं. बमोजिमको प्रक्रिया पूरा नगरी भएकोले बदर गरिपाउँ भनी मिति २०६८।१२।२८ मा ललितपुर जिल्ला अदालतमा निवेदन दिएको

देखियो । साथै ललितपुर जिल्ला अदालतमा समेत उक्त मुद्दाहरू मुल्तबीमा राखिपाउँ मिति २०६९।२।११ मा निवेदन दिएको देखियो । जिल्ला अदालतबाट भएको मिति २०६८।१२।१ को नक्सा मुचुल्का बदरको लागि निवेदन दिएको अवस्थामा सो विषयमा जिल्ला अदालतले सम्पूर्ण प्रमाणहरूको मूल्याङ्कन गरी मुलुकी ऐन, अ.बं. १७१ नं. को प्रक्रियाहरू पूरा भए भएनन् हेरी आवश्यक कारबाही गर्न सक्ने नै हुने ।

निवेदकले दाबी लिएको विषयवस्तु सुरू अदालतमा विचाराधीन मुद्दाको प्रक्रियाबाट समाधान हुने प्रकृतिको देखिएको अवस्थामा यस अदालतबाट रिट क्षेत्रको माध्यमबाट जिल्ला अदालतको क्षेत्राधिकारमा हस्तक्षेप हुने गरी निर्णय गर्नु न्यायोचित र विवेकसम्मत हुन सक्दैन । साधारण क्षेत्राधिकारबाट विवादको समाधान हुन नसकी अन्य विकल्पको अभाव भएको अवस्थामा मात्र रिट क्षेत्र आकर्षित हुन सक्ने अवस्था रहने ।

तसर्थ, निवेदकको माग सम्बन्धमा सुरू अदालतबाट नै सुनुवाइ हुनसक्ने अवस्था रहेबाट प्रस्तुत रिट निवेदनबाट निवेदकको निवेदन माग सम्बन्धमा निर्णय गर्नुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल पुष २१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-०३५१, उत्प्रेषण / परमादेश, अनुपमा सिं ठकुरीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

निवेदिका अनुपमा सिं ठकुरीले उक्त जग्गाहरू दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा पाउँ भनी मिति २०६६।११।२७ मा मालपोत कार्यालय, डिल्लीबजारमा निवेदन दिनु भएकोमा मिति २०६७।३।५ मा स्थलगत सर्जमिन हुँदा २०३२ सालमा रानीवन शिवपुरी निकुञ्जले पर्खाल लगाई निकुञ्जभित्र परेको जग्गा हो भनी उल्लेख भएकोसमेत देखिन्छ । निवेदकको दाबीका उक्त कित्ता जग्गाहरू शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र परेको भनी मिति २०६५।११।१२ मा राजपत्रमा सूचनासमेत प्रकाशित भएको देखिने ।

भूमि सुधार तथा व्यवस्थापन विभाग (जग्गा प्रशासन शाखा) ले मिति २०६७।१२।१३ मा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र परेको जग्गा कुनै व्यक्ति विशेषका नाममा दर्ता तथा नामसारी गर्न नमिल्ने भनी मालपोत कार्यालय, डिल्लीबजारलाई लेखेको पत्रसमेतका प्रमाणका आधारमा मालपोत कार्यालय, डिल्लीबजारले निवेदकले दाबी गरेका जग्गाहरू व्यक्ति विशेषका नाममा दर्ता नामसारी हुन सक्ने अवस्था नभएकोले मिसिल दायरीबाट लगत कट्टा गरी तामेलीमा बुझाई दिनु भनी मिति २०६८।१।२७ मा निर्णय गरेको देखिने ।

निवेदिकाले मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६८।१।२७ को उक्त निर्णय विरूद्ध पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत, पाटनबाट समेत मालपोत कार्यालयको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ भनी मु.नं. ०६९-DP-०४२ को मुद्दामा मिति २०६९।८।१३ मा फैसला गरेको देखियो । उक्त फैसला अन्तिम भएर रहेकोसमेत देखिने ।

एकपटक अदालतको साधारण क्षेत्राधिकारभित्र प्रवेश गरी अदालतबाट निवेदकका नाममा दर्ता हुन नसक्ने ठहरी फैसला भएको र सो फैसला अन्तिमसमेत रहेको देखियो । निवेदकले अदालतको साधारण क्षेत्राधिकारभित्र प्रवेश गरी उक्त अदालतबाट फैसला भई अन्तिम भएर रहेको अवस्थामा सो अन्तिम भएर रहेको फैसलाको प्रतिकूल हुने गरी रिट क्षेत्रबाट हस्तक्षेप गरी निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने ।

तसर्थ विवेचित आधार र कारणबाट निवेदकको निवेदन माग दाबीबमोजिम आदेश जारी हुन सक्ने अवस्था विद्यमान नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६७-CR-१०३३, ०७१-CR-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रभुप्रसाद साह कलवारसमेत र नेपाल सरकार वि. ताजु मोहम्मद भन्ने मोहम्मद मुकबुल*

घटनास्थल मुचुल्का, खानतलासी मुचुल्का एवम् घटना विवरण कागजमा भएको सहीछाप हाम्रो हो, बेहोरा ठीक हो भनी वादी पक्षका गवाह जगन्नाथ मुखिया विन, राजाराम राय, संजिवकुमार यादव, नन्दु साह, दशरथ मुखिया, पंचु मुखिया, रामअधीन साह, अजयप्रसाद साह, गजेन्द्र साह, रामकलेवर राय, रामभरोस ठाकुर, विजय ठाकुर, चन्नु राय, दुखा यादवसमेतले अदालतमा उपस्थित भई बयान गरेको पाइन्छ। यी चार प्रतिवादीहरूले अदालतमा इन्कार रही बायन गरेको पाइए तापनि निजहरूको इन्कारी बयानलाई मात्र विश्वास गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरू फेकन कवाडी र नासिर हुसेन अदालतसमक्ष आरोपित कसुरमा इन्कार गरी बयान गरेको पाइन्छ । यी प्रतिवादीहरूउपर किटानी जाहेरी रहेको पनि पाइँदैन। यी प्रतिवादीहरू वारदातमा संलग्न रहेको तथ्य पुष्टि हुने कुनै वस्तुनिष्ठ सबुत प्रमाण वादी नेपाल सरकारबाट पेस हुन सकेको छैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबीको कसुर पुष्टि गर्ने प्रमाणको भार वादी नेपाल सरकारमा नै रहेको पाइन्छ । फौजदारी न्याय प्रणालीको मक्सद केही अपराधी छुटुन् तर कोही पनि निरअपराधी सजायको भागीदार नबनुन् भन्नेसमेत रहेको पाइन्छ। निश्चयात्मक प्रमाणको अभावमा प्रतिवादीलाई कसुरदार करार गरी सजाय गर्न मिल्ने देखिँदैन। यी दुई प्रतिवादीको कसुरमा संलग्नता रहेको देखिने कुनै आधार प्रमाण नरहेको अवस्थामा शङ्काको सुविधा प्रतिवादीले पाउने हुँदा यी प्रतिवादीहरूले सफाइ पाउने ठहर गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

पछि पक्राउ परिआएको प्रतिवादी ताजु महम्मद भन्ने महम्मद मुकबुलले अदालतसमक्ष कसुरमा पूर्णइन्कारी रही बयान गरेको पाइन्छ। यी प्रतिवादीउपर सहअभियुक्त राजीव भन्ने लालबाबु राय यादवसमेतले अधिकारप्राप्त अनुसन्धान अधिकारीसमक्षको बयानबाट नै पोल गरी बयान गरेको पाइए तापनि सो बयानलाई पुष्टि गर्ने कुनै सबुत प्रमाण वादी नेपाल सरकारको तर्फबाट पेस हुन सकेको पाइँदैन। तसर्थ, प्रतिवादी ताजु महम्मद भन्ने महम्मद मुकबुलले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिब नै देखिन आउने।

अतः प्रतिवादीहरू प्रभुप्रसाद साह कलावर, राजिव भन्ने लालबाबु राय यादव, रामप्रताप सहनी, सफी महम्मद अन्सारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम १० वर्ष कैद र बरामद भएको बिगो रू.४,११०।- को सोही ऐनको १४(४) नं. बमोजिम डेढी बढाई जरिवाना हुने ठहर गरेको, प्रतिवादीहरू फेकन कवारी, नाजिर हुसेन र ताजु महम्मद भन्ने महम्मद मुकबुललाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६७।२।१७ र मिति २०६९।८।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर: चन्द्रशेर राना
इति संवत् २०७५ साल असार ३२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०२९३, ०७३-CR-०९३१, चोरी, जितबहादुर ढकाल वि. नेपाल सरकार (सैनिक अनुसन्धान समिति) र नेपाल सरकार (सैनिक अनुसन्धान समिति) वि. जितबहादुर ढकाल

१ थान एच.पि. को ल्यापटप यी प्रतिवादी

जितबहादुर ढकालले चोरेको भनी मन्जु थापा मगरको जाहेरी निवेदन परेको र प्रतिवादीले अदालतसमक्ष समेत सो कुरा स्वीकार गरी बयान गरेको अवस्थामा सो ल्यापटप यी प्रतिवादीले चोरेको पुष्टि हुन आयो । प्रतिवादीको सँगसाथबाट बरामद भएका मुन्ना पटेलको सुनको मङ्गलसूत्र र राजाराम सुवालको ल्यापटपको सम्बन्धमा यी प्रतिवादीको विरूद्ध किटानी जाहेरी निवेदन परेको र प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकेको स्थितिमा उपर्युक्त कानूनी व्यवस्थाको रोहमा यी मालसामानहरू प्रतिवादीले चोरेको होइन भनी भन्न मिल्ने अवस्था नदेखिँदा उक्त मंगलसुत्र र ल्यापटप प्रतिवादी जितबहादुर ढकालले मुलुकी ऐन, चोरीको महलको १ नं. बमोजिम चोरी गरेको ठहर गरी भएको सुरूको फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

प्रतिवादी जितबहादुर ढकालको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, निजले मन्जु मगरको एच.पी. कम्पनीको ल्यापटप थान-१, मुन्ना पटेलको सुनको मङ्गलसूत्र थान-१ र राजाराम सुवालको एच.पि. ल्यापटप चोरी गरेको भन्ने सम्बन्धमा माथिका प्रकरणहरूमा गरिएको विवेचनाबाट ठहर भइसकेको छ । यी सामानहरूको मूल्य क्रमशः रू.७०,०००।- रू.१६,७९२।- र रू.३५,०००।- गरी जम्मा रू.१,२१,७९२।- खुल्न आएकोमा सुरू अदालतबाट सोहीबमोजिम बिगो कायम गरी सजाय गरेको पाइन्छ । यस्तो स्थितिमा बढी बिगो कायम गरेको भन्ने पुनरावेदक प्रतिवादी जितबहादुर ढकालको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

प्रतिवादीबाट रू.१,२१,७९२।- बराबरको धनमालबाहेक बरामद भएका ती अन्य सामानहरूको हकमा प्रस्तुत मुद्दामा कोही कसैले दाबी लिई जाहेरी निवेदन दिएको अवस्था छैन । ती सामानहरूको वास्तविक मालधनी अन्य व्यक्ति नै भएमा मालधनीले सप्रमाण जाहेरी दिएर प्रमाणले सो कुरा पुष्टि भएको स्थितिमा मालधनीले दिएको जाहेरीउपर कानूनबमोजिमको कारबाही हुने हुन्छ । प्रस्तुत मुद्दाको रोहमा भने चोरी ठहर भएबाहेकका अन्य मालसामानहरू पनि निज प्रतिवादीले चोरीको माध्यमबाट नै प्राप्त गरेका हुन् भनी मान्न फौजदारी न्यायको मान्य सिद्धान्तसमेतबाट नमिल्ने हुँदा कम बिगो कायम गरी प्रतिवादीलाई सजाय भएको भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी जितबहादुर ढकालले मुलुकी ऐन, चोरीको महलको १ नं. बमोजिम जाहेरवालाहरूको बिगो रू.१,२१,७९२।- बराबरको धनमाल चोरी गरेको हुँदा ऐ. चोरीको महलको १२ नं. बमोजिम निज प्रतिवादीलाई १ महिना कैद र बिगो रू.१,२१,७९२।- बराबर जरिवाना भई चोरी भएका धनमालहरू ऐ. को १० नं. बमोजिम सम्बन्धित मालधनी जाहेरवालाहरूले भरी पाउने ठहर्‍याई सैनिक विशेष अदालतबाट मिति २०७३।४।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल असार २० मा रोज ४ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०७५३, भ्रष्टाचार (अनियमितता), *नेपाल सरकार वि. छोटेलालप्रसाद साह तेलीसमेत*

प्रतिवादी प्रेम पण्डितले अनुसन्धानको क्रममा बयान कागज गर्दा आफू ०६८ जेष्ठदेखि २०६९ पौष महिनासम्म हरिहरपुर बिर्ता गा.वि.स.मा सचिवको रूपमा कार्यरत रहेको लोक सेवा आयोगबाट सिफारिस भई गएको, त्यहाँ प्राविधिक सहायक अमृतबहादुले नै सबै काम गर्थे भनी उल्लेख गरेका, अर्का प्रतिवादी छोटेलालप्रसाद साहले अनुसन्धानको क्रममा बयान गर्दा सामाजिक सुरक्षा भत्ता दिने सम्बन्धमा मभन्दा अधिका सचिवले दिँदै आएको सामाजिक सुरक्षा भत्ता लगत रजिस्टरमा उल्लेख गरी दर्ता भइसकेका व्यक्तिलाई मात्र भत्ता खुवाएको हो भन्ने उल्लेख गरेको देखिन्छ । अर्का प्रतिवादी अमृतबहादुर कार्कीले आफू प्राविधिक सहायक भएको र सचिवले लाए अराएको काम मात्र गर्ने गर्दथेँ

भन्नेसमेत बेहोरा उल्लेख गरेको पाइन्छ भने यी तिनैजना प्रतिवादीहरूले आफूले कुनै रकम अनियमितता गरी भ्रष्ट्राचार गरेको छैन। परिचयपत्र लिएर आउनेलाई भत्ता वितरण गरेको हो भनी कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिने।

प्रतिवादी प्रेम पण्डित मिति २०६८ जेष्ठदेखि २०६९ पौषसम्म कार्यरत रहेकोमा निजको पालामा आरोप दाबिमा उल्लिखित व्यक्तिहरूको अभिलेख राखेको भन्ने अवस्था नदेखिएको, त्यसैगरी प्रतिवादीमध्येका छोटेलालप्रसाद साह २०६९ माघ महिनादेखि ०७० फाल्गुन महिनासम्म काम गरेको अवधिमा निजले अभिलेख सच्याई भत्ता वितरण गरेको भन्ने अवस्था पनि नभएको कारणले पहिले नै बनाई कायम गरी राखेको अभिलेखका आधारमा भत्ता दिएको मिसिल संलग्न प्रमाणबाट देखिन्छ। प्रस्तुत मुद्दामा सामाजिक सुरक्षा भत्ताबापत जम्मा रू.१,७३,०००।- रकम हिनामिना गरेको भनी अभियोगमा दाबी लिएकोमा प्रतिवादी अमृतबहादुर कार्कीको हकमा बिगो रू.३,३४,०००।- कायम गरी अभियोग दायर भएको देखिएको देखिँदा बिगोको स्पष्ट आधार प्रस्तुत हुन सकेकोसमेत नदेखिने।

गाउँ विकास समिति वडा नं. मा राखिएको भत्ता प्राप्त गर्ने व्यक्तिहरूको अभिलेख यी प्रतिवादीहरूले सच्याई तयार गरेको अवस्था नरही भत्ता पाउने व्यक्तिले प्राप्त गरेको परिचयपत्रलाई आधार लिई भत्ता वितरण गरेको र पछि उक्त रकम रू.१,७२,५००।- दाखिलासमेत गरिसकेको र आरोपपत्रमा प्रतिव्यक्ति दाबी गरिएको बिगोसमेतको स्थिति फरक देखिएको छ। भत्ता नपाएको भनी अनुसन्धानको क्रममा कागज गर्ने व्यक्तिलाई बुझ्न अदालतबाट आदेश भएकोमा बकपत्रको लागि वादी पक्षले उपस्थित गराउन नसकेको, लगत अद्यावधिक गर्ने समयावधि व्यक्तिगत घटना दर्ता ऐनको दफा ४(१) ले ३५ दिन तोकेकोमा सो अवधिमा प्रतिवादी प्रेम पण्डित कार्यरत रहेको भन्ने पनि नदेखिएको उमेर नपुगेकोलाई भत्ता दिएको भनिएकोमा निजहरूको उमेर भिड्ने नागरिकता वा परिचयपत्रलाई तुलना गरी प्रमाणको रूपमा प्रस्तुत गर्न पनि सकेको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ ले दाबी पुष्टि गर्ने प्रमाणको भार वादी पक्षमा निहित रहेकोमा प्रस्तुत मुद्दामा वादी पक्षबाट त्यस्तो कुनै ठोस सबुद प्रमाण पेस भएको देखिएन। भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसाय तत्त्वको साथै बदनियतपूर्वक कार्य गरे भएको प्रस्ट रूपमा देखिनु पर्नेमा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले गरेको कार्य बदनियतपूर्वकको थियो भन्ने कुरा मिसिल कागजातबाट पुष्टि भएको नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने नै देखिने।

अत: विवेचित आधार कारणबाट प्रतिवादीहरू छोटेलालप्रसाद साह तेली, प्रेमकुमार पण्डित र अमृतबहादुर कार्कीलाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-WO-००७७, उत्प्रेषण / प्रतिषेध / परमादेश, *रमेश कवा वि. स्वास्थ्य मन्त्रालयसमेत*

रिट निवेदन दाबी र औषधी विभागको लिखित जवाफबाट Ancium-D3 र FERO-XT आहारपूरक खाद्य पदार्थ वा औषधी के हो ? भन्ने नै मूल विवाद रहेको देखिन आएको छ। यस विवादको सम्बन्धमा भन्सार विभागबाट च.नं.३९६ को पत्र मिति २०७४।२।१ मा औषधी व्यवस्था विभागमा सोधी पठाएको पाइन्छ। सो पत्रको सम्बन्धमा औषधी व्यवस्था विभागबाट च.नं.३५२३ को पत्र मिति २०७४।२।२ मा भन्सार विभाग अनुगमन शाखामा जवाफ पठाएको पाइन्छ । सो पत्रको बेहोरा हेर्दा, प्राप्त नमुनाहरू Ancium-D3 (Each tablet contains: Calcium Carbonate 500mg, VitaminD3 250 IU र Folic Acid 1.5mg) तथा FERO-XT ( Each Tablet contains: Ferrous Ascorbate 100mg, Folic

Acid 1.5mg र Zinc Sulphate 7.5mg) उल्लेख भएकाले ती नमुनाहरू Pharmaceutical Dosages Form मा रही Therapeutic Dose र Strength मा समेत रहेकाले तथा सो सम्मिश्रण भएका Molecule हरू यस विभागमा औषधीकै रूपमा दर्ता रहेको हुनाले Food Supplement भित्र नपर्ने बेहोरा अनुरोध छ। साथै उक्त नमुनाहरूमा सो औषधीको मूल्यसमेत अंकित नभएकोले उपभोक्तासमेत ठगिन सक्ने बेहोराप्रति ध्यानाकर्षण गर्दछु भन्ने उल्लेख भएको पाइन्छ । यस पत्रको बेहोराबाट Ancium-D3 र FERO-XT मा औषधीयुक्त समिश्रण रहेको स्पष्ट देखिन आउने।

औषधी ऐन, २०३५ को दफा ५(२) र २५ द्वारा औषधी नियन्त्रण तथा पैठारीसम्बन्धी सम्पूर्ण अख्तियारी औषधी विभागलाई प्रदान गरेको देखिँदा रिट निवेदन दाबीबमोजिम विभागबाट Ancium-D3 र FERO-XT को पैठारीमा लगाइएको रोक कानूनसम्मत रहे नरहेको सम्बन्धमा विवेचना गर्दा, नेपाल सरकारको मिति २०४९।११।१८ को राजपत्र भाग-३ मा प्रकाशित सूचनालाई नै आधार मानी मिति २०७२।१।२३ मा औषधी व्यवस्था विभागले विभागीय निर्णय गरी मिति २०७२।०१।२४ मा राष्ट्रिय दैनिक समाचारपत्र कान्तिपुर र मिति २०७२।०१।२७ मा गोरखापत्रमा प्रतिबन्धित औषधी भनी सूचना प्रकाशित गरेको पाइन्छ । औषधी नियन्त्रणसम्बन्धी साधिकार निकाय औषधी व्यवस्था विभागबाट कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी औषधीको नियन्त्रणसम्बन्धी गरेको कार्यलाई गैरकानूनी भन्न मिल्ने पनि देखिन नआउने।

वस्तुतः Ancium-D3 र FERO-XT औषधीयुक्त सम्मिश्रणबाट निर्मित रहेको तथ्य औषधी विभागको पत्रले स्पष्ट पारेको देखियो । औषधी ऐन, २०३५ को दफा ५(२) बमोजिम औषधी नियमनसम्बन्धी सबै काम कारबाही औषधी विभागलाई अख्तियारी गरेको देखिन्छ। सोही ऐनको दफा २५ ले औषधी बिक्री वितरण निकासी पैठारी गर्न मनाही गर्नसक्ने गरी नेपाल सरकारले आदेश दिनसक्ने व्यवस्था रहेको छ । Ancium-D3 र FERO-XT औषधी वा Food Supplement भित्र पर्ने हो भन्ने प्रश्नमा आवश्यक प्रमाण बुझी रिट क्षेत्रबाट निष्कर्ष निकाल्न मिल्ने पनि देखिँदैन। मानव स्वास्थ्यसँग ज्यादै संवेदनशील औषधीसम्बन्धी विषयको नियमन कानूनले औषधी विभागलाई जिम्मेवारी दिएको देखिँदा औषधी विभागको पत्रसमेतको आधारबाट निवेदकको मागदाबी मनासिब देखिन आएन । अतः रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल मङसिर ३ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०४४१, अंश चलन, *सोमा सोरेन सतार वि. चुनु सोरेनसमेत*

पिताका नामको मोहियानी हक समान अंशियारमध्ये कुनै एक अंशियारका नाममा नामसारी गरी मिलापत्र गर्नका लागि दिएको मन्जुरीबाट अन्य समान अंशियारहरूले अंश पाइसकेको भनी अर्थ गर्न नमिल्ने।

विवादित जग्गा प्रतिवादी सोमा सोरेनको निजी आर्जनको सम्पत्ति रहेको भन्ने नदेखिएको, प्रतिवादीले बिक्री गरेको जग्गा यिनै वादी प्रतिवादीका पिता जेठो सतारको नाममा रहेको मोहियानी हकको जग्गा निज प्रतिवादीले आफ्नो नाममा नामसारी गरी बिक्री गरेको तथ्य पुष्टि हुन आएको अवस्थामा मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. अनुसार प्रतिवादीले बिक्री गरेको उक्त जग्गामा प्रत्यर्थी वादीहरूको समेत अंश हक लाग्ने नै देखिँदा उक्त विवादित जग्गामा वादीहरूको अंश हक लाग्न नसक्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः विवेचित आधार, कारणबाट पिताको हकबाटै मोही नामसारी हुँदै जग्गा छुट्याई प्रतिवादीले आफ्ना नाममा दर्ता गराई बिक्री गरेको जग्गाबाट कानूनबमोजिम वादीहरूले अंश लिन पाउने नै

देखिँदा वादी दाबी पुग्न नसक्ने गरी सुरू मोरङ जिल्ला अदालतले मिति २०६८।५।२८ मा गरेको फैसला उल्टी भई ७ भागको ५ भाग अंश हक कायम हुन्छ । अंशको हकको जग्गा बिक्री भइसकेको हुँदा यसै लगाउको लिखत बदर मुद्दाबाट लिखत बदर हुने भई ७ भागको ५ भाग लिखत बदर हुने ठहरेको र सोही सम्पत्तिबाहेक अन्य कुनै पनि सम्पत्ति नहुँदा यस मुद्दाबाट अंशको हक कायमसम्म हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ ५ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०७०-CI-०४४२, लिखत दर्ता बदर दर्ता कायम, *सोमा सोरेन सतारसमेत वि. चुनु सोरेनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०५११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रजियादेवी यादवसमेत*

कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सम्बन्धित अभियुक्तको बयान सरकारी वकिलसमक्ष गराउनु पर्ने हुन्छ । प्रहरीले तयार गरेको प्रतिवादीहरूको उल्लिखित कथित साबिती बेहोराको कागज कानूनी प्रक्रियाअनुसार भएको देखिँदैन । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९(१) को प्रावधानविपरीत सरकारी वकिल समक्ष नभएको प्रतिवादीहरूको कागजलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।

मृतक बालकका बाबु, बाजेलगायतका अदालतमा बकपत्र गर्ने सबैले प्रतिवादीहरू निर्दोष रहेको भनी बेहोरा लेखाएको पाइयो । यस अवस्थामा निजहरूको प्रहरी अनुसन्धानको सन्दर्भमा तयार भएका लिखतमा जनिएको बेहोरालाई प्रतिवादीहरू विरूद्ध प्रमाणमा ग्रहण गर्नु मनासिब देखिएन । घटना भएको देख्ने कुनै चश्मदिद गवाहसमेत रहेको देखिँदैन । मृतक शिवजी राय यादवको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य मिसिल प्रमाणबाट पुष्टि भए पनि यिनै प्रतिवादीहरूकै कर्तव्यबाट मृत्यु भएको हो भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । केवल शङ्काको अवस्थासम्म देखाइएको पाइयो । शङ्का र विश्वास प्रमाण होइनन् । वादी पक्षले शङ्कारहित तवरबाट अभियोग दाबी पुष्टि गर्न सक्नु पर्दछ । तर प्रस्तुत मुद्दामा वादी पक्षले अभियोग पुष्टि हुने गरी प्रमाणको भार वहन गरेको देखिन आएन । तसर्थ प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

अतः विवेचित आधार, कारणबाट प्रतिवादीहरूउपरको अभियोग मागदाबी पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादी लालोदेवी यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी रजियादेवी यादवलाई सोही महलको १७(३) नं. बमोजिम ६ महिना कैदको सजाय गरेको सुरू रौतहट जिल्ला अदालतको मिति २०७०।२।२१ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।२।६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१२९१, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. सन्जोक श्रेष्ठसमेत*

घटना विवरण कागज गरिदिने मानिस प्रमोद शर्माले बरामद लागु औषध प्रतिवादीहरूले सेवन गर्न तथा बिक्री वितरण कारोबार गर्ने उद्देश्यले साथमा ल्याएको हुनुपर्छ भनी घटना विवरण कागज गरी दिएको पाइन्छ । उक्त घटना विवरण कागजबाट निज प्रमोद

शर्माले बरामद लागु औषध बिक्री वितरणका लागि ल्याएको हुनसक्ने सम्भावनासम्म व्यक्त गरी कागज गरी दिएको देखियो । निजले बिक्री वितरणका लागि ल्याएको हो भनी यकिनसाथ भन्न सकेको पाइएन। सुरू अदालतबाट प्रस्तुत मुद्दाका प्रतिवेदक र घटना विवरण कागज गरी दिने मानिससमेतलाई बकपत्रका लागि उपस्थित गराउन पटकपटक आदेश भएको देखिन्छ । वादी पक्षबाट निजहरूलाई आदेशानुसार अदालतमा उपस्थित गराई आफ्नो अभियोग मागदाबी पुष्टि गराउन सकेको नपाइने।

सेवनकर्ताले समेत सेवन प्रयोजनका लागि लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँसम्म लैजाने अवस्था रहन्छ । यत्तिकै कुरालाई लिएर खरिद बिक्री, सञ्चय वा ओसारपसारको कसुर ठहर गर्नु मनासिब हुँदैन । खरिद बिक्री, सञ्चय, ओसारपसार वा बिक्री वितरणको कसुर कायम हुनका लागि नाफा खाने वा फाइदा लिने उद्देश्यले व्यापारिक प्रकृतिको कार्य वा व्यवहार गरेको देखिनु पर्दछ । त्यसप्रकारको अवस्था प्रस्तुत विवादका सन्दर्भमा देखिन आएन । यस अवस्थामा बिक्री वितरण, ओसारपसार, सञ्चयसमेतको कसुरमा प्रत्यर्थी प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः विवेचित आधार, कारणबाट यी प्रत्यर्थी प्रतिवादीहरूउपरको आरोपित कसुर पुष्टि हुन आएको नदेखिँदा सुरू बाँके जिल्ला अदालतको मिति २०७०।९।९ को फैसला केही उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरूलाई सेवनतर्फको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही १ वर्ष कैद र रू.१०,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७१।८।२२ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-१०२८, उत्प्रेषण, *ताला मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

आफ्ना ससुरा सुफल सतारको २०३३ सालमा, सुफल सतारकी श्रीमती मुन्नी हस्दाको २०४१ सालमा र सुफल सतारकै छोरा बेटका सतारको समेत वि.सं २०५०।१।२८ मा मृत्यु भइसकेको कुरा मिसिलबाट देखिएकोले सुफल सतारको एकासगोलकी बुहारी निवेदिका ताला मुर्मु सतारले आफ्ना ससुरा सुफल सतारले कमाई आएको जग्गामा मोहीयानी हक प्राप्त गर्न उक्त दफा २६ (१) अनुसार सक्षम व्यक्ति देखिने।

निवेदिकाले लिएको बसाइ सराइको प्रमाण पत्र हेर्दा निवेदिका मिति २०५१।१२।१० मा नै दर्वेशा गा.वि.स वडा नं. ४ बाट वडा नं. ९ सिसवनी जहदामा बसाई सरी गएको देखिन्छ । यसरी सुफल सतारको मृत्युपश्चात् निवेदिकाको परिवार २०५१ सालमा नै उक्त ठाउँबाट सिसवनी जहदामा बसाइ सरी गइसकेको देखिएकाले र सर्जमिनका व्यक्तिहरूले पनि अन्यत्रै बसाइ सरी गइसकेको भनी सकेको स्थितिमा निज मोही सुफल सतारको परिवार बसाई सरी कहाँ गएका हुन् भनी सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा बुझ्दै नबुझी निजको नाउँको म्याद सूचना पुनः सोही गा.वि.स.को अर्कै वडा नं.८ मा तामेल गरेको स्थितिबाट पनि २०५१।१२।१० मा दर्वेशा गा.वि.स. वडा नं. ४ बाट वडा नं. ९ सिसवनी जहदामा बसाई सरी गएकी निवेदिकाले वडा नं. ४ र वडा नं. ८ मा टाँस गरेको आफ्ना ससुरा सुफल सतारको नाउँको म्याद सूचनाका बारेमा बेखबर रही कुनै प्रतिवाद गर्ने मौका नै पाएको देखिएन । यसरी पटकपटक बेरीतपूर्वक म्याद तामेल भएको तथा सर्जमिन गर्ने आदेशको मिति नै खाली राखी गरिएको सर्जमिन मुचुल्कालाई आधार लिई मोही लगत

कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालय, मोरङको मिति २०६०।५।४ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तसमेतको विपरीत देखिने।

निवेदिका विलम्ब गरी अदालत प्रवेश गरेको भन्ने विपक्षीहरूको भनाइ छ सो सम्बन्धमा हेर्दा जग्गाधनी मनविराजी राजवंशीले मिति २०६०।१।१२ मा मोही लगत कट्टा गरिपाउँ भनी भूमिसुधार कार्यालय, मोरङमा दिएको निवेदनबमोजिम भूमिसुधार कार्यालय, मोरङबाट मोही लगतकट्टा हुने गरी मिति २०६०।५।४ मा भएको निर्णय निवेदिका ताला मुर्मु सतारले मिति २०६९।११।२३ मा भूमिसुधार कार्यालयबाट प्रतिलिपि उतार गरी लिएपश्चात् थाहा पाएको भन्ने कुरा मिसिल संलग्न ताला मुर्मु सतारले मोही लगत कट्टा सम्बन्धमा भएका निर्णयहरूको प्रतिलिपि उतार पाउँ भनी भूमिसुधार कार्यालय, मोरङमा पेस गरेको निवेदन पत्रबाट देखिन्छ । यी निवेदिकाले मिति २०६९।११।२३ मा भूमिसुधार कार्यालय, मोरङबाट मोही लगतकट्टा सम्बन्धमा भएको निर्णय सारी जानकारी पाएपश्चात् मिति २०६९।१२।१४ मा कानूनी उपचारका लागि यस अदालत, प्रवेश गरेको देखिन्छ। नक्कल सार्नुपूर्व निवेदिकालाई भूमिसुधार कार्यालय, मोरङबाट मोही लगतकट्टा हुने गरी मिति २०६०।५।४ मा भएको निर्णयको बारेमा जानकारी थियो भन्ने जिकिर विपक्षीहरूबाट आउन नसकेको स्थितिमा निवेदिकाले विलम्ब गरी अदालत, प्रवेश गरेको भन्ने विपक्षीहरूको तर्कसँग सहमत हुन नसकिने।

भूमिसम्बन्धी ऐन, २०२१ को विद्यमान कानूनी व्यवस्थाअनुसार दर्तावाला मोहीले आफूले जोत भोग गरी आएको जग्गाको आधा हिस्सा छुट्याई लिन पाउने व्यवस्था रहेको, मोही सुफल सतार दर्तावाल मोही रहेको भन्ने कुरा पुष्टि भई सो विषयमा कुनै विवाद नरहेको, निजको मृत्युपश्चात् निवेदिका बुहारी ताला मुर्मु सतार कानूनअनुसारको हकदार भई निजको नाउँमा मोही हक नामसारी हुन सक्ने अवस्थामा प्राकृतिक न्यायको सिद्धान्तविपरीत बेरीतपूर्वक मोहीको नाउँमा बेपत्ते म्याद तामेल गरी, गराई निवेदिकालाई प्रतिवाद गर्ने मौका नै नदिई एकपक्षीय रूपमा कारबाही उठाई मोही सुफल सतारको मोही लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, मोरङबाट मिति २०६०।५।४ मा भएको निर्णय दूषित प्रकृतिको देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। साथै मिति २०६०।५।४ को भूमिसुधार कार्यालय, मोरङको निर्णय उत्प्रेषणको आदेशबाट बदर भएपश्चात् सो मितिको निर्णयले मोही लगत कट्टा भई उक्त जग्गा तहगत रूपमा विभिन्न व्यक्तिहरूका नाउँमा नामसारी दा.खा. भएको भए पनि मूल निर्णय बदर भएको अवस्थामा सो निर्णयपश्चात् भएका दा.खा. दर्ताको कारण मोहियानी हक प्रभावित हुने नदेखिने।

अतः जग्गाधनी मनविराजी राजवंशी र मोही सुफल सतार नाउँ भएका जिल्ला मोरङ दर्वेशा गा.वि.स वडा नं. ४(ख) कि.नं. १३४ र ऐ. गा.वि.स. वडा नं. ४(ङ) साबिक कि.नं. २५ (हालको कि.नं. ७६) का जग्गाबाट मोही सुफल सतारले कानूनबमोजिम नै मोहियानी हक प्राप्त गर्ने नै हुँदा यी रिट निवेदक ताला मुर्मु सतारका स्व. ससुरा सुफल सतारकै नाउँमा पूर्ववत् मोही लगत कायम गरी कानूनबमोजिम गर्नु भनी विपक्षीहरूमध्येका भूमिसुधार कार्यालय, मोरङ र मालपोत कार्यालय, मोरङका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल फागुन ९ गते रोज ५ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिका फैसला भएका छन्:

- ०६९-WO-१०२९, उत्प्रेषण, *ताला मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत*
- ०६९-WO-१०३०, उत्प्रेषण, *ताला मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत*
- ०६९-WO-१०३१, उत्प्रेषण, *ताला मुर्मु सतार वि. भूमिसुधार कार्यालय, मोरङसमेत*

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०६८३, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *मनैया थारूसमेत वि.*

*मानबहादुर कामी*

सुरू जिल्ला अदालतबाट खटिएको नक्सा सरजमिन डोरले स्थलगत रूपमा नाप जाँच गरी मिति २०७०।२।१७ मा खडा गरेको नाप नक्सा मुचुल्कामा प्रतिवादीहरूको वारेस संगिता रेग्मी रोहबरमा बसी सहीछाप गरेको देखिन्छ । उक्त नाप नक्सा मुचुल्कामा पुनरावेदक प्रतिवादीहरूले जिकिर लिए जस्तो कुनै त्रुटि रहे भएको भए सो नाप नक्सा मुचुल्का बदरतर्फ सुरू तहमा नै उजुर गरी बदर गराउन सक्नु पर्नेमा सो गरेको गरेको अवस्था छैन । त्यस्तै, सुरू अदालतबाट खटिएको डोरबाट भएको नक्सा मुचुल्कामा रहेको नक्सालाई सर्भे नापीको नक्सासँग भिडाई हेर्दा नक्साको आकृतिसमेत मिलेको देखिन्छ र प्रतिवादीको कि.नं.१७१ को जग्गाको वादीको जग्गातर्फको सिमानामा सिधा रेखाभन्दा पश्चिममा विवादित जग्गा देखाइएको पाइने ।

वादीको कि.नं.२६३ र २७१ को खिचोला गरिएको भनी दाबी रहेको अर्थात् विवादित जग्गाको भागतर्फ जोडिएको प्रतिवादीको कि.नं.१७१ को नाप नक्सा हुँदा प्रतिवादीको जग्गाको नक्साअनुसारको क्षेत्रफल पुगेको देखिन्छ भने वादीको कि.नं.२६३ को ०-३-० मध्ये ०-०-२१/२ र कि.नं.२७१ को ०-७-० मध्ये ०-०-१२ क्षेत्रफल जग्गा पुगेको देखिँदैन । वादीको नक्साअनुसारको उक्त क्षेत्रफल जग्गा न.नं.२ र न.नं.४ मा देखिई प्रतिवादीहरूको भोग चलनमा रहेको भन्ने नाप नक्सा मुचुल्काबाट स्पष्ट रूपमा देखिन आएको छ । अत: वादीको कि.नं.२६३ बाट नाप नक्सा मुचुल्काको नक्सा नं.२ मा उल्लेख भएबमोजिम ०-०-२१/२ र कि.नं.२७१ बाट नाप नक्सा मुचुल्काको नक्सा नं. ४ मा उल्लेख भएबमोजिम ०-०-१२ गरी जम्मा ०-०-१४१/२ क्षेत्रफल जग्गा प्रतिवादीहरूले खिचोला गरेको स-प्रमाण पुष्टि हुन आउने ।

तसर्थ, विवेचित आधार र कारणबाट वादीको कि.नं.२६३ बाट ०-०-२१/२ र कि.नं.२७१ बाट ०-०-१२ गरी जम्मा ०-०-१४१/२ क्षेत्रफल जग्गा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई प्रतिवादीहरूलाई मुलुकी ऐन जग्गा मिच्नेको महलको १४ नं. बमोजिम जरिवानासमेत गर्ने गरी सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०७०।३।५ मा भएको फैसलाको वादीको उल्लिखित जग्गा प्रतिवादीहरूले खिचोला गरेको हदसम्म सुरू फैसला सदर गरी कोर्ट फी ऐन, २०१७ को दफा ९ बमोजिम कोर्ट फी राखी दायर भएको मुद्दामा जरिवाना छुट हुने कानूनी व्यवस्था भएकाले जग्गा मिच्नेको १४ नं. बमोजिम प्रतिवादीहरूलाई जरिवाना गर्ने गरेको हदसम्म सुरू अदालतको फैसला उल्टी हुने ठहर गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७१।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल साउन २३ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७१-CI-०६८४, जग्गा खिचोला मेटाई चलन चलाई पाऊँ, *मनैया थारूसमेत वि. सुशीलादेवी शर्मा* भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-CI-०८२६, निर्णय दर्ता बदर हक कायम, *शेरबहादुर महर्जन वि. बद्रीप्रसाद घिमिरेसमेत*

२०२१ सालमा सर्वे नापी भई दर्ता बाँकी रहेका कि.नं. ५९,११० र १११ का जग्गाहरू दर्ता गरिपाउँ भनी मिति २०५९।९।१९ मा बद्रीप्रसाद घिमिरे र केदारनाथ घिमिरेले मालपोत कार्यालय, ललितपुरमा संयुक्त निवेदन दिएपश्चात् मालपोत कार्यालयले सो निवेदनमा उल्लिखित जग्गाहरूको लगत भिडाई हेरी मिति २०६०।५।६ मा गोरखापत्रमा हकदाबीसम्बन्धी ३५ दिने सूचनासमेत प्रकाशन गरी सोउपर कसैको दाबी उजुर नपरेपछि मोहीसमेत बुझ्दा सर्जमिनमा मोहीहरूले जग्गा यिनै जग्गाधनीको हो भनेको र सर्जमिनसमेतका सम्पूर्ण कार्यहरू सम्पन्न भएपश्चात् मात्र मिति २०६०।८।१५ मा छुट जग्गा दर्ता समितिमा पेस गर्ने गरी टिप्पणीसमेत

उठाई समितिमा पेस भएको देखिन्छ । उक्त समितिबाट मिति २०६०।८।१८ मा "यसमा मिसिल संलग्न साबिक लगत भिडी देखिएका हकदारको मन्जुरी भएको, नामसारी दर्ताको लागि सिफारिस पेस भएको, साबिक दर्तावाला र निवेदकबीच नाता खुलेको, सूचना प्रकाशित भई दाबी परेको नदेखिएको, निवेदककै हक भोगको आवादी रैकर जग्गा भन्ने स्थलगत सर्जमिन मुचुल्का पेस भएको, दर्ता बाँकी पुर्जा तथा ०३६ सालसम्म तिरो तिरेको रसिदसमेत पेस भए गरेको आधारमा नामसारी दर्ता माग भएको उल्लिखित धापाखेल ४(ख) ५९, ११० र १११ का तीन कित्ता जग्गा निवेदक बद्रिप्रसाद घिमिरे र केदारनाथ घिमिरेका नाउँमा संयुक्त नामसारी दर्ताका लागि सिफारिस गरियो ।" भनी निर्णय भएको र सोही निर्णयका आधारमा मालपोत कार्यालय, ललितपुरबाट सोही मिति २०६०।८।१८ मा नै प्रतिवादीहरू बद्रीप्रसाद घिमिरे र केदारनाथ घिमिरेका नाउँमा जग्गा दर्ता भएको देखियो। यसरी मालपोत कार्यालयबाट कानूनबमोजिमको प्रक्रिया पूरा गरी छुट जग्गा दर्ता गरेको नै देखिँदा उक्त मालपोत कार्यालय ललितपुरको मिति २०६०।८।१८ को निर्णयलाई पनि अन्यथा भन्न नमिल्ने।

जग्गाको हक कायमसम्बन्धी विवादमा भोग महत्त्वपूर्ण हुन्छ । वादी, प्रतिवादी र मोहीहरू एकै गाउँ ठाउँका देखिँदा र जग्गाको हक कायमसम्बन्धी विवादमा भोग महत्त्वपूर्ण कुरा हुन्छ । वादी मोहीसमेतको भनाइबाट पनि उक्त विवादित जग्गामा यी प्रतिवादीहरूको चीरभोग निरन्तर र अखण्डित देखिँदा प्रतिवादीहरूकै प्रमाण मजबुत देखिन आएको पाइने।

२०२१ सालमा नापी हुँदा पुनरावेदका बाबु काशिलाल जीवितै रहेको भए पनि नापीका सम्बन्धमा कुनै कुरा नउठाएको, छुट जग्गा दर्ता गरिपाउँ भनी प्रतिवादीहरू बद्रिप्रसाद घिमिरे र केदारनाथ घिमिरेले मालपोत कार्यालयमा मिति २०५९।९।१९ मा निवेदन दिएपश्चात् मालपोत कार्यालयले विभिन्न कानूनी प्रक्रियाहरू पूरा गरी छुट जग्गा यी प्रतिवादीहरूको नाउँमा संयुक्त दर्ता गरिदिएको विषयमा पुनरावेदक वादीले पनि कुनै उजुर वाजुर नगरी बसेको देखिने।

अतः उल्लिखित आधार कारणहरूसमेतका आधारमा सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गरी कानूनबमोजिम नै प्रतिवादीहरू बद्रीप्रसाद घिमिरे र केदारनाथ घिमिरेको नाउँमा संयुक्त दर्ता गरिदिने भनी भएको मालपोत कार्यालय, ललितपुरको जग्गा दर्ता समितिको मिति २०६०।८।१८ को निर्णय र सोही मितिमा प्रतिवादीहरूका नाउँमा जग्गा दर्ता गरिदिने गरी भएको मालपोत कार्यालय, ललितपुरको कार्यसमेत कानूनबमोजिमको भनी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको मिति २०६४।२।२३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६४।११।२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसारको फैसला भएका छन्:

- ०६६-CI-०८२७, लिखत बदर, *शेरबहादुर महर्जन वि. बद्रीप्रसाद घिमिरेसमेत*
- ०६६-CI-०८२८, लिखत बदर, *शेरबहादुर महर्जन वि. बद्रीप्रसाद घिमिरेसमेत*

**इजलास नं. १३**

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-१७१३, पर्खाल भत्काई खिचोला चलन, *बदरे आलम मुसलमान वि. रामचरण चमार*

आफूले घरवास प्रयोजनले भोग चलन गर्दै आएको गोठ घारीको दक्षिणतर्फबाट उत्तर दक्षिण ५४ फुट, पूर्व पश्चिम १०.६ फुट जग्गाको हुने क्षेत्रफल ज.वि.०-०-३ धुर जग्गा प्रतिवादीले खिचोला गरेको भन्ने वादीको

मुख्य दाबी पनि रहेको पाइयो । प्रतिवादीको जग्गा वादीले भोग चलन गरेको जग्गाभन्दा दक्षिणतर्फ भएकोमा सोको क्षेत्रफल जग्गाधनी दर्ता स्रेस्तामा ०-५-० ज.वि. भएको देखियो । सुरू अदालतबाट भएको नक्सा हेर्दा न.नं.६ को जग्गा वादीको जग्गातर्फको पूर्व पश्चिम सिमाना समानान्तर देखिन्छ भने ब्लुप्रिन्ट र नक्सा ट्रेसमा वादी प्रतिवादीको जग्गाको सिमाना समानान्तर नदेखिई प्रतिवादीको केही जग्गा उत्तरतर्फ (वादीको तर्फ) घुसेको देखिन्छ । विवादित न.नं.४ र ५ को जग्गा प्रतिवादीको मान्दा नक्सा प्रकृति एक आपसमा मेल खाएको जस्तो देखिन्छ । वादी दाबी जग्गाको दर्ता स्रेस्ता प्रमाण पुर्जा नभएको र निजको भोग कति हो भनी यकिन हुने कुनै आधिकारिक कागज वादीले पेस गर्न नसकेको अवस्थामा नक्सा मुचुल्कामा साक्षी बस्ने केही मानिसहरूको भनाइलाई आधार लिई विवादित जग्गा वादीको भनी फैसला गरेकोसमेत पाइयो । उक्त मुचुल्कामा विवादित जग्गा बाबु बाजेकै पालादेखि प्रतिवादीको भोगचलनमा छ भनी लेखाई दिने रूवलप्रसाद यादवलगायतका अधिकांश मानिसहरूको बेहोरालाई प्रमाणको रोहमा ग्रहण गरेकोसमेत नपाइने ।

प्रतिवादीले आफ्नो जग्गा टायल चेक गरिपाउँ भनी मिति २०७०।२।१४ मा मालपोत कार्यालयमा निवेदन दिएकोमा टायल चेक गर्दा निजको जग्गा स्रेस्तामा देखिएभन्दा बढी ०-५-८ कायम भएको र कायम भएको जग्गाले सार्वजनिक ऐलानी कसैलाई कुनै असर पर्दैन भनी नापी कार्यालयबाट प्राप्त च.नं. २४१६ मिति २०७०।२।१९ को पत्रबाट मालपोत कार्यालयमा लेखी आएबमोजिम मालपोत कार्यालयको टिप्पणी सदर भई प्रतिवादीको जग्गा ०-५-८ ज.वि. कायम भएको देखिन आउँछ । नक्सा विवरणमा कि.नं.९६४ को न.नं.६ जग्गाको क्षेत्रफल ०-५-४ ज.वि. देखिएकोमा न.नं. ४ र ५ को क्रमशः क्षेत्रफल ०.९२ र ०.८९ दुवैको क्षेत्रफल जोड्दा ३.९७ कनुवा अर्थात् करिब १(धुर) मात्र देखिन्छ । टायाल चेकबाट कि.नं. ९६४ को जग्गाको कुल क्षेत्रफल ०-५-८ देखिएकोमा न.नं. ६ मा नक्सा मुचुल्काबाट भएको क्षेत्रफल ०-५-४ मात्र देखियो, साथै वादीले भोगचलन गरेको भनेको न.नं. ३,३(१) र ३(२) को क्षेत्रफल ज.वि.०-०-१६१/४ रहेको पाइयो । यस अदालतबाट प्रतिवादीको दोहोर्‍याई पाउँ भन्ने निवेदनमा मुद्दा दोहोर्‍याई निस्सा प्रदान हुँदा मिति २०७०।२।१६ को ट्रायल चेकबाट प्रतिवादीको जग्गा ०-५-८ देखिएको भन्ने आधार लिइएका सम्बन्धमा वादी प्रत्यर्थीले उक्त ट्रायल चेक सम्बन्धमा कुनै प्रश्न उठाएको वा त्यसलाई अन्यथा भन्न सकेको नदेखिने ।

आफ्नो हक भोगको जग्गा घटेको अवस्था देखाई फिराद गरेको अवस्था यहाँ देखिएको छैन । मिति २०६९।३।२ मा रूख काटिएको र सोही दिन जग खनी इँट्टाको जोडाइ पनि गरी पर्खाल लगाएको भन्ने प्रकृतिको फिराद दाबी रहेकोमा सो रूख र पर्खाल यी वादीको हो भन्ने तथ्य स्वतन्त्र प्रमाण वा आधिकारिक लिखतबाट प्रमाणित गर्न सकेको देखिएन । प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार वादी दाबी प्रमाणित गर्ने भार निजकै हुनेमा आफ्नो जग्गा के कति हो, के कति जग्गा कुन बेहोराले प्रतिवादीले खिचोला गरेका हुन् भनी स्पष्ट भन्न सकेको पाइएन । आफ्नो जग्गाको भोग चलनको आधिकारिक लिखत तथा त्यस्तो भोगचलनको क्षेत्रफलको प्रमाणसमेत वादीले पेस गर्न सकेको पनि देखिएन । कुनै वस्तुनिष्ठ प्रमाणको विद्यमानता नभएको यस अवस्थामा न.नं. ४ र ५ को जग्गा प्रतिवादीले खिचोला गरेको ठहर्‍याई सुरू र पुनरावेदन अदालतसमेतबाट भएको फैसला कानून र न्यायको रोहमा मिलेको देखिन नआउने ।

अतः उल्लिखित तथ्य, प्रमाण र आधारबाट वादीले आफ्नो दाबीको जग्गा कति हो भन्ने प्रमाण पुर्‍याउन नसकेको र निजको नाममा दर्ता स्रेस्ता प्रमाण पुर्जासमेत नभएको अवस्थामा प्रतिवादीको जग्गा बढेको भन्नेसम्मको आधार लिई नक्सा आदेश भइसकेपछि मात्र ट्रायल चेक भएको भन्ने कारणबाट मात्र वादी दाबी पुग्ने गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७२-CR-१८२४, लुटपिट, *दुखराम चमारसमेत वि. रामचरण चमारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०५२५, लेनदेन, *अर्जुनकुमार थापा वि. भविश्वर गुरूङ*

अश्रु पोलिक्लिनिक एन्ड रिसर्च सेन्टर प्रा. लि. तनहुँ दमौली को लेटर प्याडमा "भविश्वर गुरूङबाट व्यापार विस्तारको लागि ६ महिनाको म्यादमा नगद रू.४,५०,०००।– (चार लाख पचास हजार) रूपैयाँ लिने दिने गरियो। तुरून्त चाहिएमा चल अचल सम्पत्तिबाट फिर्ता गर्ने राजीखुसीमा कागज लेखी साहुलाई दिए" भनी अर्जुनकुमार थापाले २०६६।६।५ को मिति राखी लेखात्मक सही गरेको देखिन्छ। वादी भविश्वर गुरूङबाट यी पुनरावेदक प्रतिवादीले रू.४,५०,०००।– (चार लाख पचास हजार) ६ महिनाभित्र बुझाउने भाखा गरी रकम बुझी आफ्नै हातले अश्रु पोली क्लिनिक प्रा.लि.का नाउँको लेटर प्याडमा कपाली तमसुकसरहको भरपाई कागज गरी दिनुभएकोमा भाखाभित्र रकम नबुझाएकोले रकम दिलाई पाउँ भनी लेनदेन व्यवहारको २ नं. समेतका आधारमा फिराद दायर गरेको पाइयो। प्रतिवादीले सुरू अदालतसमक्ष दाबीको लिखत सम्बन्धमा मुलुकी ऐन, अ.बं.७८ नं. बमोजिम सद्दे किर्तेतर्फ सनाखत गरी दाबीको कागजमा भएको सहिछापबारे बयान गर्न सक्नुपर्नेमा सुरू अदालतबाट जारी भएको इतलायनामा म्याद गुजारी बसेको देखियो। यस्तो अवस्थामा दाबीको कागज सही सद्दे होइन भनी अनुमान गर्न नसकिने।

प्रतिवादीले मैले विपक्षीबाट कर्जा लिएको भए दायाँ बायाँ ल्याप्चे, साक्षीको सहीछाप हुनुपर्छ भन्ने जिकिर लिएपनि यी पुनरावेदकले आफ्नो भनाइ मौकामा नै सुरू अदालतबाट सुनुवाइको मौका प्रदान हुँदा वादी दाबी खण्डन गर्नुपर्नेमा प्रतिउत्तर नै नफिराई सुरू म्याद गुजारी बसेबाट हाल आएर कर्जा लिएको होइन भन्ने प्रतिवादीको पुनरावेदन भनाई विश्वासयोग्य नदेखिने।

मुलुकी ऐन, कागज जाँचको महलको २ नं. ले "सहीछापै नपरेको भए पनि सहिछाप गर्नुपर्ने मुख्य कारणीले आफ्नो हस्ताक्षरले लेखेको लिखत भए जुनसुकै मितिको भएपनि सो कागजबाट नालिस सुनी इन्साफ गरिदिनुपर्छ" भन्ने कानून व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा दाबीको लेटर प्याडमा भएको लेखाइ र सही यी पुनरावेदक प्रतिवादीको हो भनी वादीले दाबी लिएको र सो कुरालाई मौकामा नै प्रतिवादीले खण्डन गर्न नसकेको अवस्थामा बेरीतको कागजलाई दायित्व स्वीकार गरेको भनी अर्थ लगाई पुनरावेदन अदालत, पोखराबाट भएको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः फिराद दाबीबमोजिम साँवा रू.४,५०,०००।– (चार लाख पचास हजार) वादीले प्रतिवादीबाट भरी पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत, पोखराको मिति २०७१।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०७०-CI-०४८७, अंश, *श्यामबालिका कुर्मी वि. चन्द्रशेखर कुर्मीसमेत*

वादीका पति घरमा नभएको अवस्थामा मिति २०५८।६।२१ मा अंश भरपाई लिखत पारित गरी अन्य प्रतिवादीहरूमध्येका ३ जना अंशियारले आफ्नो अंशभाग बुझी लिई आफ्नो हाँगामा अंशबन्डासमेत गरी लिनुदिनु गरेको र वादी स्वयम्ले पनि आफ्नो जिम्माको सम्पत्ति बैङ्कमा धितो राखी ट्रयाक्टर खरिद गरी कारोबार गरेको भन्ने तथ्य मिसिलबाट देखिन आउने।

२०५८ सालमा पिता राममिलनबाट छोराहरू चन्द्रशेखर कुर्मी, बमबहादुर कुर्मी र दरोगा कुर्मीले अंश भरपाई पारित गरी निजहरूले अंश उपभोग

गरिसकेको अवस्थामा वादीले २०६७ सालमा आएर मात्र उक्त लिखतलाई चुनौती दिई अंशको दाबी गरेको अवस्थासमेत प्रस्तुत मुद्दामा एउटा विचारणीय पक्षको रूपमा रहेको देखिन्छ । २०५८ सालमा अंश भरपाई गर्दा वादीका पति फुलचन्द्रलाई अंश भरपाई लिखतमा उल्लेख गरेको, वादीका पतिको अंशभाग पिता राममिलन जिम्मा रहेको भन्ने कुरा प्रतिउत्तरबाटै खुल्न आएको हुँदा वादीको पतिलाई अंश हकबाट वञ्चित गरेको भन्ने वादीको जिकिरसँग सहमत हुने अवस्था नरहने।

प्रतिवादी राममिलन कुर्मीले अंश भरपाइपश्चात् आफ्नो जिम्माको सम्पत्तिमध्येबाट केही सम्पत्ति अन्य व्यक्तिमा हक हस्तान्तरण गरिसकेको भन्ने देखिएको र अंश भरपाई गरी अंश लिनुदिनु गर्दासमेत अन्य अंशियारहरूबीच केही घटीबढी गरी लिएदिएको देखिँदा अंश भरपाईबाट न्यायको रोहमा सबैभन्दा बढी अंश पाउने प्रतिवादीमध्येका बमबहादुर कुर्मीले पाएको ज.वि.६-११-०१ बराबरको सम्पत्ति वादीले पाउने ठहर गरी वादी श्यामबालिका कुर्मीको जिम्मामा रहेको तायदाती फाँटवारीमा उल्लिखित ज.वि.२-१७-३१/२ लाई वादीकै कायम गरी नपुग ज.वि.३-१३-१७१/२ प्रतिवादी राममिलन कुर्मीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट नरम गरम मिलाई वादीले अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।३ को फैसला न्यायसम्मत भई फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१७९७, अंशबन्डा दर्ता बदर दर्ता कायम, *श्यामबालिका कुर्मी वि. चन्द्रशेखर कुर्मीसमेत*
- ०७३-CI-१७९८, अंश भरपाई दर्ता बदर दर्ता कायम, *श्यामबालिका कुर्मी वि. चन्द्रशेखर कुर्मीसमेत*

## एकल इजलास

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७४-WO-०८२९, उत्प्रेषण, *अधिवक्ता सन्तोष भण्डारी वि. संवैधानिक परिषद्समेत*

संविधानको धारा २८४ मा प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न निम्नबमोजिम रहने गरी एक संवैधानिक परिषद्को व्यवस्था गरिएको छः-

"(१) यस संविधानबमोजिम प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न देहायबमोजिमका अध्यक्ष र सदस्य रहेको एक संवैधानिक परिषद् रहनेछ।

क) प्रधानमन्त्री – अध्यक्ष

ख) प्रधानन्यायाधीश – सदस्य

(ग) प्रतिनिधि सभाको सभामुख – सदस्य

(घ) राष्ट्रिय सभाको अध्यक्ष – सदस्य

(ङ) प्रतिनिधि सभाको विपक्षी दलको नेता– सदस्य

(च) प्रतिनिधि सभाको उपसभामुख – सदस्य

(२) प्रधानन्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रूपमा रहने।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ। तर मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ" भन्ने संवैधानिक व्यवस्था रहेको देखिने।

नेपालको संविधानको धारा २८४ को उपधारा (३) को "तर" भन्ने वाक्यांशमा मृत्यु भई वा राजीनामा दिई त्यस्तो पद रिक्त भएको अवस्थामा रिक्त भएको

मितिले एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। एक महिनाभित्र पदपूर्ति हुने गरी नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था रहेकोमा त्यस्तो नियुक्तिको सिफारिस गर्नका लागि सर्वोच्च अदालतमा ३ वर्ष न्यायाधीशको रूपमा काम गरेको हुनुपर्ने साथै संवैधानिक परिषद् पूर्ण हुनुपर्ने र सुनुवाइको निम्ति संसदीय सुनुवाइ समिति हुनुपर्ने अनिवार्य व्यवस्था संविधानले गरेको पाइने।

नेपाल संघीयतामा प्रवेश गर्दै गरेको, नयाँ संविधान लागू भएको तथा संविधानबमोजिम अन्य थुप्रै ऐन, कानूनहरू बन्न बाँकी रहेको अवस्था विद्यमान छ। संविधानमा नै संसदीय सुनुवाइ प्रयोजनका लागि संघीय संसद्का दुवै सदनका सदस्यहरू रहने गरी संघीय कानूनबमोजिम पन्ध्र सदस्यीय एक संयुक्त संसदीय समिति गठन गरिनेछ भन्ने व्यवस्था रहेकोमा हाल संसदीय समिति गठन भई नसकेको अवस्था छ। हाल संसदीय सुनुवाइ समिति गठन भई नसकेको अवस्थामा आएको प्रस्तुत निवेदन Pre-mature रहेकोले निवेदन मागबमोजिम आदेश जारी नगर्दा निवेदकलाई अन्यथा गम्भीर अन्याय पर्ने अवस्थासमेत देखिएन। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४५(२) को देहाय (ग) बमोजिम निवेदकले उल्लेख गरेबमोजिम संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नुपर्ने देखिएमा विपक्षीहरूबाट लिखित जवाफ लिनु पर्ने हुन्छ। तर प्रस्तुत प्रसङ्गमा त्यसप्रकारको अवस्था विद्यमान रहेको देखिन आएन। अतः यसमा विपक्षीहरूबाट लिखित जवाफ लिइरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल जेठ २४ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७४-WO-०८७४, परमादेश, *अधिवक्ता सन्तोष भण्डारी वि. संवैधानिक परिषद्समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**